# भौतिक योजना तथा निर्माण मन्त्रालय
## वार्षिक प्रगति प्रतिवेदन
आ.ब. २०६६/०६७

www.moppw.gov.np

## आवरण तस्वीर

भौतिक योजना तथा निर्माण मन्त्रालयको भवन

नेपाल सरकार

मा. टोपबहादुर रायमाझी
मन्त्री
भौतिक योजना तथा निर्माण

फोन नं. { ४२११६७० (कार्यालय)
५५२३४४८ (निवास)

फ्याक्स नं.: ९७७–१–४२११७२०

**निजी सचिवालय**
सिंहदरबार, काठमाडौं
नेपाल।

पत्रसंख्या:
च.नं.:
प्राप्त पत्रसंख्या र मिति:



# मन्तव्य

भौतिक योजना तथा निर्माण मन्त्रालयको बार्षिक प्रगति प्रतिवेदन २०६६ । ६७ प्रकाशित हुन लागेकोमा मलाई घरै खुशी लागेको छ ।

देशको भौतिक विकासको मेरुदण्डको रुपमा स्थापित यस मन्त्रालय अन्तर्गतका सडक, खानेपानी तथा शहरी विकास तथा भवन निर्माणसँग सम्बन्धित विषयको जानकारी एउटै पुस्तिकामा मार्फत सम्बन्धित सरकारी निकाय एवं सम्वद्ध पक्षले पाउन सक्ने छन् । प्रकाशनले यस मन्त्रालयबाट सम्पादन गरिएका क्रियाकलापलाई अधिकतम रुपमा समेट्ने छ र यो पूर्वाधार विकास निर्माणमा सम्लग्न सवै निकायका साथै यस विषयमा चासो राख्ने आम नागरिकलाई उपयोगी हुनेछ भन्ने लागेको छ ।

अन्त्यमा ढिलै भएपनि यस प्रतिवेदन तयारी एवं प्रकाशन गर्ने कार्यमा प्रत्यक्ष र परोक्षरुपमा संलग्न सम्पूर्ण राष्ट्रसेवक मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । साथै प्रगति विवरणहरु समयमै प्रकाशन गर्ने तर्फ सम्वद्ध पक्षको ध्यानाकर्षण गराउँदै आगामी अङ्कको प्रकाशन समयमै हुनेछ भन्ने विश्वास लिएको छु ।

टोपबहादुर रायमाझी
मन्त्री
भौतिक योजना तथा निर्माण मन्त्रालय

२०६८ साउन

नेपाल सरकार

मा. देवी खड्का
राज्यमन्त्री
भौतिक योजना तथा निर्माण

फोन नं.: ४२११५६४
फ्याक्स नं.: ९७७-१-४२११७२०

स्वकीय सचिवालय
सिंहदरबार, काठमाडौं
नेपाल।

पत्रसंख्या:
च.नं.:
प्राप्त पत्रसंख्या र मिति:

विषय:



## शुभकामना

भौतिक योजना तथा निर्माण मन्त्रालयको विगत वर्षहरुमा जस्तै यस बर्ष पनि बार्षिक प्रगति प्रतिवेदन २०६६/६७ प्रकाशित हुन लागेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

विकासका अत्यावश्यक भौतिक पूर्वाधारहरु सडक यातायात, खानेपानी तथा सरसफाइ एवं आवास तथा शहरी विकाससँग सम्बन्धित विकास निर्माणका कार्यहरु र त्यसमा भएका प्रगति विवरण एवं अप्ठ्याराहरु जनमानस समक्ष यसरी पुस्तिकाको रुपमा उपलब्ध हुनु निश्चय नै खुशीको कुरा हो । यसरी हामीहरुले गरेको विकास निर्माणका कार्यहरुलाई पारदर्शी रुपमा प्रस्तुत गरेर सम्बन्धित सबैको राय, सुझाव, सल्लाह प्राप्त गर्न सकेको खण्डमा हाम्रा विकास योजनाहरु अझै जनमुखी हुन सक्नेछन् ।

अन्त्यमा यस बार्षिक प्रतिवेदन तयारी एवं प्रकाशन गर्ने कार्यमा संलग्न सबै कर्मचारीहरु प्रति हार्दिक धन्यवादका साथै बधाई दिन चाहन्छु । साथै यस किसिमको बार्षिक प्रगति विवरणको आगामी वर्षहरुमा समेत निरन्तर प्रकाशनको कामना गर्दै यस संस्करणले आफ्नो उद्देश्यमा निकै सफलता प्राप्त गर्न सकोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

देवी खड्का
राज्यमन्त्री
भौतिक योजना तथा निर्माण मन्त्रालय

२०६८ साउन

नेपाल सरकार
# भौतिक योजना तथा निर्माण मन्त्रालय
फोन नं.: ४२११८८० ४२११९३१ ४२११६५५
फ्याक्स नं.: ४२११७२०
सिंहदरबार, काठमाडौं
नेपाल।

पत्रसंख्या:
च.नं.:



## शुभकामना

भौतिक योजना तथा निर्माण मन्त्रालयद्वारा मातहतका निकायहरु बाट आ.व. ०६६।६७ मा सम्पादित कार्यहरुको बार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई धैरे खुशी लागेको छ ।

यस मन्त्रालयले सडक, खानेपानी तथा सरसफाइ, शहरी विकास र भवन निर्माण एवं रेलवे जस्ता विकासका महत्वपूर्ण पूर्वाधार निर्माणका क्षेत्रमा हासिल गरेको उपलब्धी बारे सेवाग्राहीलाई सुसुचित गरिनु अत्यावश्यक कार्य हो । पारदर्शिता र जनताको थाहा पाउने हक समेतको प्रत्याभूति हुने यस कार्यद्वारा मन्त्रालयको नेतृत्वमा सम्पन्न पूर्वाधार विकासको जानकारीको साथै यस मन्त्रालय र अन्तर्गतका निकायहरुको संक्षिप्त परिचय समेत प्रस्तुत गरिएको छ । सरकारी निकायहरु विच एक अर्काले गरेको कामहरुको जानकारी उपलब्ध गराउने तथा पारदर्शिताको माध्यमबाट सुशासन र सूचनाको हकको प्रत्याभूति समेत गराउने यसको प्रमुख उद्देश्य हो । यस प्रगति प्रतिवेदनका माध्यमबाट सेवाग्राहीलाई कुन–कुन निकायबाट के कस्तो सेवा उपलब्ध हुन्छ भन्ने कुराको जानकारी समेत हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, मन्त्रालय अन्तर्गत सञ्चालन गरिएका आयोजनाहरुको सफल कार्यान्वयनमा संलग्न कर्मचारीहरु एवं यो प्रगति प्रतिवेदन तयार गर्ने र प्रकाशित गर्ने कार्यमा संलग्न अन्य सम्पूर्ण कर्मचारीहरुलाई बधाई तथा धन्यबाद दिन चाहन्छु ।

पूर्ण कडरिया
सचिव

२०६८ साउन

# सम्पादकीय



सुमन प्रसाद शर्मा
(सहसचिव)



जीवन कुमार के.सी.
(उपसचिव)



पोष्ट राज ढुंगाना
(उपसचिव)



लीलाप्रसाद शर्मा
(शाखा अधिकृत)

भौतिक योजना तथा निर्माण मन्त्रालय र मातहतका निकायहरुबाट आ.ब. २०६६/०६७ मा सम्पादित कार्यहरुको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरी सरोकारवालाहरु समक्ष प्रस्तुत गरेका छौं ।

यस प्रतिवेदनमा भौतिक योजना तथा निर्माण मन्त्रालय तथा यस अन्तर्गतका निकायहरुबाट सडक, खानेपानी तथा सरसफाइ, शहरी विकास तथा भवन निर्माण लगायतका विकासका महत्वपूर्ण पूर्वाधार निर्माण तथा सम्भारको क्षेत्रमा भए गरेका कार्यहरुको आ.ब. २०६६/०६७ को प्रगति समावेश गरिएको छ। यस प्रतिवेदनद्वारा मन्त्रालय र मातहत निकायको संक्षिप्त परिचय, प्रमुख कार्यहरु तथा सम्पादित कार्यहरुका बारे सवै सरोकारवालाहरुलाई जानकारी हासिल हुने छ भन्ने मन्त्रालयको अपेक्षा रहेको छ ।

प्रतिवेदन प्रकाशनको यस निरन्तरतामा समय सापेक्ष परिवर्तन र परिमार्जन गर्दै लैजाने यस मन्त्रालयको सोचलाई सरोकारवाला सवैको अमूल्य राय, सुझाव र सल्लाहले अझ सहयोग पुऱ्याउने छ भन्ने हाम्रो अभिलासा छ । अन्तमा यस प्रतिवेदनलाई प्रत्यक्ष र अप्रत्यक्ष सहयोग प्रदान गर्नुहुने सवै महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

**सहयोगीहरु:**

हर्षबहादुर थापा
(शाखा अधिकृत)

अर्जुन खड्का
(कम्प्यूटर अपरेटर)

यो प्रतिवेदन http://www.moppw.gov.np/publication.html बाट Download गर्न सक्नुहुने छ ।

राय, सुझाव र सल्लाहकोलागि सम्पर्क ठेगाना

**भौतिक योजना तथा निर्माण मन्त्रालय**
योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा
email: info@moppw.gov.np

# विषयसूची


१ **भौतिक योजना तथा निर्माण मन्त्रालयको परिचय ............ १**

१.१ उद्देश्य ............ १
१.२ मूख्य मूख्य कार्यहरु ............ १
१.३ भौतिक योजना तथा निर्माण मन्त्रालयको साँगठनिक संरचना ............ ३

२ **मन्त्रालयको सांगठानिक संरचना र महाशाखाहरु ............ ४**

२.१ प्रशासन महाशाखा ............ ४
२.१.१ आन्तरिक प्रशासन शाखा ............ ४
२.१.२ कर्मचारी प्रशासन शाखा ............ ४
२.१.३ आर्थिक प्रशासन शाखा ............ ५
२.२ योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा ............ ५
२.२.१ योजना शाखा ............ ६
२.२.२ अनुगमन तथा मुल्यांकन शाखा ............ ६
२.२.३ ग्रामीण खानेपानी तथा सरसफाइ क्षेत्र अनुगमन तथा मूल्याङ्कन शाखा ............ ६
२.३ खानेपानी तथा सरसफाइ महाशाखा ............ ७
२.३.१ खानेपानी शाखा ............ ७
२.३.२ सरसफाइ शाखा ............ ८
२.४ निर्माण महाशाखा ............ ८
२.४.१ स्थल, जल, रेल्वे र रज्जुमार्ग शाखा ............ ८
२.५ भौतिक योजना महाशाखा ............ ९
२.५.१ भवन तथा आवास शाखा ............ ९
२.६ बैदेशिक सहयोग तथा गुणस्तर महाशाखा ............ १०
२.६.१ वैदेशिक सहयोग शाखा ............ १०
२.६.२ गुणस्तर सुरक्षा तथा निरीक्षण शाखा ............ ११
२.६.३ गैर सरकारी तथा निर्माण व्यवसाय प्रवर्द्धन शाखा ............ ११
२.६.४ अनुसन्धान तथा मापदण्ड एवं पूर्वाधार संरचना शाखा ............ ११
२.७ ऐन, नियम परामर्श शाखा ............ ११

३ **मन्त्रालय अन्तर्गतका निकायहरुको संक्षिप्त परिचय तथा निकाय प्रमुखहरु ............ १३**

३.१ मन्त्रालय अन्तर्गतका निकायहरु ............ १३
३.१.१ सडक तथा यातायात क्षेत्र तर्फ ............ १३
३.१.२ खानेपानी तथा सरसफाइ क्षेत्र तर्फ ............ १४
३.१.२ आवास तथा शहरी विकास क्षेत्र तर्फ ............ १९
३.१.४ विविध क्षेत्र तर्फ ............ २२

४ **भौतिक योजना तथा निर्माण मन्त्रालय र मातहतका निकायहरुको स्वीकृत दरवन्दी विविरण ............ २४**

४.१ भौतिक योजना तथा निर्माण मन्त्रालय ............ २४
४.२ सडक विभाग ............ २५
४.३ खानेपानी तथा ढल निकास विभाग ............ २५
४.४ सहरी विकास तथा भवन निर्माण विभाग ............ २५
४.५ रेल विभाग ............ २५

५ **भौतिक योजना तथा निर्माण मन्त्रालय र अन्तर्गतका निकायहरुको आ.ब. २०६६/०६७ को वार्षिक प्रगति ............ २६**

५.१ आ.ब. २०६६/०६७ को विस्तृत प्रगति विवरण ............ २६
५.१.१ सडक क्षेत्र तर्फ ............ २६
५.१.२ खानेपानी तथा सरसफाइ क्षेत्र ............ ५८
५.१.३ आवास तथा शहरी विकास क्षेत्र तर्फ ............ ८१

६ **सुशासन कायम गर्न गरेका सुधारका कार्यक्रम र त्यसबाट प्राप्त परिणामको बिवरण ............ १३२**

**७ आ.ब. २०६६।०६७ का सुखद क्षणहरु ........ १३४**
७.१ हार्दिक वधाई तथा शुभकामना ........ १३४
७.१.१ विषेश सम्मानपत्र प्राप्त गर्ने कर्मचारीहरु ........ १३४
७.१.२ सम्मान स्वरुप नगर पुरस्कार र सम्मान पत्र प्राप्त गर्ने कर्मचारीहरु ........ १३४
७.१.३ वढुवा भएका कर्मचारीहरुको विवरण ........ १३४
**अनुसूची – १ ........ १३५**
**भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गतका निकायहरुको कार्यालयगत विवरण ........ १३५**
१ सडक विभाग ........ १३५
१.१ निर्देशनालयहरु ........ १३५
१.२ डिभिजनहरु ........ १३५
१.३ हेभि ईक्यूपमेण्ट डिभिजनहरु ........ १३६
१.४ तालिम केन्द्र ........ १३६
२ खानेपानी तथा ढल निकास विभाग ........ १३६
२.१ क्षेत्रीय कार्यालयहरु ........ १३६
२.२ डिभिजन/सव–डिभिजन कार्यालयहरु ........ १३६
३ शहरी विकास तथा भवन निर्माण विभाग ........ १३७
**अनुसूची – २ ........ १३८**
**भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत कार्यरत कर्मचारीहरुको विवरण ........ १३८**

# १ भौतिक योजना तथा निर्माण मन्त्रालयको परिचय

देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन विविध भौगोलिक क्षेत्र तथा आर्थिक क्षेत्रहरुलाई आर्थिक विकासका पूर्वाधार स्थल, जल, रेल्वे, तथा रोप वे मार्गहरुसँग आबद्ध गर्दै राष्ट्रिय यातायात प्रणालीको समुचित विकासगरी देशका ग्रामीण क्षेत्रका गाउँहरूलाई बजारसँग आबद्धगरी आर्थिक कृयाकलापहरूको अभिबृद्धि गर्ने र देश भित्र संचालन हुने पर्यटन, कृषि, विद्युत आदि विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित विविध कृयाकलाप र आयोजनाहरुमा टेवा पुऱ्याउनु भौतिक योजना तथा निर्माण मन्त्रालयको मूख्य कार्य हो ।

त्यस्तै गरी शहरीकरणलाई भौतिक विस्तारको रुपमा मात्र पुऱ्याउन सक्ने योगदान समेतलाई पहिचान गरी यस क्षेत्रमा निजी क्षेत्रको सहभागिता समेत अभिबृद्धि गर्दै शहरीकरणको प्रकृयालाई स्थानीय अर्थतन्त्रको परिपूरक हुने किसिमले व्यवस्थित एवं वातावरणीय दृष्टिबाट स्वस्थ शहरी विकास र व्यवस्थापन गर्नु अर्को महत्वपूर्ण कार्य हो ।

यसको साथै सरकारी भवनहरु निर्माण गर्ने कार्यमा स्थानीय सीप र सामाग्रीको प्रयोग गरी प्रयोजन अनुसारको किफायती डिजाइनकोलागि प्रविधि विकास गर्ने र सरकारी भवनहरुलाई प्राकृतिक प्रकोपबाट बचाउन गुणस्तरमा सुधार ल्याउन तथा भवन निर्माण सम्बन्धी मापदण्ड र नियमहरु तर्जुमा गरी लागू गराउन पनि आवश्यक भएको छ । यसको अलवा सबै जनताको स्वास्थ्य रक्षाकोलागि स्वच्छ पिउने पानी तथा सार्वजनिक सरसफाइको समुचित प्रबन्ध मिलाउनु पनि यस मन्त्रालयको महत्वपूर्ण कार्य हो ।

## १.१ उद्देश्य

- देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई परिपूरक हुने गरी विभिन्न मार्गहरुलाई एक अर्कोसँग आवद्ध गरी आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुर्‍याउन सडक, पुल, मूल बाटाहरु, रोप-बे मार्ग र जलमार्गहरुको समष्टीगत विकास, विस्तार, प्रवबर्द्धन गरी राष्ट्रिय यातायात प्रणालीको विकास गर्ने ।
- देशका ग्रामीण क्षेत्रका गाउँहरुलाई बजारसँग आवद्ध गर्नुका साथै पर्यटन, कृषि, विद्युत, आदि विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित राष्ट्रिय महत्वका र अन्य आर्थिक क्षेत्रको विविध कृयाकलाप एवं आयोजनाहरुमा टेवा पुऱ्याई सन्तुलन कायम गर्ने ।
- शहर–ग्रामीण अन्तरसम्बन्ध तथा सन्तुलित क्षेत्रीय विकासको आवश्यकता अनुरुप ग्रामीण विकासको परिपूरकको रुपमा योजनाबद्ध शहरी विकासलाई अगाडि बढाउने ।
- शहरी क्षेत्र वा नयाँ क्षेत्रको भौतिक विकासको निमित्त आवास तथा भौतिक परियोजना तयार गर्न, र
- सम्पूर्ण नेपाली जनताको स्वास्थ्य रक्षाकोलागि स्वच्छ पिउने पानी तथा सार्वजनिक सरसफाइको समूचित प्रबन्ध मिलाउने ।

## १.२ मूख्य मूख्य कार्यहरु

- स्थल, जल, रेल्वे तथा रज्जुमार्गको निर्माण र विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।
- भौतिक योजना र भौतिक पूर्वाधारको विकास, आवास, शहरीकरण र नगर विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।
- केन्द्रीय सचिवालय, मन्त्री, संवैधानिक अंगका प्रमुख आदिको आवास व्यवस्था र सरकारी भवनको निर्माण तथा मर्मत संभार सम्बन्धी कार्य गर्ने ।
- सडक (घोडेटो बाटो बाहेक) तथा पुल (झोलुङ्गे पुल बाहेक) निर्माण, मर्मत संभार एवं संरक्षण सम्बन्धी काम गर्ने ।
- भवन एवं अन्य निर्माण सामग्रीको प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान तथा विकासका मापदण्डहरु तयार गरी कार्यान्वयन गर्ने गराउने ।

- विभिन्न स्थलमार्ग, जलमार्ग र रज्जुमार्गहरुको निर्माण र ईन्जिनियरिङ कन्सल्टेन्सी विषयक संस्थान तथा संगठनहरु सम्बन्धी कार्य गर्ने ।
- बसोबास तथा बस्ती विकास र खानेपानी तथा ढल निकास सम्बन्धी कार्य गर्ने गराउने ।
- आवास निर्माण सम्बन्धमा गैर सरकारी क्षेत्रका आवास निर्माण सम्बन्धी संस्थाहरुको प्रवर्द्धन र विकास गर्ने, गराउने ।
- नगर विकास समितिहरु तथा सरकारी क्षेत्रका आवास निर्माण सम्बन्धी संस्थाहरुको रेखदेख सम्बन्धी कार्य गर्ने ।
- आवास तथा भौतिक योजना क्षेत्रहरुका अन्तराष्ट्रिय वा क्षेत्रीय संघ संस्थाहरुसँग सम्पर्क र सहयोग सम्बन्धी कार्य गर्ने ।
- स्थलमार्ग, जलमार्ग तथा रज्जुमार्गको निर्माणसँग सम्बन्धित अन्तराष्ट्रिय संघ संस्थाहरुको सम्पर्क सम्बन्धी कार्य गर्ने ।
- स्टोर्भ बाटर (पानी ढल) सम्बन्धी कार्य गर्ने, र
- नेपाल इन्जिनियरिङ सेवाको हाईवे उपसमूह, जनरल, विल्डिङ एण्ड आर्किटेक्ट तथा स्यानिटरी उपसमूहरु सम्बन्धी नियुक्ति, सरुवा, बढुवा शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यता निर्धारण तथा विभागीय कारवाही आदि सम्बन्धि कार्य गर्ने ।

## १.३ भौतिक योजना तथा निर्माण मन्त्रालयको साँगठनिक संरचना



# २ मन्त्रालयको सांगठानिक संरचना र महाशारवाहरु

भौतिक योजना तथा निर्माण मन्त्रालयका मन्त्री, राज्यमन्त्री, र सचिवज्यूको सचिवालयहरु, ६ वटा महाशारवा तथा १५ वटा शारवाहरु छन् । मन्त्रालयको संगठन तालिका पृष्ठ ३ मा प्रस्तुत गरिएको छ ।

भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गतका महाशारवा तथा शारवाहरुका मूल्य मूल्य कार्यहरु निम्नानुसारका छन् ।

## २.१ प्रशासन महाशारवा

- ईन्जिनियरिङ सेवा सम्बन्धी मन्त्रालयले संचालन गर्नुपर्ने समूह, उपसमूह सम्बन्धी ऐन नियमममा तोकिएको प्रशासनिक कारवाही गर्ने ।
- मन्त्रालय र अन्तर्गत विभागहरुका कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा, विभागीय कारवाही र पदपूर्ति सम्बन्धी काम गर्ने ।
- मन्त्रालयको जिन्सी व्यवस्थापन गर्ने ।
- सम्बन्धित विषयगत महाशारवाहरुको समेत परामर्श लिई मन्त्रालय र अन्तर्गतका लागि आवश्यक पर्ने जनशक्ति प्रक्षेपण, व्यवस्थापन तथा जनसाधन विकासकोलागि आन्तरिक र बैदेशिक तालिमहरुको व्यवस्था गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने ।

### २.१.१ आन्तरिक प्रशासन शारवा

- मन्त्रालयको कर्मचारीहरुको आन्तरिक खटन पटन र अन्य आन्तरिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने ।
- मन्त्रालयकोलागि आवश्यक परिवहन एवं संचार संयन्त्रको व्यवस्थापन गर्ने ।
- मन्त्रालयकोलागि आवश्यक सवारी साधन, मेसिनरी, औजार तथा अन्य जिन्सी सामानहरुको खरिद, भण्डारण आपूर्ति, मर्मत, संभार, जिन्सी निरीक्षण तथा लिलाम विक्रीको व्यवस्था गर्ने ।
- मन्त्रालयको सुरक्षा तथा सरसफाइको प्रबन्ध गर्ने ।
- मन्त्रालय तथा मातहतका निकायहरु बारे संचालित आयोजनाहरुको अस्थायी र विकास तर्फको दरवन्दी श्रृजना सम्बन्धी कार्य गर्ने ।
- कर्मचारी बैठक आयोजना गर्ने र सो को निर्णय कार्यान्वयन गराउने ।
- कर्मचारीहरुको प्रोत्साहन पुरस्कार सम्बन्धी कार्य गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्र तथा अन्य निकायहरु र सिधै प्राप्त हुने मन्त्रालय र मातहतसँग सम्बन्धित उजुरी सम्बन्धी कार्यहरु गर्ने ।
- मन्त्रालय अन्तर्गत विभाग तथा कार्यलयहरु र मन्त्रालयसँग सम्बन्धित निकायहरुमा रहेका सवारी साधनहरुको अद्यावधिक लगत राख्ने ।
- मन्त्रालय अन्तर्गतका समिति, बोर्ड, संस्थान, कम्पनीहरुको राजनैतिक नियुक्ति, पदपूर्ति लगायत अन्य आवश्यक कार्यहरु गर्ने ।
- भैपरी आउने अन्य आन्तरिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने ।
- मन्त्रालयको सबै कर्मचारीहरु र यस मन्त्रालय अन्तर्गतका राजपत्रांकित अधिकृतहरुको कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी कार्य गर्ने ।
- सम्पति विवरण सम्बन्धी कार्य गर्ने ।

### २.१.२ कर्मचारी प्रशासन शारवा

- ईन्जिनियरिङ सेवा सम्बन्धी मन्त्रालयले संचालन गर्नुपर्ने समूह, उपसमूह सम्बन्धी कार्यहरु, सरुवा, बढुवा, काज, अवकाश आदि सम्बन्धी कार्य गर्ने ।
- कर्मचारीहरुको पदस्थापन र रमाना सम्बन्धी कार्य गर्ने ।

- मन्त्रालयका सबै कर्मचारीहरुको र अन्तर्गतका विभाग एवं कार्यालयहरुको राजपत्रांकित कर्मचारीहरुको व्यक्तिगत विवरण अद्यावधिक राख्ने ।
- निजामती सेवा तर्फको स्थायी दरवन्दी र संगठनात्मक स्वरुपहरुको अभिलेख राख्ने ।
- मन्त्रालय र अन्तर्गत विभागहरुको रिक्त पदपूर्तिकोलागि आवश्यक कारवाही गर्ने ।
- प्रशासनिक बेरुजु सम्बन्धी कार्य गर्ने ।
- मन्त्रालय तथा विभागहरुको कर्मचारी उपर विभागीय कारवाही सम्बन्धी कार्य गर्ने ।
- ईन्जिनियरिङ जनशक्तिको वर्गिकरण अनुसार तालीम सम्बन्धी अभिलेख राख्ने ।
- गुणस्तर एवं बृत्ति विकासलाई लक्ष्य गरी कुन कुन विषयमा कुन स्तरको कति संख्यामा तालिमको आवश्यकता छ, निर्धारण गरी तालिमको व्यवस्था गर्ने ।
- लोक सेवा आयोगको प्रशासनिक बेरुजु सम्बन्धी कार्य गर्ने ।
- अध्ययन र असाधारण विदा सम्बन्धी कार्य गर्ने ।
- बढुवा समितिको सचिवालय सम्बन्धी कार्य गर्ने ।
- प्रोत्साहन पुरस्कार सम्बन्धी कार्य गर्ने ।

### २.१.३ आर्थिक प्रशासन शाखा

- मन्त्रालयको आर्थिक प्रशासन सम्बन्धी दैनिक कार्यहरु गर्ने ।
- मन्त्रालयको महाशाखा तथा शाखाहरुलाई आवश्यकता अनुसारको आर्थिक राय सल्लाह उपलब्ध गराउने ।
- मन्त्रालय र मातहतका निकायहरुको अनुमानित वार्षिक बजेट तयार गर्ने ।
- विकास बजेट तुर्जमा गर्ने कार्यमा योजना अनुगमन तथा मूल्याङ्कन महाशाखालाई सहयोग पुऱ्याउने ।
- साधारण र विकास बजेटको बाँडफाँड र स्वीकृत गराई खर्च गर्न अख्तियारी पठाउने सम्बन्धी कार्य गर्ने तथा सम्बन्धित महाशाखालाई जानकारी गराउने ।
- थप रकम निकासा, रकमान्तर र श्रोत परिवर्तन सम्बन्धी कार्य गर्ने ।
- मातहतका विभाग तथा कार्यालयहरुको विनियोजित, राजश्व र धरौटीको विवरणहरु प्राप्त गरी केन्द्रीय अभिलेख राख्ने ।
- विनियोजन राजश्व, धरौटी र अन्य कोषको बार्षिक केन्द्रीय आर्थिक विवरण तयार गरी महालेखा परिक्षकको विभाग र महालेखा नियन्त्रण कार्यालयमा पेश गर्ने र अन्तर्गतका विभागहरुबाट समेत आवश्यक प्रतिवेदनहरु पठाउन लगाउने ।
- मातहतका विभाग, कार्यालय तथा योजनाहरु समेतको विनियोजन, राजश्व, धरौटी र अन्य कोषको लेखापरीक्षण समयमै भए नभएको अनुगमन गर्ने र कायम भएका बेरुजुहरु नियमित फछ्र्यौट र असुल उपर गर्ने गराउने । बेरुजु फछ्र्यौट सम्बन्धी कार्यको निरीक्षण गर्ने र तत्सम्बन्धमा आवश्यक अभिलेखहरु राख्न लगाउने ।
- लेखापरीक्षणबाट कायम भएको बेरुजुको केन्द्रीय लगत राख्ने ।
- बोलपत्र मूल्याङ्कन सम्बन्धी कार्यहरु गर्ने ।
- ठेक्का-पट्टाको म्याद सम्बन्धी कार्यहरु गर्ने ।
- आर्थिक प्रशासन संग सम्बन्धित अन्य सबै कामहरु गर्ने ।

## २.२ योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा

- विभिन्न विकास योजनाहरुको तर्जुमा, कार्यको अनुगमन र मूल्याङ्कन गर्ने र तत् सम्बन्धमा अन्तर्गतका निकायहरु बीच समन्वय गर्ने, गराउने ।
- नियमित रुपमा मन्त्रालय र अन्तर्गतका निकायहरुबाट संचालित विकास आयोजनाहरुको समीक्षा बैठकहरुको आयोजना गर्ने गराउने ।
- सम्बन्धित महाशाखाहरुको परामर्श समेत लिई मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरुको दक्षता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरुको योजना तर्जुमा गर्ने गराउने ।
- दातृसंस्थाहरुको सहयोगबाट संचालन गरिने आयोजनाहरुको तर्जुमा आदि कार्यमा वैदेशिक सहयोग तथा गुणस्तर महाशाखालाई आवश्यक सहयोग गर्ने ।

### २.२.१ योजना शाखा

- सम्बन्धित महाशाखाहरुसँग परामर्श लिई अन्तर्गतका आयोजना/कार्यक्रम संचालन सम्बन्धी नीति निर्धारण गर्ने ।
- सम्बन्धित महाशाखाहरुको समेत सहयोग लिई मन्त्रालय, अन्तर्गतका विभाग, संस्थानहरुबाट संचालन गरिने कार्यक्रमहरुकोलागि सम्बन्धित विभाग, संस्थानहरुबाट विववरण लिई कार्यक्रम तर्जुमा तथा बजेट प्रक्षेपण गर्ने ।
- अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग सम्पर्क राखी आयोजनाहरु स्वीकृत गर्ने गराउने ।
- राष्ट्रिय योजना आयोगबाट स्वीकृत आयाजेनाहरुको विनियोजित बजेटको आधारमा जिल्ला तथा केन्द्रीय आयोजनाहरुको बार्षिक कार्यक्रम स्वीकृत गर्ने गराउने र सम्बन्धित महाशाखाहरुलाई जानकारी गराउने ।
- विनियोजित बजेट अनुसार स्वीकृत भएको कार्यक्रमहरुको आवश्यकता अनुसार कार्यक्रम संशोधन सम्बन्धी कार्यहरु गर्ने र सम्बन्धित महाशाखालाई जानकारी गराउने ।
- मन्त्रालय अन्तर्गत संचालित विभिन्न कार्यक्रम बीच समन्वय राखी कार्यक्रमहरुको दोहोरोपन हुन निदिई उपलब्ध साधनको समुचित उपयोगमा सघाउ पुऱ्याउने ।
- मन्त्रालय अन्तर्गत संचालन हुने कार्यक्रम तथा आयोजनाहरुकोलागि आवश्यक जनशक्ति प्रक्षेपण एवं तिनको दक्षता अभिबृद्धि गर्ने सम्बन्धी कार्यहरु गर्न प्रशासन महाशाखालाई सहयोग गर्ने ।

### २.२.२ अनुगमन तथा मुल्यांकन शाखा

- सम्बन्धित महाशाखाहरुको समेत सहयोग लिई मन्त्रालय अन्तर्गत आयोजनाहरुको प्रगति प्रतिवेदन तयार गरी अद्यावधि राख्ने र आवधिक रुपमा समीक्षा गर्ने ।
- मन्त्रालय अन्तर्गत संचालित आयोजनाहरुको कार्यान्वयन सम्बन्धी नियमित अनुगमन एवं मूल्याङ्कन गर्ने र कार्यान्वयन पक्षमा देखा परेका समस्याहरुको समाधानार्थ मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको वैठकमा पेश गर्ने र सम्बन्धित महाशाखाहरुलाई जानकारी गराउने ।
- सम्बन्धित महाशाखाहरुको समेत सहयोग लिई मन्त्रालय अन्तर्गतका आयोजनाहरुको नियमित रुपमा निरीक्षण गरी आयोजनाहरुको यथार्थ स्थितिको जानकारी मन्त्रालयलाई उपलब्ध गराउने ।
- सम्बन्धित महाशाखाहरुको समेत सहयोग लिई मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको वैठकको आयोजना गर्ने र आयोजनाहरुको प्रगति सम्बन्धमा मूल्याङ्कन पेश गर्ने ।
- राष्ट्रिय विकास समस्या समाधान समिति र राष्ट्रिय योजना आयोगको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट कारवाही गर्नुपर्ने मन्त्रालय सम्बन्धी विषयमा आवश्यक कार्य गर्ने ।
- राष्ट्रिय योजना आयोगको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट समय समयमा निर्धारित गरिने अन्य कार्य सम्पादन गर्ने ।
- सम्बन्धित महाशाखाहरुको समेत सहयोगमा मन्त्रालय र अन्तर्गतका निकायहरुबाट प्रत्येक वर्ष भए गरेका मूख्य मूख्य कार्यहरुको प्रगति विवरण पुस्तिका तयार गरी आर्थिक वर्ष समाप्ती पछि प्रकाशन गर्ने ।

### २.२.३ ग्रामीण खानेपानी तथा सरसफाइ क्षेत्र अनुगमन तथा मूल्याङ्कन शाखा

- ग्रामीण खानेपानी तथा सरफाइ (ग्रा.खा.पा. तथा स.स.) क्षेत्रको तथ्याङ्कलाई व्यवस्थित गरी व्यवस्थापन सूचना प्रणालीको विकास र संचालन गर्ने ।
- ग्रा.खा.पा. तथा स.सं. सम्बन्धी अनुगमन तथा मूल्याङ्कन सूचकको विकास एवं परिमार्जन गर्ने ।
- ग्रा.खा.पा. तथा स.स. क्षेत्रको अनुभवहरुको Dissemination र पृष्ठपोषण (feedback) गर्न समन्वय गर्ने ।
- ग्रा.खा.पा. तथा स.स. क्षेत्रमा क्षमता अभिबृद्धिकोलागि सहयोग गर्ने ।
- ग्रा.खा.पा. तथा स.स. सरकारी नीति तथा रणनीतिहरुको अनुगमन तथा मूल्यांङ्गन गर्ने ।
- ग्रा.खा.पा. तथा स.स. क्षेत्रको श्रोत केन्द्रको रुपमा काम गर्ने ।
- कार्य सम्पादनमा आधारित श्रोत बाँडफाँड प्रणालीको विकास गर्ने ।

## २.३ खानेपानी तथा सरसफाइ महाशाखा

- नेपाल अधिराज्यभर खानेपानी तथा सरसफाइ क्षेत्रको समष्टीगत विकास, विस्तार र सम्बर्द्धनकोलागि उपयुक्त नीति, रणनीति तथा कार्यनीति तर्जुमा गर्ने तथा निर्णय कार्यान्वयनको सुपरीवेक्षण र अनुगमन गर्ने ।
- खानेपानी तथा सरसफाइको क्षेत्रसँग संलग्न सरकारी, गैरसरकारी र निजी संस्था तथा निकायहरु बीच समन्वयकर्ताको भूमिका निर्वाह गर्ने ।
- खानेपानी तथा सरसफाइ क्षेत्रसँग सम्बन्धित सम्पूर्ण प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय विषयहरुमा मन्त्रालयलाई परामर्श उपलब्ध गराउने ।
- राष्ट्रिय स्तरमा गठित वा गठन हुने सबै प्रकारको खानेपानी तथा सरसफाइको क्षेत्रसँग सम्बन्धित समन्वय समितिको सचिवालयको कार्य गर्ने ।
- खानेपानी तथा सरसफाइ क्षेत्रसँग संलग्न दातृराष्ट्रहरु बीच समन्वय र सामन्जस्य कायम गर्न गराउन बैदेशिक सहयोग तथा गुणस्तर महाशाखालाई आवश्यक सूचना र परामर्श उपलब्ध गराउने र सहयोग गर्ने ।
- दातृसंस्थाहरुको सहयोगमा संचालन गरिने खानेपानी तथा सरसफाइ आयोजनाहरुको तर्जुमा, अध्ययन, समीक्षा र स्वीकृत गर्ने कार्यमा वैदेशिक सहयोग तथा गुणस्तर महाशाखालाई आवश्यक सूचना तथा परामर्श उपलब्ध गराउने, सहयोग गर्ने ।
- खानेपानी तथा सरसफाइ क्षेत्रका बार्षिक बजेट र कार्यक्रम तयारी, कार्यक्रम कार्यान्वयन पक्षको अनुगमन र मूल्याङ्कन तथा प्रगति समीक्षा गर्न योजना अनुगमन मूल्याङ्कन महाशाखालाई आवश्यक पर्ने सूचना तथ्याङ्क तथा परामर्श उपलब्ध गराउने, सहयोग गर्ने ।
- खानेपानी तथा सरसफाइ आयोजनाहरुको कार्यान्वयनको सिलसिलामा मातहतका विभाग, संस्थान तथा समितिहरुको निर्णयका लागि मन्त्रालयमा पेश हुने विषयमा राय तथा परामर्श दिने ।
- मन्त्रालय तथा अन्तर्गतका खानेपानी तथा सरसफाइ क्षेत्रसँग सम्बन्धी विभाग, संस्थान तथा समितिहरुसँग सरोकार पर्ने ऐन नियहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन र सुदृढिकरणकोलागि ऐन नियम परामर्श शाखालाई आवश्यक राय परामर्श उपलब्ध गराउने, सहयोग गर्ने ।
- खानेपानी तथा सरसफाइ क्षेत्रको समुचित विकासकोलागि विभिन्न आयोजनाहरुको पूर्व सम्भाव्यता अध्ययन गर्ने गराउने र सम्भाव्य आयोजनाहरुको आधारमा योजना, अनुगमन तथा मुल्यांकन महाशाखासँग राय परामर्श लिई दीर्घकालिन योजना तर्जुमा गर्ने र कार्यान्वयन निकायहरुको माध्यमबाट कार्यान्वयनको व्यवस्था मिलाउने ।

### २.३.१ खानेपानी शाखा

- नेपाल अधिराज्य भरिका जनताका खानेपानी आवश्यकताको परिपूर्ति गर्न राष्ट्रिय स्तरमा योजनाबद्ध रुपमा अल्पकालीन तथा दीर्घकालिन कार्यक्रम तर्जुमा, कार्यान्वयन निकाय र कार्यक्रमहरु बीच केन्द्रियस्तरमा समन्वय कायम गराउने ।
- खानेपानी आयोजनाहरुको सेवाको वर्गीकरण गरी स्तर, प्रकृति, प्रविधि अनुसारको विभिन्न खानेपानी आयोजनाहरुको कार्यान्वयन प्रकृया निर्धारण मार्गदर्शन तयार गर्ने ।
- सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट संचालित शहरी तथा ग्रामीण खानेपानी आयोजनाहरुबाट लाभान्वित जनसंख्या, भएका उपलब्धिहरु, उपलब्ध सेवास्तर (गुणस्तर तथा परिमाणात्मक) तथा अन्य व्यवस्थापकीय सूचनाहरु संकलन गर्ने, विश्लेषण गर्ने तथा प्राप्त परिणाम कार्यान्वयन निकायहरुलाई उपलव्ध गराउने ।
- खानेपानी आयोजनाहरु कार्यान्वयनले गर्दा वातावरणमा पर्ने अनुकुल तथा प्रतिकुल प्रभावको विश्लेषण गर्ने/गराउने तथा प्रतिकुल प्रभावलाई न्यूनिकरण गर्न उपयुक्त प्रविधिको पहिचान, अनुसन्धान, अध्ययन र प्रयोग गर्न गराउन कार्यान्वयन निकायहरुलाई मार्गनिर्देशन गर्ने ।
- गैरसरकारी तथा निजी क्षेत्रबाट संचालित खानेपानी आयोजनाहरु कार्यान्वयन गर्न केन्द्रीयस्तरमा सहयोग उपलब्ध गराउने ।
- द्विपक्षिय तथा बहुपक्षिय अन्तराष्ट्रिय संघ संस्थाहरुलाई खानेपानी कार्यक्रमहरु तर्जुमा अनुगमन तथा मुल्यांकन गर्न प्राविधिक टेवा पुऱ्याउने काममा सहयोग पुऱ्याउने ।

### २.३.२ सरसफाइ शाखा

- नेपाल अधिराज्य भरिका जनताको सरसफाइ सम्बन्धी आवश्यकता परिपूर्ति गर्न राष्ट्रियस्तरमा योजनाबद्ध रुपमा अल्पकालीन तथा दीर्घकालिन कार्यक्रम तर्जुमा गर्न र यस सँग सम्बन्धित निकाय र तिनीहरुका कार्यक्रम बीच केन्द्रीयस्तरमा समन्वय कायम गराउने ।
- शहरी तथा ग्रामीण क्षेत्रहरुमा वर्षाती तथा गार्हस्थ ढल निकास (सडक सतहको ढल बाहेक) व्यवस्थापन तथा वावतरणीय सरसफाइ आयोजनाहरुबाट लाभान्वित जनसंख्या, भएका उपलब्धीहरु र उपलब्ध सेवाको स्तर (गुणत्मक तथा परिमाणात्मक) तथा अन्य व्यवस्थापकीय सूचनाहरुको संकलन गर्ने, विश्लेषण गर्ने तथा प्राप्त परिमाण कार्यान्वयन निकायहरुलाई उपलब्ध गराउने ।
- ढल निकास तथा सरसफाइ आयोजनाहरु कार्यान्वयन गर्दा वातावरणमा पर्ने अनुकुल तथा प्रतिकुल प्रभावको विश्लेषण गर्ने/गराउने तथा प्रतिकुल प्रभावलाई न्यूनिकरण गर्न उपयुक्त प्रविधिको पहिचान, अनुसन्धान, अध्ययन र प्रयोग गर्न गराउन कार्यान्वयन निकायहरुलाई मार्गदर्शन गर्ने ।
- गैरसरकारी तथा निजी क्षेत्रबाट संचालित सरसफाइ आयोजनाहरु कार्यान्वयन गर्न केन्द्रीय स्तरमा सहयोग उपलब्ध गराउने ।
- द्विपक्षीय तथा बहुपक्षिय अन्तर्राष्ट्रिय संघ संस्थाहरुलाई सरसफाइ कार्यक्रमहरु तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्न प्राविधिक टेवा पुऱ्याउने काममा सहयोग पुऱ्याउने ।

## २.४ निर्माण महाशाखा

- नेपाल अधिराज्यभरका सडक, पुल, रेल्वे, रोपवे तथा जलमार्गको समष्टिगत विकास, विस्तार र सम्बर्द्धनका लागि नीति,रणनीति तथा कार्यनीति तर्जुमा गर्ने तथा तिनको कार्यान्वयन पक्षको निरन्तर सुपरीवेक्षण र अनुगमन गर्ने ।
- सडक यातायात, जलमार्ग, रोपवे र रेल्वेको समूचित विकासका लागि विभिन्न आयोजनाहरुको पूर्व संभाव्यता अध्ययन गर्ने गराउने र संभाव्य आयोजनाहरुको आधारमा योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखासँग राय परामर्श लिई दीर्घकालिन योजना तर्जुमा गर्ने र कार्यान्वयन निकायहरुको माध्यमबाट कार्यान्वयनको व्यवस्था मिलाउने ।
- सडक, पुल, रेल्वे, रोपवे तथा जलमार्गको क्षेत्रसँग सम्बन्धित सरकारी गैरसरकारी र निजी संस्था तथा निकायहरु बीच प्रमुख समन्वयकर्ताको भूमिका निर्वाह गर्ने ।
- सडक, पुल, रेल्वे, रोपवे तथा जलमार्ग क्षेत्रसँग सम्बन्धित सम्पूर्ण प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरणीय विषयहरुमा मन्त्रालयलाई परामर्श उपलब्ध गराउने ।
- सडक, पुल, रेल्वे तथा जलमार्ग क्षेत्रसँग संलग्न दातृसंस्थाहरु बीच समन्वय र सामन्जस्य कायम गर्न गराउन बैदेशिक सहयोग तथा गुणस्तर महाशाखालाई आवश्यक सूचना र परामर्श उपलब्ध गराउने, सहयोग गर्ने ।
- दातृ संस्थाहरुको सहयोगमा संचालन गरिने सडक, पुल, रेल्वे तथा जलमार्ग आयोजनाहरुको तर्जुमा, अध्ययन समीक्षा र स्वीकृत गर्ने कार्यमा वैदेशिक सहयोग तथा गुणस्तर महाशाखालाई आवश्यक सूचना तथा परामर्श उपलब्ध गराउने, सहयोग गर्ने ।
- सडक, पुल, रेल्वे तथा जलमार्ग क्षेत्रका बार्षिक बजेट र कार्यक्रम तयारी, कार्यक्रम कार्यान्वयन पक्षको अनुगमन र मूल्याङ्कन तथा प्रगति समिक्षा गर्न योजना अनुगनम तथा मुल्यांकन महाशाखालाई आवश्यक पर्ने सूचना, तथ्याङ्क तथा परामर्श उपलब्ध गराउने, सहयोग गर्ने ।
- सडक, पुल, रेल्वे तथा जलमार्ग आयोजनाहरुको कार्यान्वयनको सिलसिलामा मातहतका विभाग, संस्थान तथा समितिहरुबाट निर्णयका लागि मन्त्रालयमा पेश हुने विषयहरुमा राय तथा परामर्श दिने ।
- मन्त्रालय र अन्तर्गतका सडक, पुल, रेल्वे तथा जलमार्ग क्षेत्रसँग सम्बन्धित विभाग, संस्थान तथा समितिहरुसँग सरोकार पर्ने ऐन तथा नियमहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन र सुदृढिकरणकोलागि ऐन नियम परामर्श शाखालाई राय परामर्श उपलब्ध गराउने, सहयोग गर्ने ।
- राष्ट्रियस्तरमा गठित तथा गठन हुने सबै प्रकारको सडक, पुल, रेल्वे तथा जलमार्गको क्षेत्रसँग सम्बन्धित समन्वय समितिको सचिवालयको काम गर्ने ।

### २.४.१ स्थल, जल, रेल्वे र रज्जुमार्ग शाखा

- देशभर सडक, पुल, रेल्वे तथा जलमार्ग विकासका लागि आवश्यक नीति तर्जुमा गर्ने तथा नीति कार्यान्वयन पक्षको अनुगमन गर्ने कार्यमा महाशाखालाई टेवा पुऱ्याउने ।

- सडक यातायात, जल, रोपवे र रेल्वेको समूचित विकासका लागि विभिन्न आयोजनाहरुको पूर्व संभाव्यता अध्ययन गर्ने गराउने र सम्भाव्य आयोजनाहरुको आधारमा दीर्घकालिन योजना तर्जुमा एवं कार्यान्वयन पक्षको अनुगमन गर्ने महाशाखालाई टेवा पुऱ्याउने ।
- सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट संचालन गरिएका सडक, रोपवे, रेल्वे तथा जलमार्ग सम्बन्धी आयोजनाहरुबाट प्राप्त उपलब्धी, सेवा स्तर (गुणात्मक तथा परिमाणात्मक) तथा अन्य व्यवस्थापकिय सूचनाहरु संचालन गर्ने, विश्लेषण गर्ने तथा प्राप्त परिणाम कार्यान्वयन निकायहरुलाई उपलब्ध गराउने ।
- सडक, पुल, रेल्वे, रोपवे एवं जलमार्ग सम्बन्धी आयोजनाहरु कार्यान्वयन गर्दा वातावरणमा पर्ने अनुकूल तथा प्रतिकुल प्रभावलाई न्यूनिकरण गर्ने उपयुक्त प्रविधिहरुको पहिचान, अनुसन्धान, अध्ययन र प्रयोग गर्ने गराउन कार्यान्वयन निकायहरुलाई मार्गदर्शन गर्ने ।
- गैरसरकारी तथा निजी क्षेत्रबाट संचालिन सडक, पुल, रेल्वे तथा जलमार्ग आयोजनाहरु कार्यान्वयन गर्ने केन्द्रीय स्तरमा द्विपक्षीय तथा बहुपक्षिय अन्तराष्ट्रिय संघ संस्थाहरुलाई सडक, पुल, रेल्वे तथा जलमार्ग कार्यक्रमहरु तर्जुमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्राविधिक टेवा पुऱ्याउने काममा सहयोग पुऱ्याउने ।

## २.५ भौतिक योजना महाशाखा

- नेपाल अधिराज्य भरका आवास, शहरी विकास तथा भवन निर्माण क्षेत्रको विकास विस्तार र सम्बर्द्धनकोलागि उपयुक्त नीति, रणनीति तथा कार्यनीति तर्जुमा गर्ने तथा तिनको कार्यान्वयन पक्षको निरन्तर सुपरीवेक्षण र अनुगमन गर्ने ।
- आवास, शहरी विकास तथा भवन निर्माण क्षेत्रसँग सम्बन्धित सम्पूर्ण प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय विषयहरुमा मन्त्रालयलाई परामर्श उपलब्ध गराउने ।
- आवास, शहरी विकास तथा भवन निर्माणसँग संलग्न सरकारी, गैरसरकारी र निजी संस्था तथा निकायहरु बीच समन्वयनकर्ताको भूमिका निर्वाह गर्ने ।
- आवास, शहरी विकास तथा भवन निर्माणसँग संलग्न दातृसंस्थाहरु बीच समन्वय र सामन्जस्य कायम गर्ने गराउने वैदेशिक सहयोग तथा गुणस्तर महाशाखालाई आवश्यक सूचना र परामर्श उपलब्ध गराउने सहयोग गर्ने ।
- दातृसंस्थाहरुको सहयोगमा संचालन गरिने आवास, शहरी विकास तथा भवन निर्माण आयोजनाहरुको तर्जुमा अध्ययन, समीक्षा र स्वीकृत गर्ने कार्यमा वैदेशिक सहयोग तथा गुणस्तर महाशाखालाई आवश्यक सूचना र परामर्श उपलब्ध गराउने, सहयोग गर्ने ।
- आवास, शहरी विकास तथा भवन निर्माण क्षेत्रको बजेट कार्यक्रम तयारी, कार्यान्वयन पक्षको अनुगमन र मूल्याङ्कन तथा प्रगति समीक्षा गर्ने योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखालाई आवश्यक सूचना, तथ्याङ्क तथा परामर्श उपलब्ध गराउने सहयोग गर्ने ।
- आवास, शहरी विकास तथा भवन निर्माण आयोजनाहरुको कार्यान्वयनको सिलसिलामा मातहतका विभाग, संस्थान तथा समितिहरुबाट निर्णयका लागि मन्त्रालयमा पेश हुने विषयहरुमा राय तथा परामर्श दिने ।
- मन्त्रालय अन्तर्गतका आवास, शहरी विकास तथा भवन निर्माण क्षेत्रसँग सम्बन्धित विभाग, संस्थान तथा समितिहरुसँग सरोकार पर्ने ऐन तथा नियहरुको तर्जुमा, कार्यान्वयन अनुगमन तथा सुदृढिकरणकोलागि ऐन नियम परामर्श शाखालाई राय परामर्श उपलब्ध गराउने, सहयोग गर्ने ।
- राष्ट्रियस्तरमा गठित तथा गठन हुने सबै प्रकारको आवास, शहरी विकास तथा भवन निर्माणको क्षेत्रसँग सम्बन्धित समन्वय समितिको सचिवालयको काम गर्ने ।
- आवास, शहरी विकास तथा भवन निर्माण क्षेत्रको समुचित विकासकोलागि विभिन्न आयोजनाहरुको पूर्व सम्भाव्यता अध्ययन गर्ने, गराउने र सम्भाव्य आयोजनाहरुको आधारमा योजना, अनुगमन तथा मूल्याङ्कन महाशासँग राय परामर्श लिई दीर्घकालिन योजना तर्जुमा गर्ने र कार्यान्वयन निकायहरुको माध्यमबाट कार्यान्वयनको व्यवस्था मिलाउने ।

### २.५.१ भवन तथा आवास शाखा

- आवास, भवन निर्माण तथा शहरी विकास सम्बन्धी नीति तर्जुमा गर्ने तथा नीति कार्यान्वयन पक्षको अनुगमन गर्ने ।
- आवास, भवन तथा शहरी विकास सम्बन्धी आयोजनाको पूर्व सम्भाव्यता अध्ययन गर्ने गराउने र सम्भाव्य आयोजनाहरुको आधारमा दीर्घकालिन योजना तर्जुमा एवं कार्यान्वयन पक्षको अनुगमन गर्ने ।

- सरकारी, गैरसरकरी तथा निजी क्षेत्रबाट संचालन गरिएका आवास, भवन तथा शहरी विकास सम्बन्धी आयोजनाहरुबाट प्राप्त उपलब्धी, सेवा स्तर (परिणात्मक तथा गुणात्मक) तथा अन्य व्यवस्थापकीय सूचनाहरु संकलन गर्ने, विश्लेषण गर्ने तथा प्राप्त परिणाम कार्यान्वयन निकायहरुलाई उपलब्ध गराउने ।
- आवास, भवन तथा शहरी विकास सम्बन्धी आयोजनाहरु कार्यान्वयन गर्दा वातावरणमा पर्ने अनुकुल तथा प्रतिकुल प्रभाव न्यूनिकरण गर्न उपयुक्त प्रभावहरुको पहिचान, अनुसन्धान र अध्ययन गर्ने गराउने ।
- नगर विकास समितिहरुको गठन तथा यसमा कार्य सम्पादनमा एकरुपता ल्याउन उपयुक्त नीति तर्जुमा गर्ने तथा नीति कार्यान्वयन पक्षको अनुगमन गर्ने ।
- नगर विकास समितिहरुको प्रवर्द्धनकोलागि मन्त्रालयस्तरबाट उपयुक्त सहयोग उपलव्ध गराउने तथा समितिका कार्यक्रमहरुको प्रभावकारिता बारे निरन्तर अनुमन गर्ने ।
- गैर सरकारी तथा निजी क्षेत्रबाट संचालिन योजनाबद्ध तथा व्यवस्थित शहरी विकासकोलागि भू-उपयोग योजना, भौतिक विकास योजना निर्माण सम्बन्धी मापदण्डहरु तर्जुमा तथा कार्यान्वयन गराउन नीति निर्देशन तथा अनुगमन गर्ने ।
- गाउँ–नगरको अन्तर सम्बन्ध विकसित गरी गरीबी उन्मूलन तथा शहरी वातावरणमा सुधार ल्याउन विभिन्न नीतिगत तथा अन्य कार्यहरु गर्ने ।

## २.६ बैदेशिक सहयोग तथा गुणस्तर महाशारवा

- सम्बन्धित महाशारवाहरुसँग समन्वय कायम गरी तथा परामर्श प्राप्त गरी दातृसंस्थाहरुको सहयोगबाट संचालन हुने आयोजनाहरुको तर्जुमा, अध्ययन, समीक्षा र स्वीकृत गराउने, दातृसंस्थाहरुसँग सम्पर्क, समन्वय गर्ने तथा लेखापढी गर्ने ।
- विभिन्न चालु आयोजनाहरु तथा पुरा भैसकेका आयोजनाहरु समेतको तेश्रो पक्षीय परीक्षण (Third Party Audit) नियमित रुपमा गर्ने गराउने र प्राविधिक पक्ष र लगानीको प्रभावकारीता पक्ष लगायत समष्टिगत गुणस्तर बारे Feedback एवं सुधारका कारबाहीहरुमा ठोस कदमहरु चाल्न राय परामर्श पेश गर्ने तथा निर्देशानुसार कारवाही गर्ने ।
- सार्वजनिक निर्माण निर्देशिक Public Works Directives तयार गर्ने र नियमित रुपमा प्रकाशन तथा वितरण गर्ने, गराउने ।
- महाशारवा प्रमुरवले निर्माण व्यवसाय विकास परिषद्को सदस्य सचिव र कार्यान्वयन समितिको अध्यक्ष भई निर्माण व्यवसाय विकास ऐन बमोजिम निर्माण व्यवसाय प्रवर्द्धन तथा वर्गीकरण सम्बन्धी कार्यहरु गर्ने गराउने ।
- मन्त्रालय अन्तर्गतका सार्वजनिक पूर्वाधार संरचनाहरुको निर्माण संचालन तथा हस्तान्तरण प्रकृयामा निजी क्षेत्रलाई संलग्न गराउने सम्बन्धी सचिवालयहरुको स्थापना तथा सुदृढिकरण गर्ने, योजना पहिचान तथा अध्ययन गर्ने गराउने र नेपाल सरकारको स्वीकृत नीति बमोजिमका काम कारवाही गर्न मन्त्रालयको Focal Point को रुपमा काम गर्ने । सार्वजनिक पूर्वाधार संरचना सम्बन्धमा आवश्यक अनुसन्धान गर्ने गराउने तथा मापदण्ड निर्धारण सम्बन्धी काम गर्ने, गराउने ।
- बैदेशिक सहयोग तथा ऋण सम्बन्धी विषयहरुमा मन्त्रालयको नीति निर्देशन अनुसार अर्थ मन्त्रालयसँग सम्पर्क र लेखापढीको कार्य गर्ने गराउने ।
- नेपाल इन्जिनियरिङ काउन्सिल तथा नेपाल इन्जिनियर्स एसोसियशनसँग मन्त्रालयबाट हुनुपर्ने सम्पर्क एवं समन्वय गर्ने ।

### २.६.१ वैदेशिक सहयोग शारवा

- महाशारवालाई बैदेशिक सहायता सम्बन्धी कार्य सम्पन्न गर्न सहयोग गर्ने, विषयगत महाशारवासँग सम्पर्क र समन्वय रारव्ने र सम्बन्धित महाशारवालाई बैदेशिक सहयोग सम्बन्धमा जानकारी गराउने ।
- बैदेशिक ऋण र अनुदान सहयोगबाट संचालन हुने आयोजनाहरुको सम्झौता मस्यौदाका सम्बन्धमा विषयगत महाशारवासँग राय प्रतिक्रिया प्राप्त गर्ने ।
- वैदेशिक सहयोगबाट संचालन हुने आयोजनाहरुको सम्झौता पत्र सुरक्षित रारव्ने, कार्यान्वयनकोलागि अनुगमन गर्ने, रेकर्ड अद्यावधिक रारव्ने र सम्बन्धित महाशारवालाई लेखापढीका प्रतिलिपिहरु उपलब्ध गराउने ।
- वैदेशिक सहयोगबाट संचालन भएका आयोजनाहरुको समष्टिगत प्रगति विवरण अद्यावधिक रारव्ने ।

- सम्बन्धित विषयगत महाशाखाहरुको शिफारिस विदेशी कल्सल्टेन्टहरुको प्रवेशाज्ञा (Visa) लगायत अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

### २.६.२ गुणस्तर सुरक्षा तथा निरीक्षण शाखा

- मन्त्रालय मातहतका विकास आयोजनाहरु, विकास आयोजना कार्यान्वयन गर्ने नियकाहरुले निर्माण कार्यहरुको गुणस्तर कायम गर्ने पर्याप्त व्यवस्था गरेको/नगरेको बारे अनुगमन बारे अनुगमन गर्ने र व्यवस्था सुदृढ गर्न उपयुक्त नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।
- निर्माण कार्यक्रम सम्पन्न भएका र निर्माण कार्य संचालन भैरहेका आयोजनाहरुको Technical Audit, Financial Audit सम्बन्धी कार्य गर्ने र आयोजनाहरुमा लगानीको प्रभावकारिता सम्बन्धी परीक्षण (Cost Effective Audit) गर्ने, गराउने ।
- Audit सम्बन्धी विभिन्न परीक्षणबाट प्राप्त सुझावलाई कार्यान्वयन गर्ने र सो को नियमित अनुगमन **गरी सुधारात्मक पक्षलाई समेत समेटी गुणस्तर कायम गर्ने, गराउने ।**
- प्रचलित फरम्याट बमोजिम Contract Agreements को अभिलेख प्राप्त गरी अद्यावधिक लगत राख्ने ।

### २.६.३ गैर सरकारी तथा निर्माण व्यवसाय प्रवर्द्धन शाखा

- निर्माण व्यवसाय संचालन इजाजत पत्र प्रदान गराउने ।
- प्रदत्त इजाजत पत्र नवीकरण गर्ने, नवीकरणबाट प्राप्त राजश्वको लगत राख्ने, आर्थिक विवरण तयार गर्ने र राजश्व, आम्दानीको लेखा परीक्षण गराउने ।
- निर्माण व्यवसाय संचालन गर्ने फर्म, कम्पनी वा संगठित संस्थाको लगत र तथ्याङ्क अद्यावधिक रुपमा राख्ने ।
- सार्वजनिक निर्माण कार्यको गुणस्तर कायम गर्न र निर्माण व्यवसायीको कार्य क्षमता बृद्धि एवं स्तरोन्नती गर्नका लागि आवश्यक निर्देशन दिने एवं अनुगमन गर्ने ।
- निर्माण व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन सम्बन्धमा कार्यान्वयन समितिको सदस्य भई कार्य गर्ने ।
- निर्माण व्यवसायको प्रवर्द्धनका लागि प्रचलित ऐन एवं नियमावलीहरुका कार्यान्वयन पक्षको अनुगमन गर्ने एवं बढी प्रभावकारी वनाउन आवश्यक कारवाही गर्ने ।

### २.६.४ अनुसन्धान तथा मापदण्ड एवं पूर्वाधार संरचना शाखा

- सडक खानेपानी एवं आवास सम्बन्धी सेवाहरुको समूचित विकासका निमित्त विषयगत महाशाखाहरुको राय परामर्शबाट पूर्व सम्भाव्यता अध्ययन, अनुसन्धान सम्बन्धी कार्य गर्ने गराउने ।
- निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन एवं आकर्षित गर्नकोलागि विषयगत महाशाखाहरुको राय परामर्शबाट निर्माण, संचालन र हस्तान्तरण प्रविधि (Build, Operate and Transfer) अन्तर्गत पूर्व सम्भाव्यता अध्ययन सम्बन्धी कार्य गर्ने । सम्भाव्य आयोजनाहरुको कार्यान्वयनमा कार्यक्रम समेत बनाई प्राथमिकताक्रम निर्धारण गरी कार्यान्वयनकोलागि राष्ट्रिय योजना आयोगमा पठाउने कार्य गर्ने ।
- सार्वजनिक निर्माण निर्देशिका (Public Works Directives) बनाउने, यसको प्रकाशन तथा नियमित विक्री वितरण गर्ने ।
- निजी क्षेत्रलाई लगानी गर्न आकर्षित गर्नकोलागि सो सम्बन्धी सचिवालयको विकास गर्ने र डकुमेन्टेसन ईकाई समेतको व्यवस्था गरी अद्यावधिक लगत राख्ने कार्य गर्ने ।

## २.७ ऐन, नियम परामर्श शाखा

- विषयगत महाशाखाहरुको राय, परामर्श र सहयोग लिई मन्त्रालय र अन्तर्गत सरोकार पर्ने ऐन, नियम तथा आदेशको तर्जुमा गर्ने ।
- विषयगत महाशाखाहरुको राय, परामर्श र सहयोग लिई मन्त्रालय र अन्तर्गत विभाग, संस्थान र समितिहरुसँग पर्न आएका कानूनी समस्याहरुको समाधान गर्न कारवाही गर्ने ।
- विषयगत महाशाखाहरुको राय, परामर्श र सहयोग लिई मन्त्रालय र अर्न्गतका विभाग, संस्था, समितिबाट गरिने राष्ट्रिय वा अन्तर्राष्ट्रिय सम्झौता, करार वा अन्य लिखतहरुको मस्यौदा गर्ने ।
- विषयगत महाशाखाहरुको राय, परामर्श र सहयोग लिई मन्त्रालय मातहतका विभाग पक्ष विपक्ष हुने वा भएको मुद्दामा सम्बन्धित अड्डा अदालतमा दिईने उजुरी वा प्रतिवाद वा पुनरावेदनको लिखत तयार गर्ने ।

- विषयगत महाशाखासँग समन्वय राखी मन्त्रालय वा मातहतका विभागहरु, संस्था र समितिहरुबाट माग गरेका बखत कानूनी राय सल्लाह उपलब्ध गराउने ।
- मन्त्रालय तथा मातहतका विभाग, संस्था तथा समितिहरुसँग सम्बन्धी कानूनी विवादहरुको अभिलेख राख्ने ।
- विषयगत महाशाखाहरुसँग समन्वय राखी मन्त्रालय र अन्तर्गतका विभाग, संस्था, समितिसँग सम्बन्धित ऐन कानूनको कार्यान्वयनको क्रममा त्यसबाट के कस्तो विवादहरु श्रृजना भएका छन् सोको विश्लेषण तथा अनुसन्धान गरी कुन कुन कानूनमा के कस्तो सुधार गर्न आवश्यक छ सो बारे सुझाव पेश गर्ने ।

# ३ मन्त्रालय अन्तर्गतका निकायहरुको संक्षिप्त परिचय तथा निकाय प्रमुखहरु

## ३.१ मन्त्रालय अन्तर्गतका निकायहरु

### ३.१.१ सडक तथा यातायात क्षेत्र तर्फ

**क) सडक विभाग**

वि.सं. २००७ साल भन्दा अगाडी वाटोकाज गोश्वाराबाट सडकको एउटै मात्र लेन भएका ढुङ्गा छापेका भिमफेदी अमलेखगञ्ज सडक, वुटवल भैरहवा सडक, राजधानी र तराईका केही शहरहरुमा इट्टा र ढुंगाले छापेका सडक निर्माण तथा मर्मत कार्य गरिन्थ्यो। वि.सं. २००७ साल पछि वि.सं. २०१४ सालमा सार्वजनिक निर्माण (Public Works Department, PWD) स्थापन भयो। भारत सरकारको सहयोगमा काठमाडौं–भैंसे (भिमफेदी–अमलेखगञ्ज सडकमा पर्ने) सडक निर्माण गरी मोटरवाटो भारतसँग जोडियो। हेटौंडा–नारायणगढ सडक खण्ड वि.सं. २०१५ सालमा निर्माण गरी पूर्व–पश्चिम राजमार्गको मध्ये भागमा यातायात सञ्चालन भयो।

उत्तर–दक्षिण व्यापारीक मुल वाटोलाई यातायात सञ्चालन गर्ने उद्देश्यले वि.सं. २०१४ सालमा Road Transport Organization (RTO) स्थापन भयो। RTO योजना PWD अन्तर्गत नभई छुट्टै योजनाको रुपमा स्थापन भयो। उक्त योजना सफल नभएपछि वि.सं. २०१८ सालमा योजना वन्द गरियो।

वि.सं. २०१८ सालमा सडक विभाग स्थापना भएपछि पूर्व–पश्चिम राजमार्ग निर्माण गर्ने कार्य तर्जुमा भइ निर्माण कार्य शुरु भयो। वि.सं. २०२४ सालमा पहिलो दीर्घकालीन सडक योजना तर्जुमा र वि.सं. २०२७ सालबाट राजमार्ग तथा सहायक राजमार्गको अवधारणा अनुरुप सडक निर्माण कार्य अघि वढाईयो। साथै सहायक राजमार्गहरुको निर्माण कार्य तिव्र रुपमा वि.सं. २०३८ सालबाट अघि वढाईयो।

वि.सं. २०५१ सालमा अधिराज्यभरमा सामरिक महत्वका सडकहरु (Strategic Road Network, SRN) लाई १५ वटा राजमार्ग र ५१ वटा सहायक राजमार्गहरुमा विभाजन गरी निर्माण/मर्मत संभार कार्य सडक विभागबाट अगाडी वढाईयो। सोही समय देखि विभिन्न दातृसंस्थाहरु– एशियाली विकास वैंक, विश्व वैंक र JICA को सहयोगमा सामरिक महत्वका सडकहरुलाई निर्माण/मर्मत सुधार गर्ने कार्य अघि वढाइयो।

वि.सं. २०५३ साल देखि सामरिक महत्वका सडक (SRN) मा परेका सडकहरुलाई निर्माण/मर्मत संभारको प्रभावकारी रुपमा निरन्तरता दिन प्राथमिक लगानी योजना (Priority Investment Plan, PIP) तथा २० वर्षे सडक योजनाको तर्जुमा गरी कार्य आरम्भ गरियो। वि.सं. २०५८ साल देखि सामरिक महत्वका सडकहरुलाई अरु प्रभावकारी एवं व्यवस्थित गर्न भौगोलिक सूचना प्रणालीमा आवद्ध गर्नेगरी कार्यान्वयन गर्न तर्जुमा गरियो।

भरपर्दो एवं वातावरण मैत्री राष्ट्रिय सडक संञ्जालको निर्माण तथा स्तरोन्नतीद्वारा यातायात सुविधाको विकास गरी क्षेत्रीय तथा सामाजिक असन्तुलनमा कमी ल्याउन एवं उच्च तथा दिगो आर्थिक वृद्धिद्वारा गरिवी घटाउन/न्यूनिकरणमा सहयोग पुऱ्याउने तथा सडक सम्पतिको संरक्षण गरी दिगो, भरपर्दो र सुरक्षित सडक यातायात सेवा सञ्चालन गर्ने उद्देश्य लिई सडक विभागले निरन्तर रुपमा कार्य गर्दै आएको छ। सडक विभाग अन्तर्गतका कार्यालयहरुको विवरण अनुसूची–१ मा दिईएको छ।

**ख) सडक वोर्ड**

सडक वोर्ड ऐन, २०५८ अन्तर्गत सडक वोर्ड नेपालको विधीवत गठन २०५९/०९/१५ मा भएको हो। सडकको मर्मत संभार गराउने, सडकको मर्मत संभार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्ने तथा सडकको मर्मत संभार कार्यलाई पारदर्शी एवं प्रभावकारी वनाउने उद्देश्यले यस वोर्डको स्थापना भएको हो। सडक वोर्ड नेपालको कार्यक्षेत्र भित्र सवै राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गहरु, कालोपत्रे भएका सवै सहरी तथा ग्रामिण सडकहरु, न्यूनतम सवारी चाप र स्तर भएका सवै खण्डास्मिथ ग्रामिण सडकहरु र न्यूनतम सवारी

चाप र स्तर भएका सबै कच्ची ग्रामिण सडकहरु पर्दछन् । सडक वोर्ड नेपालले प्राथमिकता दिएका ३ प्रकारका सडक मर्मतहरु मध्ये अ) नियमित, पटके, आवधिक मर्मत आ) आकस्मिक मर्मत र इ) पुन: स्थापना, पूननिर्माण, स्तर वृद्धि पर्दछन् ।

सडक मर्मतकोलागि छुट्टाइएको रकम सामरिक महत्वको सडक संजालकोलागि सडक विभाग र स्थानीय सडक संजालको हकमा स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग (डोलिडार) को संयोजकत्वमा नगरपालिका र जिल्ला विकास समितिबाट कार्यक्रम तयार पारी सम्पादन हुने गर्दछन् ।

## ३.१.२ खानेपानी तथा सरसफाइ क्षेत्र तर्फ

### ग) खानेपानी तथा ढल निकास विभाग

खानेपानी आयोजनाहरु सञ्चालन गरी खानेपानीको वढ्दो माग पूरा गर्न, जनशक्तिको उचित व्यवस्थापन गर्न एवं आन्तरिक तथा वाह्य स्रोतको अधिकाधिक परिचालन गर्न सक्षम संगठनको आवश्यकतालाई महसुस गरी २०२९ सालमा खानेपानी तथा ढल निकास विभागको स्थापन भएको थियो । वि.सं. २०३४ सालमा यस विभागले तत्कालिन चारै विकास क्षेत्रमा डिभिजन कार्यालयहरु मार्फत क्षेत्रीयस्तरबाट र सन् १९८० को दशकलाई अन्तर्राष्ट्रिय खानेपानी दशकको रुपमा घोषणा गर्ने विश्व स्वास्थ्य संगठनको प्रस्ताव प्रति नेपालले प्रतिवद्धता जनाएपछि खानेपानी क्षेत्रमा सरकारी लगानी वृद्धि हुँदै जाँदा विभाग अन्तर्गत क्षेत्रीय स्तरका ४ वटा कार्यालयहरु र ती अन्तर्गतका डिभिजन कार्यालयहरुबाट कार्य सञ्चालन गरिएको थियो । यस पश्चात खानेपानी तथा ढल निकास सम्वन्धि क्षेत्रसँग सम्वन्धित सम्पूर्ण कार्यहरु खानेपानी तथा ढल निकास विभागबाट सञ्चालन गर्नेगरी ५ क्षेत्रीय निर्देशनालय र ७५ जिल्ला खानेपानी कार्यालयहरु सहितको संरचना वि.सं. २०४५ सालमा स्वीकृत गरी कार्य सञ्चालन शुरु गरियो ।

सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदनमा केन्द्रीय स्तरका कार्यक्रमहरु सम्वन्धित मन्त्रालय/विभाग अन्तर्गतका कार्यालयहरु मार्फत गराउने सुझाव रहे अनुसार २०५८।०८।०६ मा यस विभागको सांगठनिक संरचना परिवर्तन गरी विभाग अन्तर्गत सिनियर डिभिजनल इन्जिनियर (रा.प.द्वितीय प्रा.) कार्यालय प्रमुख रहने गरी ४२ खानेपानी तथा सरसफाइ डिभिजन तथा इन्जिनियर (रा.प.तृतीय प्रा.) कार्यालय प्रमुख रहने गरी २८ सव–डिभिजन कार्यालयहरु र तिनको नियमित निरिक्षण तथा अनुगमन कार्यको लागी नेपाल राज्यको पाँचै विकास क्षेत्रका क्षेत्रीय सदरमुकाम रहेका जिल्लाहरुमा सुपरिन्टेण्डिङ इन्जिनियर (रा.प.प्रथम प्रा.) कार्यालय प्रमुख रहने गरी ५ क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालयहरुको स्थापन गरिएको छ । खानेपानी तथा ढल निकास विभाग अन्तर्गतका कार्यालयहरुको विविरण अनुसूची–१ मा दिईएको छ ।

खानेपानी तथा सरसफाइ सम्वन्धी कार्यलाई अग्रगति दिन तथा भए गरेका कामहरुलाई प्रभावकारी रुपमा निरिक्षण तथा अनुगमन गर्न यस विभागमा १२ वटा शाखाहरु रहेका छन् भने ए.डि.वि. को ऋण सहयोगमा संचालित आयोजनाका लागि २ वटा केन्द्रीय आयोजना व्यवस्थापन कार्यालयहरु रहेका छन् ।

खानेपानी तथा ढल निकास विभाग र अन्तर्गतका निकायहरुबाट केन्द्रीय स्तरका कार्यक्रमका रुपमा नेपाल सरकारको केन्द्रीय स्तरको वजेटबाट वजेट विनियोजन भई सञ्चालन गरिने खानेपानी आपूर्ति, ढल निकास, जनसाधन विकास, वातावरणीय अध्ययन, खानेपानी गुणस्तर अनुगमन तथा सुधार र सरसफाइका कार्यक्रमहरु कार्यान्वयन हुने गर्दछन । नेपाल सरकारको लगानीमा कार्यान्वयन गरिने केन्द्रीय तथा जिल्ला स्तरका सबै खानेपानी तथा सरसफाइ आयोजना/कार्यक्रमहरु उपभोक्ता समितिको सक्रिय सहभागितामा कार्यान्वयन गरी सम्पन्न भए पश्चात सञ्चालन तथा मर्मत संभारको जिम्मेवारी सरकारको नीति अनुरुप उपभोक्ता समितिलाई हस्तान्तरण गरिँदै आएको छ । स्थानीय आवश्यकता र राष्ट्रिय महत्वका केन्द्रीय स्तरका आयोजनाहरु/कार्यहरु खानेपानी तथा ढल निकास विभाग मातहतका निकायहरुबाट देहायका आधारमा सञ्चालन गरिने व्यवस्था भएको छ ।

१) जनसंख्याको हिसावले पहाडी तथा तराईमा एक हजार भन्दा वढी उपभोक्ता र हिमाली क्षेत्रमा पाँच सय भन्दा वढी उपभोक्ताहरुलाई सेवा सुविधा पुर्‍याउन सक्ने आयोजनाहरु
२) खानेपानीको गुणस्तर सुधारको निमित्त पानी प्रशोधन प्रणाली व्यवस्था गरिने आयोजनाहरु
३) विद्युतीय उपकरणहरुको प्रयोग गरी पानी संकलन वा वितरण गर्ने र अन्य यस्तै सापेक्षिक रुपमा जटिल प्रविधियुक्त आयोजनाहरु
४) साना शहर र नगरोन्मुख क्षेत्रमा लागत असुलिको अवधारणा राखी सञ्चालन गरिने आयोजनाहरु

५) आधुनिक ढल प्रणाली र ढल प्रशोधन सम्वन्धी आयोजनाहरु र सतह ढल निकास सम्वन्धी आयोजनाहरु
६) खानेपानीको गुणस्तर परीक्षण, नियन्त्रण, अनुगमन र निगरानी कार्यसँग सम्वन्धित आयोजनाहरु
७) तराई क्षेत्रका भूमिगत पानीमा पाइने आर्सनिक लगायत अन्य प्रदुषणको परीक्षण, अनुसन्धान एवं प्रशोधन संरचना सम्वन्धी व्यवस्था भएका आयोजनाहरु
८) जीर्ण भएका ठूला खानेपानी आयोजनाहरुमा प्रशोधन सुविधा समेत समावेश गरी मर्मत सुधार तथा पूनर्निर्माण गर्नुपर्ने आयोजनाहरु
९) वातावरणीय प्रभाव मूल्याङ्कन र दैवी प्रकोप व्यवस्थापन सम्वन्धी कार्य समावेश भएका आयोजनाहरु
१०) नेपाल सरकारले केन्द्रीयस्तरबाट सञ्चालन गरिने भनी तोकिएका आयोजनाहरु ।

## घ) मेलम्ची खानेपानी विकास समिति

हाल काठमाडौं उपत्यकामा अप्रत्याशित रुपमा वढेको जनसंख्याले गर्दा खानेपानीको माग दैनिक वढ्दो छ । तर मौजुदा अवस्था भने खानेपानीको आपूर्ति हिउँदमा ९ करोड र वर्षामा १३ करोड लिटर प्रतिदिन छ । अत: काठमाडौं उपत्यकाको खानेपानीको वर्तमान काकाकुल र हाहाकार अवस्थालाई दीर्घकालीन रुपमा समाधान गर्न विगत तीन दशक पहिलेदेखि अन्तर्रराष्ट्रिय दातृ संध/संस्थाद्वारा विस्तृत अध्ययन र अनुसन्धान गरी वैकल्पिक उत्कृष्ट स्रोत मेलम्ची नै हो भन्ने ठहर गऱ्यो ।

मेलम्ची खोलाको पानी २६.५ कि.मी. सुरुङ्गको माध्यमवाट काठमाडौं उपत्यकामा भित्र्याउने उद्देश्यले वि.सं. २०५२ सालमा मेलम्ची खानेपानी लिमिटेडको स्थापना गरी कार्य सञ्चालन गरिएको थियो । एशियाली विकास वैंक, जापानी तथा नर्वेजियन सरकार जस्ता प्रमुख दाताहरुले मेलम्ची खानेपानी आयोजनामा लगानी गर्ने इच्छा देखाएपछि तत्कालिन सरकारले खानेपानी समस्या निराकरणका लागि विशेष महत्व दिई आ.ब. २०५५/०५६ (सन १९९८, अगष्ट) मा आवास तथा भौतिक योजना मन्त्रालय अन्तर्गत मेलम्ची खानेपानी विकास समितिको गठन गरी कार्य सञ्चालन गर्दै आइरहेको छ । मेलम्ची खानेपानी आयोजनाले प्रथम चरणमा सिन्धुपाल्चोक जिल्लाको हेलम्वु गा.वि.स. अन्तर्गत मेलम्ची खोलाको दैनिक १७ करोड लिटर, दोस्रो र तेस्रो चरणमा क्रमश: लार्के र याङ्ग्रीबाट थप १७/१७ करोड लिटरका दरले दैनिक कूल ५१ करोड लिटर पानी काठमाडौंमा ल्याई वितरण गर्ने उद्देश्य राखेको छ । यस आयोजनाबाट उपत्यकामा रहेका धार्मिक, साँस्कृतिक तथा वातावरणीय पक्षमा सुधार ल्याउने छ । आर्थिक, सामाजिक र प्राविधिक दृष्टिकोणबाट समेत उपर्युक्त भएको यस आयोजनामा पर्याप्त पानी दीर्घकालीन रुपमा समेत धान्न सकिने गरी स्रोत रहेको छ ।

यस मेलम्ची खानेपानी आयोजना अन्तर्गत ५ वटा Components (मेलम्ची डाईभर्सन स्किम, पानी प्रशोधन केन्द्र, Bulk Distribution System, Distribution Network Improvement तथा ढल निर्माण कार्य) रहेकोमा पुनसंरचना पश्चात यस आयोजना अन्तर्गत मेलम्ची डाईभर्जन स्किम, पानी प्रशोधन केन्द्र, तथा Safeguard कार्यक्रम रहेको र काठमाडौं उपत्यका खानेपानी लिमिटेड अन्तर्गत Bulk Distribution System, Distribution Network Improvement रहेको छ । जसमा मेलम्ची उपत्यका सव–प्रोजेक्ट कोलागि २४९ मिलियन यु.एस.डलर र काठमाडौं उपत्यका सव–प्रोजेक्ट २ कोलागि ६८ मिलियन यु.एस.डलर गरी जम्मा ३१७ मिलियन यु.एस.डलरको संशोधित लागत अनुमान रहेको छ ।

## ङ) अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समिति

हिन्दुहरुको पवित्र तीर्थस्थल एवं सभ्यताको प्रतीकको रुपमा रहेको वाग्मती नदी पछिल्लो डेढ दुई दशकयता मानवीय अतिक्रमणको कारणले प्रदुषणको चपेटामा परिन् । मुलुकको अमूल्य निधिको अस्तित्व नै संकटमा परेपछि सचेत नागरिक समाजको चर्को दवावका साथै सरकारी क्षेत्रबाट उच्च प्राथमिकताका साथ नदी प्रदूषणमुक्त गर्ने कार्यको थालनी नै वर्तमान अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समितिको अस्तित्वको आधारशीला हो । राजधानीको वढ्दो जनसंख्या, अनियन्त्रित शहरीकरण, अव्यवस्थित ढल निकास र औद्योगिक एवं गार्हस्य फोहोरमैला निष्काशनको सम्पूर्ण विकृति व्यहोर्न वाध्य वनाइएको बागमती नदीको शुद्धीकरणकोलागि वि.सं. २०५१ चैत्र २८ गते तत्कालीन सरकारले पशुपति क्षेत्र वातावरण सुधार कार्यान्वयन तथा अनुगमन समिति गठन गरेको थियो । यस समितिको अधिकार एवं कार्यक्षेत्र सीमित रहेकाले समितिको कार्यक्षेत्रमा व्यापकता ल्याउन तत्कालीन श्री ५ को सरकारले वि.सं. २०५२ मंसीर ६ गते अधिकार सम्पन्न बागमती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समिति गठन गरेको थियो । समिति गठनको उद्देश्य ढल निर्माण सम्वन्धी मात्र कार्य गर्ने नभई उपत्यकाको प्राकृतिक सम्पदा, मानव सभ्यता, संस्कृति र वातावरण संरक्षणका साथै सम्वर्द्धन गर्ने समेत रहेकोले हालको नामले साघुरो दायरामा कार्य गर्ने

निकायको रुपमा परिचित गराएको हुँदा यस समितिले सम्पादन गर्ने कार्य अनुसारको नाम नेपाल सरकारको मिति २०६५।०२।२६ को निर्णायनुसार "अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समिति" नामाकरण गरेको छ।

समितिको स्थापनकालदेखि २०६३ सालसम्म नेपाल सरकारको तेस्रो प्राथमिकताको क्रममा रहेको यो आयोजना आ.ब. २०६४/०६५ को वजेट मार्फत नेपाल सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त (P1) आयोजनको क्रममा समावेश गरी सकेको छ। वाग्मती नदीको उद्‌गम थलो शिवपुरी जलाधारदेखि चोभारसम्मको प्राकृतिक सम्पदा, मानव सभ्यता, संस्कृति र वातावरण स्वच्छ र सफा राखि यसका सहायक नदीनालाहरुलाई असर गर्ने कुनै पनि काम कारवाही रोकी बागमती नदीलाई स्वच्छ, सफा राख्ने कार्यमा सहयोग पुऱ्याउने व्यक्ति, संध संस्थालाई प्रोत्साहित गर्ने गराउने अधिकार समेत यसै समितिलाई प्रदान गरिनुका साथै उपत्यका भित्र भएर बग्ने अन्य नदीनालाहरुलाई सफा सुग्घर राखी वाग्मती लगायतका खोला नालाहरुमा कुनै प्रकारको दुषित (ठोस वा तरल) पदार्थ मिसाउन नपाउने र कुनै तरल पदार्थ मिसाउनै परेमा पनि प्रशोधन गरेर मात्र मिसाउन पाउने व्यवस्था गर्नको निमित्त नदी किनारामा ढल निर्माण गर्ने, फोहोर पानी प्रशोधन केन्द्रहरुको निर्माण, सञ्चालन तथा संभार, नदी कटान नियन्त्रण गर्ने, तटवन्ध निर्माण गर्ने, नदी किनारामा आवश्यकता अनुसार सडक निर्माण र वृक्षरोपण गर्ने, काठमाडौं उपत्यकाका अन्य नदीहरुको वहावक्षेत्र र हरितक्षेत्र अतिक्रमण भैरहेकोले त्यसलाई नियन्त्रण गर्ने आदि समितिको उद्देश्य तथा कार्यक्रम रहेका छन्। यस समितिले पहिलो चरणको कार्य अन्तर्गत गोकर्णदेखि राजराजेश्वरी घाट खण्डको नदी शुद्ध वनाई पवित्र तीर्थस्थल पशुपतिनाथ अवस्थित वाग्मती नदी प्रदूषणमुक्त गराउने कार्य भइरहेको छ। दोस्रो चरण अन्तर्गत गोकर्णदेखि सुन्दरीजल र तेस्रो चरणको तिलगंगादेखि चोभारखण्डको नदी किनारामा ढल, फोहोर पानी प्रशोधन केन्द्र, तटवन्ध, सडक तथा हरित क्षेत्र निर्माण गर्ने कार्यक्रम रहेको छ। काठमाडौं उपत्यकाका अन्य नदीहरु रुद्रमती, इच्क्षुमति, मणिमती र विष्णुमती लगायत उपत्यकामा वहने सवै नदीनालाहरुले पनि वाग्मती नदी शुद्धीकरणका निम्ति निर्माण हुने संरचनाहरुलाई असर पार्ने भएकोले उपत्यकाभित्र रहेका सवै नदीनाला, खोलाहरुको शुद्धीकरण, हरितक्षेत्र तथा सडक निर्माण र नदीको वहाव क्षेत्र कायम गर्न वृहत्तर योजना तयार गरी कार्यान्वयन गर्ने उद्धेश्य राखेको छ।

### च) काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वोर्ड

काठमाडौं उपत्यका भित्रका नगरपालिका क्षेत्रको खानेपानी तथा सरसफाइ सेवालाई नियमित, व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गराउनका लागि यस वोर्डको गठन भएको हो। गठन सम्वन्धी व्यवस्था नेपाल राजपत्रमा मिति २०६२।०१।०५ मा प्रकाशित छ। नेपाल सरकारको मिति २०६४।०६।१३ को निर्णयानुसार काठमाडौं उपत्यका भित्रको नेपाल खानेपानी संस्थानले संचालन र व्यवस्थापन गरी रहेको खानेपानी तथा सरसफाइ सेवा प्रणाली र सो सेवा प्रणालीसँग सम्वद्ध सम्पति र दायित्व यस वोर्डमा हस्तान्तरण भइ मिति २०६४।११।०१ देखि लागू हुने गरी काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL) लाई सेवा सञ्चालन गर्न अनुमति पत्र दिइएको छ। यस वोर्डले गर्ने कामहरु निम्न अनुसार छन् –

१) काठमाडौं उपत्यका भित्रको खानेपानी संस्थान सम्पतिको जिम्मा लिने
२) KUKL वा अन्य सेवा प्रदायले प्रदान गर्ने सेवाको अनुगमन गर्ने
३) भूमिगत पानी उत्खनन तथा वितरण सम्वन्धी नीति निर्माण गरी लागू गर्ने
४) सम्भाव्य आयोजनहरु निर्माण गर्नकोलागि आर्थिक स्रोत जुटाउने र
५) मन्त्रालय र सम्वन्धित अन्य निकायहरुसँग समन्वय कायम गर्ने।

### छ) खानेपानी महशुल निर्धारण आयोग

खानेपानी तथा सरसफाइ सेवाको महशूल निर्धारण गरी मनासिव मूल्यमा उपभोक्तालाई गुणस्तरीय र भरपर्दो खानेपानी तथा सरसफाइ सेवा उपलव्ध गराई उपभोक्ताको हित संरक्षण गर्ने उद्देश्यका साथ खानेपानी महशूल निर्धान आयोग ऐन, २०६३ अनुसार यस खानेपानी महशूल निर्धारण आयोगको स्थापन भएको हो।

आयोगले स्थापना कालदेखि नै खानेपानी तथा सरसफाइ सेवालाई उपभोक्ता हित अनुकुल वनाउन सेवा प्रदायकले उपभोक्तासँग लिन पाउने सेवाको महशूल निर्धारण गर्ने, सेवा प्रदायकले निर्धारणको निम्ति आयोग समक्ष निवेदन पेश गर्दा अपनाउनु पर्ने नीति तथा कार्यविधि स्वीकृत गर्ने, उपलव्ध सेवाको अनुगमन गरी सेवाको गुणस्तर कायम गर्ने गराउने, महशूल निर्धारण सम्वन्धि मापदण्ड निर्धारण गरी कार्यान्वयन गराउने, खानेपानी तथा सरसफाइ सेवा सम्वन्धमा नेपाल सरकारलाई आवश्यक सल्लाह र सुझाव दिने जस्ता अधिकार

र कर्तव्यको सिमाभित्र रहि कार्य गरिरहेको छ। आयोगले नेपाल राज्यभित्र प्राकृतिक पानी सङ्कलन गरी प्रशोधन गर्ने, विक्री गर्ने, वा व्यापारीक प्रयोजनकोलागि उपभोग गर्ने वा सरसफाइ सम्वन्धि काम गर्ने कुनै पनि व्यक्ति, संध, संस्था, कम्पनी, फर्म आदी जस्ता निकायहरुलाई आफ्नो क्षेत्राधिकार भित्र राखेर कार्य गर्दै आएको छ।

खानेपानी महशूल निर्धारण आयोगको साङ्गठनिक संरचना अनुसार आयोगको प्रशासन आध्यक्षको मातहतमा रहि दैनिक प्रशासनिक कार्य संचालन हुने गर्दछ। आयोग ऐनमा व्यवस्था गरिए अनुसार अध्यक्ष पूर्णकालीन रहने र दुई जना सदस्यहरु वैठक वा आवश्यकता भएमा आउने व्यवस्था गरिएको छ।

आयोगले सचिवालय सञ्चालनकोलागि काठमाडौं महानगरपालिका वडा नं. ३४, आलोकनगरमार्ग–४१, मीनभवनमा अवस्थित भवन भाडामा लिई आफ्नो कार्य सञ्चालन गर्दै आएको छ।

### ज) काठमाडौं उपत्यका खानेपानी लिमिटेड (के.यु.के.एल.)

तत्कालीन नेपाल खानेपानी संस्थानले उपत्यकामा सञ्चालन गर्दै आएको सेवा प्रणालीलाई पव्लिक प्राईभेट पार्टनरसिप अवधारणा अन्तर्गत गठित काठमाडौं उपत्यका खानेपानी लिमिटेडको स्थापना २०६४।११।०१ गते देखि अस्तित्वमा आएको हो। के.यु.के.एल. ले काठमाडौं उपत्यकाभित्रका काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका, भक्तपुर नगरपालिका, मध्यपुर ठिमी नगरपालिका र किर्तिपुर नगरपालिकाहरुलाई निम्न शाखाकार्यालयहरु मार्फत खानेपानी तथा ढल सेवा प्रदान गरीरहेको छ।

१) मूख्य कार्यालय, त्रिपुरेश्वर
२) त्रिपुरेश्वर शाखाकार्यालय, त्रिपुरेश्वर
३) क्षेत्रपाटी शाखाकार्यालय, क्षेत्रपाटी
४) महाराजगञ्ज शाखाकार्यालय, महाराजगञ्ज
५) महांकालचौर शाखाकार्यालय, महांकालचौर
६) कमलादी शाखाकार्यालय, कमलादी
७) वानेश्वर शाखाकार्यालय, मिनभवन
८) ठिमी शाखाकार्यालय, ठिमी
९) भक्तपुर शाखाकार्यालय, भक्तपुर
१०) ललितपुर शाखाकार्यालय, ललितपुर
११) इलेक्ट्रोमेकानिकल शाखाकार्यालय, किर्तिपुर
१२) किर्तिपुर शाखाकार्यालय, किर्तिपुर
१३) ढल सञ्चालन विभाग, जावलाखेल
१४) गुणस्तर नियन्त्रण शाखाकार्यालय, किर्तिपुर
१५) टैंकर शाखाकार्यालय, महांकालचौर

### झ) नेपाल खानेपानी संस्थान

साविकमा पानी गोश्वाराबाट प्रारम्भ भएको र वि.सं. २०३० वैशाखमा तत्कालिन पानी गोश्वारा विगठन गरी विकास समिति ऐन, २०१३ अन्तर्गत खानेपानी तथा ढल निकास समितिको गठन भएको र वि.सं. २०४१ साल श्रावण देखि उक्त समिति खानेपानी तथा ढल निकास संस्थानमा परिणत भयो। वि.सं. २०४६ साल फाल्गून १५ गते देखि यसको नाम "नेपाल खानेपानी संस्थान" रहेको छ। हाल यो संस्थान " नेपाल खानेपानी संस्थान ऐन, २०४६" अन्तर्गत संचालित छ।

नेपाल सरकारले तोकिदिएको निम्न नगर क्षेत्रहरुमा नियमित रुपले स्वच्छ खानेपानीको सेवा तथा ढल निकासको समुचित व्यवस्थापन गर्नु संस्थाको मूख्य उद्देश्य रहेको छ।

| सि.नं. | नगरपालिका उपमहानगरपालिका | जिल्ला |
|---|---|---|
| १ | भद्रपुर नगरपालिका | झापा |
| २ | विराटनगर उपमहानगरपालिका | मोरङ |
| ३ | धरान नगरपालिका | सुनसरी |
| ४ | राजविराज नगरपालिका | सप्तरी |
| ५ | लाहान नगरपालिका | सिरहा |

| सि.नं. | नगरपालिका उपमहानगरपालिका | जिल्ला |
|---|---|---|
| ६ | मलंगवा नगरपालिका | सर्लाही |
| ७ | गौर नगरपालिका | रौतहट |
| ८ | जलेश्वर नगरपालिका | महोत्तरी |
| ९ | कलैया नगरपालिका | वारा |
| १० | वीरगंज उपमहानगरपालिका | पर्सा |
| ११ | जनकपुर नगरपालिका | धनुषा |
| १२ | हेटौंडा नगरपालिका | मकवानपुर |
| १३ | भरतपुर नगरपालिका | चितवन |
| १४ | वनेपा नगरपालिका | काभ्रे |
| १५ | पनौति नगरपालिका | काभ्रे |
| १६ | वुटवल नगरपालिका | रुपन्देही |
| १७ | भैरहवा नगरपालिका | रुपन्देही |
| १८ | तौलिहवा नगरपालिका | कपिलवस्तु |
| १९ | पोखरा उपमहानगरपालिका | कास्की |
| २० | नेपालगंज नगरपालिका | वाँके |
| २१ | धनगढी नगरपालिका | कैलाली |
| २२ | महेन्द्रनगर नगरपालिका | कञ्चनपुर |

**ञ) ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति**

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको स्थापना वि.सं. २०५२ चैत्र १ गते विकास समिति ऐन, २०१३ अन्तर्गत नेपाल सरकारको गठन आदेश बमोजिम भएको हो। 'जनताको खानेपानी तथा सरसफाइ कार्यक्रम' (जरवापास) को स्थलगत परीक्षणको आधारमा परम्परागत खानेपानी आपूर्ति तथा वितरण प्रणालीमा मौलिक परिवर्तन ल्याई ग्रामीण जनतालाई स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउन, मागमा आधारित तथा सहभागितामुलक विकास अवधारणालाई समाहित गर्ने गरी समितिको स्थापना भएको हो। दोस्रो ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना (सन् २००४–२००९) यस अधि सफालतापूर्क कार्यान्वयन भइ सम्पन्न भएको पहिलो ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना (सन् १९९६–२००३) को निरन्तरता हो। दोस्रो आयोजनाले पहिलो आयोजनामा अनपनाएको सामान्य सिद्धान्त र अवधारणालाई निरन्तरता दिंदै विगतमा सिकेको पाठहरु एवं अनुभवको आधारमा पाइएका त्रुटि एवं कमि–कमजोरी हटाइ दोस्रो आयोजना सञ्चालनमा आएको हो। समितिद्वारा सञ्चालित आयोजनालाई विश्व वैंक/अन्तर्राष्ट्रिय विकास नियोगको प्रमुख रुपमा सहयोग प्राप्त छ भने वेलायती सरकारको अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआइडी) ले पनि चौथौ र पाँचौ समूहको आयोजनामा सहयोग पुऱ्याएको छ। साथै नेपाल सरकारले पनि आयोजना सञ्चालनमा सहयोग पुऱ्याउदै आएको छ। भौतिक योजना तथा निर्माण मन्त्रालय नै यस समितिको सम्वन्धित मन्त्रालय हो। लागत प्रभावी, मागमा आधारित र दिगोरुपमा ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रमहरुलाई अरु सुदृढ पारी सामुदायिक स्वामित्व र जिम्मेवारी भावनाको विकास गरी ग्रामीण क्षेत्रको गरिवी न्यूनीकरण गर्दै लैजाने समितिको समष्टिगत लक्ष्य रहेको छ। ग्रामीण क्षेत्रका समुदायको जीवनस्तर उकास्न आयोजनाको निम्नानुसार उद्देश्यहरु छन्:

- क्षेत्रगत सांगठनिक कार्यक्षमता अभिवृद्धि गरी "समितिको अवधारणालाई" नेपाल सरकारको कार्यपद्धतिमा समाहित गर्दै लैजाने।
- ग्रामीण समुदायलाई समावेशी स्थानीय खानेपानी तथा सरसफाइ उपभोक्ता समूहको गठन गर्न मद्दत पुऱ्याउने, जन समूहले योजना तर्जुमा गर्न, कार्यान्वयन गर्न र सञ्चालन गर्न सक्षम वनाउने तथा ग्रामीण परिवारलाई दिगो स्वास्थ्य, सरसफाइ तथा उत्पादनशील लाभ प्रदान गराउने।

## ३.१.३ आवास तथा शहरी विकास क्षेत्र तर्फ

### क) शहरी विकास तथा भवन निर्माण विभाग

सरकारी कार्यालयहरुको भवनको नक्सा एवं लगत इष्टिमेट तयार गर्नुका साथै ती भवनहरुको सुपरीवेक्षण गर्ने उद्देश्यले भवन विभागको स्थापना भएकोमा पछि २०२८ सालमा आवास, भवन तथा भौतिक परियोजना विभागको नामाकरण गरियो । एकीकृत रुपमा कार्य गर्ने उद्देश्यले वि.सं. २०५७।०३।२६ मा शहरी विकास तथा भवन निर्माण विभागको स्थापन गरियो जुन हालसम्म यसै नामबाट कार्यरत रहेको छ । शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका कार्यालयहरुको विवरणहरु अनुसूची–१ मा दिइएको छ । यसका कार्यक्षेत्र निम्नानुसार रहेका छन् ।

१) शहरी विकास नीति, योजना तथा कार्यान्वयन
२) आवास नीति, योजना तथा कार्यान्वयन
३) सरकारी भवन निर्माण, मर्मत तथा सम्भार र
४) नगर विकास योजना र पूर्वाधार विकास

यसका उद्देश्यहरु निम्न अनुसार छन्

१) **शहरी विकास**: विद्यमान सांस्कृतिक, पर्यटकीय तथा ऐतिहासिक क्षेत्रहरुको संरक्षण तथा सम्वर्द्धन हुने गरी आधुनिक भौतिक सुविधाहरुको व्यवस्था गरी दिगो रुपले शहरहरुको विकास तथा गाउँ/नगरवीचको अन्तरसम्वन्ध सुदृढ गर्ने ।
२) **आवास तथा ग्रामीण विकास**: व्यवस्थित वसोवासको प्रवर्द्धन गर्दै सुरक्षित तथा किफायती खालका आवासहरु उपलव्ध गराउने ।
३) **भवन**: सुरक्षित, किफायती र वातावरण अनुकूल सकभर स्वदेशी वास्तुकला झल्कने खालका भवनहरु निर्माण तथा विकास गराउने ।

### ख) काठमाडौ उपत्यका नगर विकास समिति

काठमाडौं उपत्यका भित्र हुन सक्ने विस्तारलाई सुव्यवस्थित गर्ने र योजनावद्ध रुपमा विकास गर्दै लैजाने नेपाल सरकारको नीति अनुरुप वि.सं. २०३३ साल आषाढमा, अल्पकालीन तथा दीर्धकालीन उद्देश्य लिई काठमाडौं उपत्यका नगर विकास समितिको गठन भएको हो । यसका दीर्धकालीन उद्देश्यहरु निम्न अनुसारका छन्–

१) उपत्यका निवासीहरुको जीवनस्तर (Standard of Living) उच्च र स्वस्थ पार्दै लैजानु र
२) उपत्यकाको ऐतिहासिक, धार्मिक एवं पुरातात्विक वस्तु तथा स्थलहरु (Man made as well as natural) को संरक्षण तथा सम्वर्द्धन गर्नु ।

यसका लागि अल्पकालीन उद्देश्यहरु निम्न अनुसारका छन्–

१) शहरको जथाभावी विस्तार क्रमलाई नियन्त्रण गरी एक ठोस दिशातिर निर्देशित गर्नु
२) कृषिजन्य जमिन र वन क्षेत्रको संरक्षण गर्नु
३) पुरातात्विक, प्राकृतिक तथा पर्यटन सम्वन्धी स्थानहरुको संरक्षण र सुधार गर्नु
४) काठमाडौं, पाटन र भक्तपुरको पुरानो वाक्लो शहरी क्षेत्र (Old city core) मा जनचापलाई वढ्न नदिनु
५) आवासीय क्षेत्र विकास गरी योजनावद्ध रुपमा बसोबास गराउनु
६) शहर विस्तार कार्य सुहाँउदो ठाँउमा केन्द्रित गर्नु, र
७) भू–उपयोग योजना वनाई विभिन्न क्षेत्रहरु निर्धारण गर्नु ।

## ग) सिंहदरवार सचिवालय पुन: निर्माण समिति

वि.सं. २०३० साल अघि राज्यका प्रमुख निकायहरु सिंहदरबार भित्र (सिंहदरबार मुल भवनमा) रहेका थिए। वि.सं. २०३० आषाढ २५ गते सिंहदरबार भवन आगलागिबाट क्षतिग्रस्त भएपछि राज्यका केन्द्रीय निकायहरु काठमाडौं र ललितपुरका विभिन्न स्थानमा छरीनुपर्ने र भाडामा वस्नुपर्ने अवस्था आएको थियो। केन्द्रीय निकायहरु अव्यवस्थित र छरिएर रहेको कारणले राज्यको काममा स्वभावैले असुविधा उत्पन्न हुन गएको अवस्था थियो। यसरी सरकारका विभिन्न निकायहरु समेतमा पर्न गएको प्रभावलाई समाधान गर्न, आगलागिको प्रकोपबाट भएको क्षतिलाई पुरा गर्न र त्यसको असर प्रभावलाई क्रमश: समाधान गर्दै जान, राज्यका प्रमुख अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका केन्द्रीय निकायहरुलाई व्ययस्थित गर्न, सिंहदरबार क्षेत्रको विस्तृत गुरुयोजना तयार गर्न र सो बमोजिम यस हाताभित्र रहने निकायहरुलाई व्यवस्थित गर्ने उद्देश्य अनुरुप क्षतिग्रस्त सिंहदरबार भवनलाई पुन: निर्माण गर्ने, सिंहदरबार क्षेत्रको गुरुयोजना तयार गरी स्वीकृत गरुयोजना अनुसार कार्यपालिका अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मन्त्रालय, सचिवालय तथा अरु कार्यालयहरु, व्यवस्थापिकाकोलागि संसद भवन, न्यायपालिकाकोलागि सर्वोच्च अदालत र यस हाताको सुरक्षाको निमित्त आवश्यक न्यूनतम सुरक्षा युनिकको साथै सरकारी सञ्चार युनिटहरु (नेपाल टेलिभिजन, रेडियो नेपाल) समेतलाई व्यवस्थित गर्न पूर्वमा अनामनगर, पश्चिममा रामशाहपथ, उत्तरमा कालीकास्थान र दक्षिणमा अरनिको राजमार्ग भित्रलाई वृहद गुरुयोजना क्षेत्रभित्र पारी वि.सं. २०३८ सालमा गुरुयोजना स्वीकृत भै उक्त गुरु योजना समयानुकुल संसोधन गर्दै कार्यान्वयन भइरहेको छ।

गुरुयोजना कार्यान्वयनको चरणमा सिंहदरबार पहिलो चोक भवन निर्माण सम्पन्न गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग लगायत अन्य कार्यालयकोलागि स्थान व्यवस्था गरिएको छ। गुरुयोजना बमोजिम विभिन्न १३ मन्त्रालय भवनहरु, नेपाल टेलीभिजन, रेडियो नेपाल, सुरक्षण मुद्रणकोलागि उपयुक्त स्थानमा आवश्यकता अनुरुपको भवन निर्माण गर्न भवनको आर्किटेक्चरल डिजाइन कार्य भैरहेको छ। राष्ट्रिय योजना आयोग र विभिन्न अन्य मन्त्रालय सचिवालयकोलागि उपयुक्त भवन निर्माण गर्न डिजाइन कार्य सम्पन्न भइसकेको छ। गुरुयोजना हाताभित्र करीव ६० प्रतिशत स्थानमा आवश्यकता अनुसारको पूर्वाधार व्यवस्थाको काम भइसकेको छ। कार्यक्रम अनुसार न्यायपालिका (सर्वोच्च अदालत) कोलागि आवश्यकता अनुरुपको उपयुक्त संरचना निर्माणको साइट व्यवस्था गर्न गुरुयोजना संसोधनको काम भैरहेको छ। सिंहदरबार परिसरकोलागि आवश्यक न्यूनतम सुरक्षा युनिटको निम्ति संरचना व्यवस्थापनको काम भइरहेको छ।

विभिन्न समयमा देशको राजनैतिक परिवर्तनको प्रभाव सिंहदरबार क्षेत्रको गुरुयोजना कार्यान्वयनमा पनि पर्न गएको छ। यसको कारण विभिन्न समयमा गुरुयोजनामा संशोधन गर्नुपर्ने आवश्यकता भएको छ। यसै क्रममा सिंहदरबार परिसरको पर्खाल सारी चारैतर्फ बाटो खोलीएको कारणले सिंहदरबार पहिलेको स्वरुपमा परिवर्तन भै उत्तर पिपा गोश्वारा क्षेत्र करीव ५७ रोपनी, दक्षिण ववरमहल क्षेत्र करीव ३७ रोपनी र सिंहदरबार मूख्य भागमा करीव ८०८ रोपनी क्षेत्रफल विभाजन हुन गयो। यस विभागजनबाट गुरुयोजनाको वृहद स्वरुपमा प्रभाव पर्न गएको र विभाजित क्षेत्रहरु ववरमहल, पिपा गोश्वारा क्षेत्रमा सिंहदरबार वैद्यखाना लगायत विभिन्न निकायहरुबाट आफूखुसी संरचनाहरुको निर्माण हुन गएको अवस्था छ। यसले यस क्षेत्रको स्वरुपमा नकारात्मक प्रभाव पर्न गएको छ।

स्वीकृत गुरुयोजनालाई कार्यान्वयन चरणमा जाँदा क्षतीगस्त सिंहदरबाट भवनलाई जोगाइएको पश्चिम भागसँग जोडी सोहि डिजाइन र स्वरुपमा भवनको पुन: निर्माण गर्नु, सिंहदरबार क्षेत्रको सिमित क्षेत्रफलमा राज्यको आवश्यकता अनुसारका अंगहरुलाई स्थानको व्यवस्था गरी गुरुयोजना तयार गर्नु, स्वीकृत गुरुयोजना हाताभित्र रहेको स्थानान्तरण गर्नुपर्ने विभिन्न निकायहरुलाई उपयुक्त समयमा स्थानान्तरण गर्नु, सिंहदरबार वाहिर रहेका विभिन्न निकायहरु सुरक्षा, सुगमता आदिको कारणले सिंहदरबार भित्र व्यवस्थित हुन नचाहने प्रवृत्ती र तत्कालीन (सिंहदरबार भवन आगलागिको) समयमा जनसाधारण र विभिन्न संध संस्थाहरुबाट संकलिन चन्दा रकम र नेपाल सरकारबाट सालवसालि हुने विनियोजन अन्तर्गत रहि गुरुयोजनाको उद्देश्य पुरा गर्नुपर्ने अवस्थाहरु गरुयोजना कार्यान्वयनका चुनौतीका रुपमा रहेका छन्। यी चुनौतीहरु अहिले पनि यथावत छन्। हाल सिंहदरबार परिसर भित्र संसद सचिवालय, सर्वोच्च अदालत, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभिन्न १८ मन्त्रालय सहित ३९ निकायहरुलाई व्यवस्थित गरी राखिएको छ। गुरुयोजना बमोजिम केही निकायहरुलाई स्थानान्तरण गर्नुपर्ने र सिंहदरबार वाहिर रहेका र व्यवस्थित भवन नभएका मन्त्रालयहरुलाई तत्काल व्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको छ। यसको निमित्त यस क्षेत्रमा कार्यान्वयन तहमा रहेको सिंहदरबार सचिवालय पुन: निर्माण समितिलाई साधन स्रोतले सवल वनाउनु र निर्णय र त्यसको कार्यान्वयन तहम चुस्तता वनाउनु अहिलेको आवश्यकता रहेको छ।

## घ) नगर विकास कोष

देशमा नगरहरुको निर्माण, विकास र विस्तार एवं नगरहरुमा आधारभुत समाजिक सेवा र आयमूलक आयोजना सञ्चालन गर्न गराउन तथा त्यस्ता सेवा तथा आयोजना सञ्चालन गर्ने नगर विकाससँग सम्वन्धित निकायलाई आवश्यक आर्थिक र प्राविधिक सहयोग पुऱ्याई व्यवस्थित ढंगले नगरको विकास गर्न, गराउनकोलागि वि.सं. २०५३ सालमा नगर विकास कोष ऐन, २०५३ बमोजिम नगर विकास कोष स्वायत्त संस्थाको रुपमा स्थापना भएको छ । यस कोष अन्तर्गतका आयोजना/कार्यक्रमहरुको संक्षिप्त परिचय निम्नानुसार छन ।

१) नगर विकास कार्यक्रम – दोस्रो चरण (Town Development Programme - II Phase)

जर्मन विकास वैंक (के.एफ.डव्लु.) को पहिको चरणको सफल कार्यान्वयन पश्चात् सन् २००१ देखि २००८ सम्मकोलागि पुन: नगर विकास कार्यक्रम दोस्रो चरण अन्तर्गत देशका नगरपालिकाहरुमा सामाजिक पूर्वाधार तथा आयमूलक आयोजनाहरुमा लगानी गर्नकोलागि कोषलाई करिव रु. ६५ करोड अनुदान सहयोग प्राप्त भएको थियो । यस कार्यक्रम अन्तर्गत कोषले देशका ५८ वटा नगरपालिकाहरुमा विभिन्न सामाजिक पूर्वाधार तथा आयमूलक आयोजनाहरुमा ऋण, सरल ऋण तथा अनुदान प्रदान गरिरहेको छ ।

२) जिल्ला स्वास्थ्य आयोजना (District Health Project)

कोषले हालसम्म सामाजिक पूर्वाधार विकासको क्षेत्रमा हासिल गरेको अनुभवको आधारमा नेपाल सरकार, स्वास्थ्य सेवा विभागद्वारा सञ्चालित यस आयोजना अन्तर्गत कोषले स्वास्थ्य सेवा भवनहरुको पुन: निर्माण तथा विस्तारका लागि सन् २००३ देखि अनुदान सहयोग प्रदान गर्ने प्रावधन रहेको छ । यस आयोजना अन्तर्गत भेरी अञ्चल अस्पताल, धादिङ्ग र वर्दिया जिल्ला अस्पताल, राजापुर, सोरहवा र गजुरी प्राथमिक स्वास्थ्य उपचार केन्द्रहरुको विस्तार तथा पुर्ननिर्माणकोलागि कोषले अनुदान सहयोग प्रदान गरेको छ ।

३) साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (Small Town Water Supply and Sanitation Sector Project)

एशियाली विकास वैंकबाट प्राप्त ऋण सहयोगबाट संचालित यस साना शहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत कोषले देशका ४० देखि ५० साना शहरहरुमा खानेपानी प्रणाली निर्माण गर्न कूल लगातको ३०% रकम ऋण स्वरुप खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थालाई उपलव्ध गराईरहेको छ । यस कार्यक्रम सन् २००१ देखि शुरु भएको हो ।

४) शहरी वातावरणीय सुधार आयोजना (Urban Environment Improvement Project)

एशियाली विकास वैंकको ऋण सहयोगमा कोषले उपत्यका नजिकका नगरहरुमा शहरी पूर्वाधारको उचित व्यवस्था गरी काठमाडौं उपत्यकामा परेको जनसंख्याको चापलाई न्यूनिकरण गर्न संचालित शहरी तथा वातावरणीय सुधार आयोजना अन्तर्गत धुलिखेल, हेटौंडा, भरतपुर, वनेपा, पनौती, रत्ननगर, विदुर कमलामाई र धादिङ्गवेशी शहरमा आयमूलक आयोजनाहरुमा ऋण सहयोग गरिरहेको छ । यो कार्यक्रम सन् २००३ देखि शुरु भई सन् २००९ मा सम्पन्न गर्ने लक्ष्य लिईएको थियो ।

### ङ) नेपाल आवस वित्त कम्पनी लिमिटेड

नेपाल अधिराज्यमा वढ्दो आवासको माग परिपूर्ति गर्न मौजुदा आवास व्यवस्थामा सुधार ल्याउनु, नयाँ आवास परियोजना सञ्चालन गर्न, आवास ऋण सुविधाहरु उपलव्ध गराउन तथा तत्सम्वन्धी अन्य सेवाहरु प्रदान गर्न, हायर पर्चेज कर्जा, शैक्षिक कर्जा, प्राविधिक कर्जा प्रदान गर्न, धितो कारोवार तथा मर्चेन्ट बैंकिक कारोवार गर्नका साथै नेपाल राष्ट्र वैंक ऐन, २०५८ प्रचलित वैङ्क तथा वित्तीय संस्था सम्वन्धी कानूनको अधिनमा रही ऋण कर्जा प्रवाह गर्न कम्पनीको स्थापना भएको हो। यस वित्तीय संस्थाले आफ्नो उद्देश्य हासिल गर्न वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (३) बमोजिम 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही विभिन्न कार्यहरु गरिरहेको छ।

### च) ग्रामीण आवास कम्पनी लिमिटेड

यस कम्पनीको स्थापना हुनुपूर्व वि.सं. २०२० साल फाल्गुण ११ गते कृषिमा आधारित पुनर्वास कार्यक्रम सञ्चालनार्थ तत्कालिन सरकारबाट गठित नेपाल पुनर्वास कम्पनी प्रा.लि. को यस कम्पनीको स्थापनामा महत्वपूर्ण भुमिका रहेको छ। दैवी प्रकोप पीडित भइ वसाई सर्न वाध्य भएका र भूमीमा आश्रित रहेता पनि भूमीहिन भइ असहाय हुन पुगेका परिवारहरुको गाँसवासको व्यवस्था गर्न तथा पुनर्वास क्षेत्रमा निर्देशित कृषि प्रणालीद्वारा कृषि उत्पादन वृद्धि गराउने उद्देश्यले यो कम्पनीको स्थापन भएको थियो। वि.सं. २०४६ साल फाल्गुण ८ गते सम्ममा तराईको ७ जिल्लाको १० स्थानमा २६,३४७ हेक्टर जग्गामा १९,०७६ परिवारलाई आधारभुत आवश्यकताको व्यवस्था सहित पुनर्वास गराईएको थियो। जग्गाको सिमितताले कृषिमा आधारित पुनर्वास कार्यक्रम जारी रारुन सम्भव नभएको हुँदा योजनवद्ध आवास कार्यक्रम सञ्चालन गर्न निम्न उदेश्यहरु पूरा गर्ने लक्ष्य राखी २०४६ साल फाल्गुण ९ मा ग्रामीण आवास कम्पनी लि. मा रुपान्तरण गरियो।

ग्रामीण आवास कम्पनी लि. को उद्देश्यहरु निम्नानुसार छन्।

१) दैवी प्रकोप पीडित असहाय र आश्रम विहिन परिवारका लागि राज्यका विभिन्न भागहरुमा सम्वन्धित निकायहरुबाट साधन लिई आवासको व्यवस्था गर्ने
२) योजनावद्ध वस्ती विकास गर्ने
३) गरिवीको रेखामुनी रहेका आफ्नो घडेरी नभएका परिवारहरुलाई वित्तिय साधन जुटाई आवासको व्यवस्था गर्ने, र
४) कुनै योजना संचालन गर्दा (खानी, जलविद्युत, सडक निर्माण, कारखाना स्थापना आदी) विस्थापित हुन जाने परिवारहरुलाइ आयोजना सञ्चालन गर्ने, निकायबाट आवश्यक रकम लिई पुनः स्थापनको व्यवस्था मिलाउने।

## ३.१.४ विविध क्षेत्र तर्फ

### क) अन्तराष्ट्रिय सम्मेलन केन्द्र विकास समिति

अन्तराष्ट्रिय सम्मेलन केन्द्र विकास समिति हाल करिव १५३ रोपनी १३ आना १ दाम जमिनको क्षेत्रफलमा रहेको छ। वि.सं. २०४४ आश्विन १ गते तत्कालीन श्री ५ को सरकार तथा मित्र राष्ट्र चीन सरकार बीच अन्तराष्ट्रिय सम्मेलन केन्द्र निर्माण गर्ने सहायता सम्वन्धी सम्झौता भएपछि वि.सं. २०४६ साल मंसिर ५ गते तत्कालीन चिनियाँ प्रधानमन्त्री Li Peng बाट भवनको शिलान्यास र वि.सं. २०४६ पौष २ गते तत्कालीन श्री ५ को सरकार र चिनियाँ सरकार वीच निर्माण सम्वन्धी सम्झौता भए अनुरुप वि.सं. २०४७ आश्विन ६ गते निर्माण कार्य प्रारम्भ भइ वि.सं. २०५० श्रावण ५ गते निर्माण सम्पन्न र वि.सं. २०५० श्रावण २० गते तत्कालीन श्री ५ को सरकारलाई हस्तान्तरण भएको हो। वि.सं. २०५० मंसीर ३ गते तत्कालीन राजा स्व. श्री ५ वीरेन्द्र वीर विक्रम शहदेवबाट समुद्घाटन भई वि.सं. २०५१ आश्विन १० गते विकास समिति ऐन, २०१३ अनुसार विकास समितिको रुपमा परिणत भएको र वि.सं. २०५३ माघ २३ गते तत्कालिन श्री ५ वीरेन्द्र गद्दी आरोहणको रजत महोत्सवको अवसरमा यस केन्द्रको नाम वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र भएको हो। हाल यसको नाम अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति रहेको छ। केन्द्रको मूख्य भवन भित्र साना–ठूला गरी ८ वटा हलहरु रहेका र तिनको सीट क्षमता ५० जना देखि १००४ जनासम्म रहेको छ।

**ख)  नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल (एन.सी.सी.एन.)**

सार्वजनिक निर्माण कार्य सञ्चालन गर्ने दक्ष निर्माण व्यवसायीहरुको शुन्य प्राय: रहेको तत्कालीन अवस्थामा वि.सं. २०१८ साल भाद्र ५ गते प्राइभेट कम्पनीको रुपमा "दि नेशन कन्स्ट्रक्सन कम्पनी नेपाल प्रा.लि." को स्थापन भएको थियो। तत्कालिन श्री ५ को सरकारको ५१% र इजरायलको प्रख्यात कम्पनी सोलेल वानेह (Solel Boneha Co.) को ४९% गरी कूल रु. ३० लाखको संयुक्त शेयर लगानीमा यस कम्पनीको स्थापना भएको हो। हाल कम्पनीको अधिकृत पूँजी रु. १० करोड तथा जारी एवं चुक्ता पुँजी रु. ६ करोड कायम भएको छ। वि.सं. २०२५ सालमा सरकारको कम्पनीको पूर्ण स्वामित्व प्राप्त गरी "नेशनल कन्स्ट्रक्शन कम्पनी नेपाल लि. (N.C.C.N.)" नामाकरण गरी कम्पनी ऐन अन्तर्गत यो कम्पनी संचालित हुँदै आईरहेको छ।

**ग)  नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र (नेपिकन)**

मिति २०४३।०९।१० मा तत्कालीन श्री ५ को सरकारको मन्त्रिपरिषद्को निर्णयानुसार कम्पनी ऐन, २०२१ अन्तर्गत रही सरकारको स्वामित्वमा नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र लि. (नेपिकन) को वि.सं. २०४४।०२।१३ मा स्थापना भई कार्य सञ्चालन गर्न थालिएको हो। नेपिकनमा हाल रहेका शेयरहोल्डरहरु यस प्रकार छन्।

| | | |
|---|---|---|
| १) जलश्रोत मन्त्रालय | : | २३.८१% |
| २) भौतिक योजना तथा निर्माण मन्त्रालय | : | ३५.७२% |
| ३) नेपाल विद्युत प्राधिकरण | : | ३५.७२% |
| ४) इन्जिनियरिङ अध्ययन संस्थान | : | ४.७६% |

## ४ भौतिक योजना तथा निर्माण मन्त्रालय र मातहतका निकायहरुको स्वीकृत दरवन्दी विविरण

### ४.१ भौतिक योजना तथा निर्माण मन्त्रालय

| सि.नं. | पदको नाम | श्रेणी | सेवा | समुह | उपसमूह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ठ | | | | १ |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | सा.प्र. | | १ |
| ३ | सहसचिव | रा.प.प्रथम | ने.इ. | सिभिल | हाइवे | २ |
| ४ | सहसचिव | रा.प.प्रथम | ने.इ. | सिभिल | स्यानिटरी | २ |
| ५ | सहसचिव | रा.प.प्रथम | ने.इ. | सिभिल | वि.एण्ड आ. | १ |
| ६ | उपसचिव | रा.प.द्बितीय | प्रशासन | सा.प्र. | | ६ |
| ७ | उपसचिव लेखा | रा.प.द्बितीय | प्रशासन | लेखा | | १ |
| ८ | उपसचिव | रा.प.द्बितीय | न्याय | कानून | | १ |
| ९ | ट्रान्सपोर्ट इकोनोमिष्ट | रा.प.द्बितीय | विविध | | | १ |
| १० | सि.डि.इ. | रा.प.द्बितीय | ने.इ. | सिभिल | हाइवे | ३ |
| ११ | सि.डि.इ. | रा.प.द्बितीय | ने.इ. | सिभिल | स्यानिटरी | ३ |
| १२ | सि.डि.इ. | रा.प.द्बितीय | ने.इ. | सिभिल | वि.एण्ड आ. | २ |
| १३ | बरिष्ठ समाजशास्त्री | रा.प.द्बितीय | विविध | | | १ |
| १४ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | | ९ |
| १५ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | २ |
| १६ | अर्थ शास्त्री | रा.प.तृतीय | विविध | | | १ |
| १७ | कम्प्यूटर प्रोग्रामर | रा.प.तृतीय | विविध | | | १ |
| १८ | इन्जिनियर | रा.प.तृतीय | ने.इ. | सिभिल | हाइवे | ३ |
| १९ | इन्जिनियर | रा.प.तृतीय | ने.इ. | सिभिल | स्यानिटरी | २ |
| २० | इन्जिनियर | रा.प.तृतीय | ने.इ. | सिभिल | वि.एण्ड आ. | २ |
| २१ | जलमार्ग अधिकृत | रा.प.तृतीय | ने.इ. | सिभिल | हाइवे | १ |
| २२ | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | | २४ |
| २३ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | | ३ |
| २४ | सव इन्जिनियर | रा.प.अनं.प्रथम | ने.इ. | सिभिल | स्यानिटरी | २ |
| २५ | कम्प्यूटर अप्रेटर | रा.प.अनं.प्रथम | विविध | | | ३ |
| २६ | जेटवार्ज निरीक्षक | रा.प.अनं.प्रथम | विविध | | | १ |
| २७ | खरिदार | रा.प.अनं.द्बितीय | प्रशासन | सा.प्र. | | ५ |
| २८ | सह लेखापाल | रा.प.अनं.द्बितीय | प्रशासन | लेखा | | २ |
| २९ | टेलिफोन अप्रेटर | रा.प.अनं.द्बितीय | विविध | | | १ |
| ३० | फोटोकपि अप्रेटर | रा.प.अनं.द्बितीय | विविध | | | १ |
| ३१ | टाइपिष्ट | वेग अनुसार | प्रशासन | सा.प्र. | | ९ |
| ३२ | लिथोअप्रेटर | रा.प.अनं.द्बितीय | विविध | | | १ |
| ३३ | हलुका सवारी चालक | श्रेणी विहिन | | | | १० |
| ३४ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | ३३ |
| | | | | | जम्मा | १४१ |

## ४.२ सडक विभाग

| सि.नं. | श्रेणी | दरवन्दी संख्या |
|---|---|---|
| १ | रा.प.प्रथम | १९ |
| २ | रा.प.द्वितीय | ९३ |
| ३ | रा.प.तृतीय | २९८ |
| ४ | रा.प.अनं.प्रथम | ६८१ |
| ५ | रा.प.अनं.द्वितीय | ५०७ |
| ६ | रा.प.अनं.तृतीय | १८७ |
| ७ | रा.प.अनं.चतुर्थ | १३९ |
| ८ | श्रेणी विहिन | ६८६ |
| | जम्मा | २६१० |

## ४.३ खानेपानी तथा ढल निकास विभाग

| सि.नं. | श्रेणी | दरवन्दी संख्या |
|---|---|---|
| १ | रा.प.प्रथम | १० |
| २ | रा.प.द्वितीय | ७१ |
| ३ | रा.प.तृतीय | १३२ |
| ४ | रा.प.अनं.प्रथम | ५२३ |
| ५ | रा.प.अनं.द्वितीय | ५७७ |
| ६ | श्रेणी विहिन | ३४७ |
| | जम्मा | १६६० |

## ४.४ सहरी विकास तथा भवन निर्माण विभाग

| सि.नं. | श्रेणी | दरवन्दी संख्या |
|---|---|---|
| १ | रा.प.प्रथम | ९ |
| २ | रा.प.द्वितीय | ४७ |
| ३ | रा.प.तृतीय | ११५ |
| ४ | रा.प.अनं.प्रथम | २७६ |
| ५ | रा.प.अनं.द्वितीय | ७२ |
| ६ | रा.प.अनं.तृतीय | ३ |
| ७ | रा.प.अनं.चतुर्थ | ३ |
| ८ | श्रेणी विहिन | १६४ |
| | जम्मा | ६८९ |

## ४.५ रेल विभाग

| सि.नं. | श्रेणी | दरवन्दी संख्या |
|---|---|---|
| १ | रा.प.प्रथम | १ |
| २ | रा.प.द्वितीय | ३ |
| ३ | रा.प.तृतीय | १३ |
| ४ | रा.प.अनं.प्रथम | १२ |
| | जम्मा | २९ |

# ५ भौतिक योजना तथा निर्माण मन्त्रालय र अन्तर्गतका निकायहरुको आ.ब. २०६६/०६७ को वार्षिक प्रगति

## ५.१ आ.ब. २०६६/०६७ को विस्तृत प्रगति विवरण

### ५.१.१ सडक क्षेत्र तर्फ

#### ५.१.१.१ सडक विभाग

**क) सडक विभाग अन्तर्गत नेपाल सरकारबाट संचालन भएका मुख्य योजनाहरु**

(१) धरान-चतरा -गाईघाट -कटारी -सिन्धुलीवजार -हेटौडा योजना

राष्ट्रिय सडक संजालभित्र चुरे -भावर क्षेत्र समेत समावेश गर्ने गरी निर्माण गरिने चतरा-गाईघाट-कटारी-सिन्धुलीवजार-हेटौडा सडकको कुल लम्वाई करिव ३२५ कि.मी. भएको अनुमान छ। ३२५ कि.मी. सडक मध्ये ६३ कि.मी. कालोपत्रे, १६७ कि.मी. ग्राभेल र १०१ कि.मी. ट्रयाक खोलिसकेको छ।

(२) ११ किलो -छेपेटार -भालुस्वारा -वारपाक योजना

आंबु खैरेनी -गोरखा सडकको ११ किलोबाट शुरु भई वारपाकसम्म पुग्ने यस सडकको ४८.६ कि.मी. रहेको छ। यस सडकमा ४८.६ कि.मी. ट्रयाक खोलिसकेको छ।

(३) शहिद मार्ग (घोराही-नुवागाउं-तिला-घर्तिगाउं-थवाङ्ग-मुसिकोट) योजना

दाङ्ग जिल्लाको घोराहीबाट शुरु भई रोल्पा जिल्लाको थवाङ्ग हुँदै रुकुम जिल्लाको मुसिकोट पुग्ने यस सडकको कुल लम्बाई २०० कि.मी. रहेको छ। २०० कि.मी. सडक मध्ये ५० कि.मी. ग्राभेल र १०३ कि.मी. ट्रयाक खोलिसकेको छ।

(४) मध्य पहाडी (पुष्पलाल) लोकमार्ग योजना

प्रस्तावित मध्ये पहाडी लोकमार्ग पूर्वमा पाँचथर जिल्लाको च्याङ्गथापु, चिया भञ्ज्याङ्ग (नेपाल भारत सिमा) बाट शुरु भई सुदुर पश्चिममा बैतडी जिल्लाको झुलाघाटमा टुङ्गिन्छ। यस राजमार्गले ५ वटै विकास क्षेत्रका २१ वटा जिल्लालाई जोड्दछ। यस राजमार्गको हालको अनुमानित लम्वाई करीब १७६५ कि.मी. रहेको र सोमध्ये २३७ कि.मी. ट्रयाक खोल्न तथा कालापत्रेमा स्तरोन्नति गर्न वाँकी छ र ट्रयाक खोलिसकेको ५३३ कि.मी. सडक खण्डमा कालोपत्रेमा स्तरोन्नति गर्न वाँकी रहेको छ। निर्माण हुन वाँकी सडकको रेखाङ्कन कार्य भैसकेको छ।

**ख) सडक विभाग अन्तर्गत बैदेशिक सहयोगबाट संचालन भएका योजनाहरु**

(१) काठमाडौं -भक्तपुर सडक बिस्तार आयोजना

काठमाडौंको कोटेश्वरदेखि भक्तपुरको सूर्य विनायकसम्म ९.१ कि.मी. सडक विस्तार गर्ने कार्यमा १.७ कि.मी. कालोपत्रे, ७ कि.मि. सवग्रेडको कार्य सम्पन्न। मनहरा र हनुमन्ते पुलको सवस्ट्रक्चर निर्माण कार्य सम्पन्न भई सुपरस्ट्रक्चर निर्माण कार्य चालु रहेको छ। यस सडकको निर्माण जापानी प्राविधिक सहयोगमा भैरहेको छ।

(२) विश्वेश्वर प्रसाद कोइराला राजमार्ग (बनेपा-सिन्धुली-बर्दिवास) आयोजना

जापानी सहयोगमा बनेपा -सिन्धुली -वर्दिवास सडक कुल लम्बाई १६० कि.मी. लाई चार खण्डमा विभाजन गरी चरणवद्ध रुपमा निर्माण कार्य भइरहेको छ। प्रथम खण्ड बर्दिवास देखि सिन्धुली बजार सम्म ३७ कि.मी., चौथो खण्ड धुलिखेल देखि नेपालथोक सम्म ५० कि.मी. र दोश्रो खण्ड सिन्धुली बजार देखि खुर्कोट सम्म ३९ कि.मी. सडक निर्माण कार्य सम्पन्न भएको छ। त्यस्तै तेश्रो

खण्ड खुर्कोट देखि नेपालथोक सम्मको ३२ कि.मी. नेपाल सरकारको बजेटमा ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ । जापान सरकारको सहयोगमा निर्माण हुने तेश्रो खण्डको सडकको बिस्तृत सर्भे तथा डिजाईन कार्य सम्पन्न भई निर्माण कार्य अगाडी बढाउने प्रकृयामा छ ।

(३) <u>स्याफ्रुबेंसी - रसुवागढी सडक योजना</u>

रसुवा जिल्लाको स्याप्रुवेसीदेखि रसुवागढीसम्म पुग्ने यस सडकको कुल लम्बाई १५.७ कि.मी. सडक ग्राभेल स्तरमा र सो सडकमा पर्ने ९ वटा मुख्य पुलहरुको निर्माण कार्य चीन सरकारको प्राविधिक सहयोगमा भैरहेको छ । १५.७ कि.मी. सडक मध्ये १०.७ कि.मी. ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ ।

(४) <u>सडक क्षेत्र विकास योजना (RSDP)</u>

विश्व वैंकको ऋण सहयोगबाट खोड्पे - ऱ्होटा - चैनपुर (६०.३२ कि.मी.) मा ३९.४ कि.मी कालोपत्रे, सुर्खेत - कालिकोट (१२६.४४ कि.मी.) मा १०५ कि.मी. कालोपत्रे, सतवांऱ्‍ - गोकुलेश्वर (४९.४३ कि.मी.) मा ३८.३ कि.मी. कालोपत्रे,, सतवांऱ्‍ - त्रिपुरासुन्दरी - ऱ्‍ुलाघाट (२२.५ कि.मी.) मा ३८.३ कि.मी. र तल्लोडुङ्गेश्वर - सियाकोट - दैलेख सडक (३१.८६ कि.मी.) मा १४.७४ कि.मी. कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने तथा रणनीतिक सडक सञ्जाल (SRN) भित्रको ४५० कि.मी. सडकको आवधिक मर्मत गर्ने कार्य भैरहेको छ ।

(५) <u>रोड कनेक्टिभिटी प्रोजेक्ट</u>

एसियाली विकास बैंकको अनुदान सहयोगमा संचालित भएको यस आयोजना अन्तर्गत गल्छी - त्रिशुली - स्याप्रुवेशी सडक (८९ कि.मी.) मा १० कि.मी. कालोपत्रे, ३० कि.मी. सडक ग्राभेल,, फिदिम - ताप्लेजुङ्ग सडक (९३.५७ कि.मी.) मा ५ कि.मी. कालोपत्रे, १० कि.मी. सडक ग्राभेल र तामाकोशी - मन्थली - खुर्कोट सडक (५५ कि.मी.) मा २० कि.मी. सडक ग्राभेल भैसकेको मुख्य सडक (Core Road) को निर्माण/स्तरोन्नति र (Non-Core Road) अन्तर्गत ढल्केवार - जनकपुर सडक (२५ कि.मी.), भक्तपुर - चाँगु नारायण सडक (६ कि.मी.) मा ४.९३ कि.मी. कालोपत्रे भैसकेको, भैरहवा - तौलिहवा (४८ कि.मी.) मा १० कि.मी. सडक ग्राभेलस्तरमा स्तरोन्नति भएको साथै सुनकोशी पुल (खुर्कोट) को १०% निर्माण कार्य भई अन्य कार्य भईरहेको छ ।

(६) <u>सब रिजनल ट्रान्सपोर्ट फ्यासिलिटेशन प्रोजेक्ट</u>

एशियाली विकाश वैंकको ऋण सहयोगबाट विरगंन्ज सुख्खा वन्दरगाह - जितपुर - परवानीपुर सडक १०.३ कि.मी. निर्माण र २.१ कि.मी. स्तरोन्नति तथा सुदृढिकरण कार्य भैरहेको छ । त्यस्तै भैरहवा - परासी - भुमही २९ कि.मी. सडक कालोपत्रेमा स्तरोन्नति कार्य भई सकेको छ र काकरभिट्टामा आई.सि.डी. (Inland Clearance Depot) को निर्माण कार्य सम्पन्न भई सकेको र DLP अन्तर्गत मर्मत सुधार चालु रहेको छ ।

(७) <u>तराई सडकहरुको स्तरोन्नति</u>

हुलाकी सडकहरु तथा पूर्व पश्चिम राजमार्गबाट भारतीय सिमानासम्म जोडिने तराई राजमार्गहरु, तराईका अन्य सहायक मार्गहरु करिव १५०० कि.मी. सडक भारतीय सरकारको सहयोगमा विभिन्न तीन चरणमा पाँच वर्षभित्रमा निर्माण गर्ने योजना अनुरुप यो आयोजना आ.ब. २०६३/६४ बाट शुरुवात भएको छ । प्रथम चरणका १९ वटा सडकहरुको निर्माण कार्य शुरु, ३७ वटा पुलहरुको निर्माण कार्य शुरु, दोस्रो चरणका १५ वटा सडकहरुको IEE कार्य चालू रहेको छ ।

**ग) <u>आ.ब. २०६६ /०६७ को वार्षिक कार्यक्रमका मूख्य मूख्य विवरणहरु</u>**

यस आ.ब. मा सोलुखुम्बु, बाजुरा २ वटा जिल्ला सदरमुकाम सडक यातायातले जोड्ने लक्ष्य रहेको छ भने मनाङ्ग जिल्ला सदरमुकाममा आगामी आ.व. ०६७।६८ मा सडक यातायात पुऱ्याउने लक्ष्य राखिएको छ ।

यस आ.ब. मा नयाँ सडक निर्माणतर्फ कुल ४३५ कि.मी. माटे स्तरको सडक निर्माण गरिएको, पुनःर्स्थापना, सुदृढीकरण तथा स्तरोन्नति गरी करिव १३०० कि.मी. सडक स्तरोन्नती भएको, ४७६ कि.मी.

सडकको आवधिक मर्मत सम्भार गर्ने लक्ष्य रहेको छ। पुल निर्माणतर्फ आ.ब. २०६६/६७ मा ५२ वटा पुलको निर्माण कार्य पूरा गरिने लक्ष्य रहेको छ।

आ.ब. ०६६/६७ को बार्षिक कार्यक्रम आयोजना संख्या र वजेट

| सि.नं. | प्राथमिकताक्रम | आयोजना संख्या | बजेट (रु. हजारमा) | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | नेपाल सरकार | वैदेशिक |
| १ | १ | २७ | १२६३४५८६.०० | ८०८६१४१.४४ | ४५४८४५४.५६ |
| २ | २ | ३४ | ५१३०५१३.०० | ३२८३५२८.३२ | १८४६९८४.६८ |
| जम्मा | | ६१ | १७७६५१०९ | ११३६९६६९.७६ | ६३९५४३९.२४ |

## घ) नेपाल सरकारको वजेटबाट संचालन हुने मुख्य मुख्य आयोजना/कार्यक्रमहरु

(१) क्षेत्रीय स्तरका सडकहरु (४८-४-२९७)

- **भेडेटार-बुधवारे-रवि-राँके**

  धनकुटा जिल्लाको भेडेटारवाट शुरु भई पाँचथर जिल्लाको राँकेसम्म पुग्ने यस सडकको अनुमानित लम्वाई ११६ कि.मी. छ र यसको पुरै ट्र्याक खुलिसकेको छ।

  **लक्ष्य:** मर्मत सुधार एवं मोड सुधार, ग्रेड सुधार।

- **भुरी गाउँ-तेलपानी-सुर्खेत**

  बर्दिया जिल्लाको भुरी गाँउवाट शुरु भई तेलपानी हुँदै सुर्खेतसम्म पुग्ने यस सडकको अनुमानित लम्वाई ६८ कि.मी. रहेको छ। ६८ कि.मी. सडकमध्ये भुरीगाँउ-तेलपानी खण्डमा २१ कि.मी. माटे स्तरको सडक निर्माण भैसकेको छ।

  **लक्ष्य:** ट्र्याक खोल्दै अगाडि वढ्ने र मर्मत संभार चालू राख्ने।

- **पर्सा वारा रौतहट गण्डक नहर सडक**

  गण्डक नहरको किनारा हुँदै गौर सम्म जाने यस सडकको ट्र्याक नहर निर्माण संगै खुलि सकेको छ।

  **लक्ष्य:** सडक स्तरोन्नति र मर्मत सम्भार।

- **चुनवाङ-महत-हुकाम मैकोट-शहरतारा-क्याटो**

  दाङ्ग रोल्पा रुकुम हुँदै चिन सिमासम्म जाने उत्तर दक्षिण यस सडकको करिब २५ कि.मी. लम्बाई ट्र्याक खुलि सकेको छ।

  **लक्ष्य:** थप ६ कि.मी. ट्र्याक खोल्ने र ट्र्याक खुलेको भागमा मर्मत सम्भार गरी यातायात संचालन गर्ने।

- **इनरुवा-दुहवी-हात्तीमुडा-तेतरीया-मोतिपुर**

  सुनसरी जिल्लाको सदरमुकाम इनरुवावाट शुरु भई पूर्वाञ्चलको प्रमुख औद्योगिक क्षेत्र दुहवी हुँदै मोरङ्ग जिल्लाको पूर्वी ग्रामीण क्षेत्र हात्तिमुडा र तेतरीय हुँदै मोतिपुर सम्म पुग्ने यस सडकको ट्र्याक पूरै खुलिसकेको छ।

  **लक्ष्य:** मर्मत संभार एवं माटे सडकको स्तरोन्नती कार्य।

- **छेपेटार-सातदोवाटो-लुइटेल-पालुङटार-लमजुङ हुलाकी मार्ग**

  गोर्खाको छेपेटारबाट सुरु भई लमजुङको धमेली कुवा जोडने यो बाटोको कुल लम्बाई करीब ३५ कि.मी. रहेको छ। पूरै ट्र्याक खुलिसकेको यो बाटोले पृथ्वी लोकमार्गको वैकल्पिक मार्गको रुपमा काम गर्ने देखिन्छ।

  **लक्ष्य:** स्ट्रकचर निर्माण तथा ग्राभेल गर्ने कार्य।

- **पूर्व–पश्चिम लोकमार्ग रामपुर लुम्विनी उद्यान सडक**

  गोर्खाको छेपेटारबाट सुरु भई लमजुङको धमेली कुवा जोड्ने यो बाटोको कुल लम्बाई करीव ३५ कि.मी. रहेको छ । पूरै ट्र्याक खुलिसकेको यो बाटोले पृथ्वी लोकमार्गको वैकल्पिक मार्गको रुपमा काम गर्ने देखिन्छ ।

- **पूर्वपश्चिम लोकमार्ग रामपुर लुम्विनी उद्यान सडक**

  १० कि.मी. ग्राभेल र ८.५ कि.मी. ट्र्याक खुलेको ।

- **रक्शे–नेपालटार–मंगलबारे**

  १२.५ कि.मी. सडकको ट्र्याक खुलेको ।

- **गौरादह–स्कूलचौन डिल्लीबाँध–पाथिभरा चोक–दामन–चिलरा**

  १६ कि.मी. सडक निर्माण भएको र १ कि.मी. सडक कालोपत्रे गर्ने कार्य भई रहेको ।

- **घुर्मी –ओखलढुंगा –सल्लेरी**

  ८८ कि.मी. सडक विस्तार र स्तरोन्नति भएको ।

- **साँघुटार –ओखलढुंगा**

  ४७ कि.मी. सडक निर्माण भएको ।

- **भक्तपुर –नाला –धुलिखेल**

  ९.३ कि.मी. सडक कालोपत्रे र ४.७ कि.मी. सडक ट्र्याक खुलेको ।

- **मनमोहन मार्ग (साँखु –फट्केश्वर –चौतारा)**

  आ.व. ०६६/६७ बाट कार्य शुरु भई ३९ कि.मी. ट्र्याक खुलेको ।

(२) दकम – चिसापानी (४८–४–३०२)

आ.व. ०५९/६० मा सुरु भई कार्य चालु रहेको यस योजनामा ३७.५ कि.मी. ट्र्याक खुलीसकेको र ६.५ कि.मी. भाग कालोपत्र भई सकेको ।

(३) तल्लो ढुङ्गेश्वर – सातखम्बा – दुल्लु – पिपलकोट – दैलेख

आ.व. ०५२/५३ मा सुरुवात यस योजनाको ३९ कि.मी. ट्र्याक खोली सेकेको ।

(४) देवस्थल – कनैडाँडा – चौरजहारी

आ.व. ०५४/५५ मा शुरुवात यस योजनाको ४२ कि.मी. ट्र्याक खुलीसकेको र आ.व. ०६८/६९ मा सम्पन्न गरिसक्ने योजना रहेको ।

(५) गुल्मी – पाटीहाल्ना चौर, सुर्खेत

आ.व. ०५०/५१ मा सुरवात यस योजनाको १६ कि.मी. ट्र्याक खुलेको ।

(६) स्याफ्रुवेशी – रसुवागढी

आ.व. ०५०/५१ मा सुरुवात यस योजनाको १५.७ कि.मी. ट्र्याक खुलीसकेको र यस आ.व. मा ७ कि.मी. ग्राभेल गर्ने योजना रहेको ।

(७) टनकपुर लिंक सडक

आ.व. ०५९/६० मा संचालित यस योजनाको मुआव्जा वितरण कार्य सम्पन्न भई सकेको ।

(८) <u>११ किलो - छेपेटार - भालुस्वारा - वारपाक (४८-४-४०१)</u>

आंबु खैरेनी - गोरखा सडकको ११ किलोबाट शुरु भई वारपाकसम्म पुग्ने यस सडक ५३ कि.मी. रहेको अनुमान छ। ११ किलोबाट वालुवा ३३ कि.मी. सम्म माटेस्तरमा सडक निर्माण भई यातायात चालु रहेको छ।

हालसम्म २१.६ कि.मी. सडकको ट्र्याक खोलि सकेको र २७ कि.मी. मा ग्राभेल कार्य सम्पन्न भई सकेको साथै आगामी आ.व.मा ३.२ कि.मी. मा कालोपत्रे, ५ कि.मी. मा ग्राभेल गर्ने तथा सडकको मोड सुधार, ग्रेड सुधार गर्ने कार्य लक्ष्य रहेको ।

(९) शहिद मार्ग (घोराही-नुवागाउं-तिला-घर्तिगाउं-थवाङ्ग-मुसिकोट) (४८-४-४०२)

दाङ्ग जिल्लाको घोराहीबाट शुरु भई रोल्पा जिल्लाको थवाङ्ग हुँदै रुकुम जिल्लाको मुसिकोट पुग्ने यस सडकको कुल लम्बाई २०० कि.मी. रहेको अनुमान छ। १०३ कि.मी. ट्र्याक खुलेकोमा ५६ कि.मि ग्रेभेल भएको छ। आगामी आ.व. मा १० कि.मी. ट्र्याक, १५ कि.मी. ग्राभेल, स्ट्रक्चर निर्माण, सडकको ग्रेड तथा मोड सुधार गर्ने।

(१०) पुष्पलाल लोक मार्ग (मध्य पहाडी लोकमार्ग) (४८-४-४०३)

प्रस्तावित मध्ये पहाडी लोकमार्ग पूर्वमा पाँचथर जिल्लाको च्याङ्गथापु, चिया भञ्ज्याङ्ग (नेपाल भारत सिमा) बाट शुरु भई सुदुर पश्चिममा बैतडी जिल्लाको झुलाघाटमा टुङ्गिन्छ। यस लोकमार्गले ५ वटै विकास क्षेत्रका २१ वटा जिल्लालाई जोड्दछ। यस लोकमार्गको हालको लम्वाई करीब १७७४ कि.मी. रहेको र सो मध्ये १०८३ कि.मी. सडक निर्माण सम्पन्न भई यातायात चालु रहेको छ। ५४ कि.मी. सडकको ट्र्याक खोलीसकेको र २८ कि.मी. मा आगामी आ.व. मा ट्र्याक खोल्ने लक्ष्य रहेको ।

(११) उत्तर दक्षिण लोकमार्ग (कर्णालीः जुम्ला-सिमीकोट-हिल्सा, कालीगण्डकीः कुश्मा, फलेवास, सेती वेनी मिर्मी, कोशीवसन्तपुर-खाँदवारी-किमाथांका) (४८-३/४-४११)

हाल चालु एकमात्र उत्तर दक्षिण सिमा सम्मको सडकमा थप ७ वटा नाका क्रमशः निर्माण गर्दै लगिने कार्यक्रम अनुरुप निम्न दुई सडकहरुमा समेत कार्यक्रम अघि बढाइने छ।

- कर्णालीः खुलालु – सिमिकोट – हिल्सा सडकमा ४२ कि.मी. ट्र्याक खुलि सकेको छ।
- कालीगण्डकीः कुश्मा-फलेवास-सेती वेनी-मिर्मि सडकको कुश्मा-मिर्मिको ६५ कि.मी. लम्वाई मध्ये कुश्मा देखि फलेवाससम्म ट्र्याक खुलेको छ। साथै यस लोकमार्गमा कूल २२० कि.मी. ट्र्याक खुलीसकेको, ५ कि.मी. ग्राभेल तथा १९ कि.मी. कालोपत्रे सम्पन्न भई सकेको ।
- कोशीः बसन्तपुर-खाँदवारी-किमाथाङका सडकको खाँदवारीसम्म ट्र्याक खुलि सकेको छ। यस लोकमार्गमा ३७.५ कि.मी. को विस्तृत सर्भेक्षण ५५.५ कि.मी. मा ट्र्याक, ३७.७ कि.मी.मा ग्राभेल तथा ५३ कि.मी. मा कालोपत्रे गर्ने कार्य सम्पन्न भई सकेको ।

(१२) पुल निर्माण कार्यक्रम (४८-४-६५०)

यस कार्यक्रम अन्तर्गत विभिन्न सडकहरुमा करिव १३६५ वटा पुलहरु निर्माण भैसकेका छन्। २२ वटा पुलहरुको निर्माणाधीन अवस्थामा रहेको, ७ वटापुलको डिजाइन एण्ड विल्डबाट निर्माण कार्य गर्ने ठेक्का व्यवस्था भएको र १ वटा डिजाइन कार्य सम्पन्न भई निर्माण कार्य सुरु हुने अवस्थामा रहेको ।

**ङ) सडक विभाग र नेपाली सेना मार्फत संचालन भएका मुख्य मुख्य आयोजना/कार्यक्रमहरु**

- कर्णाली लोकमार्ग (सुर्खेत -जुम्ला खण्ड) (४८-३/४-२०४)
  कालिकोट – जुम्ला खण्डको १०६ कि.मी. ट्र्याक खोलीसकेको र ५५ कि.मी. मा सडकको कालोपत्रे गर्ने कार्य सम्पन्न भई सकेको ।
- वाग्लुङ -वेनी -जोमसोम (४८-४-२७०)
  ९० कि.मी. सडकको ट्र्याक खोलीसकेको, ६ कि.मी. मा ग्राभेल र १ कि.मी. सडकको कालोपत्रे गर्ने कार्य सम्पन्न भई सकेको ।
- छिन्चु -जाजरकोट सडक (४८-४-२७२)
  यस सडकमा पुरै ट्र्याक (१०६ कि.मी.) खोलीसकेको जसमध्य ३६ कि.मी. मा ग्राभेल, २६ कि.मी. मा कालोपत्रे गर्ने कार्य सम्पन्न भई सकेको ।

**च) नेपाली सेना मार्फत संचालन भएका मुख्य मुख्य आयोजना/कार्यक्रमहरु**

- देवस्थल -कनैकाँडा -चौरजहारी -डोल्पा (४८-४-३६४)

यस सडकको ४२ कि.मी. ट्र्याक खुली सकेको ।

- मुसीकोट – वुर्तिवाङ्ग (४८-४-३८६)
  मुसीकोट रुकुमकोट खण्डमा २६ कि.मी. ट्र्याक खुली सकेको ।
- नाग्मा - गमगढी (४८-४-४०४)
  कूल लम्बाई ८८ कि.मी. मध्ये हालसम्म ५४ कि.मी. ट्र्याक खुली सकेको ।
- जाजरकोट - दुनै (डोल्पा) (४८-४-४०५)
  कूल लम्बाई १४४ कि.मी. मध्ये हालसम्म ३६ कि.मी. ट्र्याक खुली सकेको ।
- वेसीशहर - चामे (४८-४-५७९)
  कूल लम्बाई ६४ कि.मी. मध्ये सम्पूर्ण ट्र्याक खुली सकेको ।

**छ) वैदेशिक सहायतामा संचालनमा भएका आयोजनाहरुः**

(१) <u>जापान सरकारको अनुदान सहयोग</u>

- विश्वेश्वर प्रसाद कोइराला लोकमार्ग (बनेपा-सिन्धुली-बर्दिवास) (४८-३/४-२०२)
  १०० कि.मी. सडक कालोपत्रे, ३७ कि.मी. सडकको ट्र्याक खोली सकिएको र २३ कि.मी. सडकको ग्राभेल गर्ने कार्य सम्पन्न भई सकेको ।
- काठमाडौं - भक्तपुर सडक बिस्तार (४८-३/४-४०८)
  १.७ कि.मी. सडक कालोपत्रे, ७ कि.मी. सवग्रेड तयार गर्ने तथा मनहरा र हनुमन्ते पुलको सवस्ट्रक्टर तथा सुपरस्ट्रक्चर निर्माण कार्य सम्पन्न तथा एप्रोच सडकको कार्य भई सकेको ।

(२) <u>भारत सरकारको ऋण सहयोग</u>

- राप्ती लोकमार्ग (अमिलिया तुल्सीपुर-सल्यान-मुसीकोट कालोपत्रे) (४८-३/४-२०३)

राप्ती राजमार्गको अमिलिया - तुल्सीपुर (३० कि.मी.), तुल्सीपुर - सल्यान (५४ कि.मी.) र सल्यान - मुसिकोट (८६ कि.मी.) खण्डहरु पुरै सडकमा ट्र्याक खोली यातायात खुलिसकेको छ। तुल्सीपुर - सल्यान खण्डमा २२ कि.मी. सडक ओटासील स्तरमा सुधार भएको ।

- सुर्खेत - रानीमत्ता - दैलेख (स्तरोन्नती) (४८-३/४-२७३) :

सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगरबाट शुरु भई दैलेख जिल्लाको सदरमुकाम जोड्ने यस सडकको कुल लम्बाई ६७ कि.मी. छ। सुर्खेत - सियाकोट खण्डको ४४ कि.मी. सडक स्तरोन्नती मध्ये २४ कि.मी. सडकमा बेसकोर्ष (ग्राभेल) गर्ने कार्य भई सकेको।

- साँफेवगर - मार्तडी सडक (४८-३/४-२७७)

अछाम जिल्लाको साँफेवगर देखि वाजुरा जिल्लाको सदरमुकाम मंगलसेनसम्म पुग्ने यस सडकको कुल लम्बाई ५७ कि.मी. छ। यस खण्डको २७ कि.मी. सडक स्तरोन्नती मध्ये ३ कि.मी. सडकमा कालोपत्रे गर्ने कार्य भएको । साँफेबगर – बार्ज्जुगाड – मार्तडी खण्डको २७ कि.मी. मा ट्र्याक खोल्ने कार्य गरिएको ।

- साँफेवगर - मंगलसेन (कालोपत्रे) (४८-४-२७८)

१४ कि.मी. सडक कालोपत्रे गर्ने कार्य भई सकेको ।

- हिलेपानी - दिक्तेल (४८-३/४-३९३)

हिलेपानी देखि खोटाङ्ग जिल्लाको सदरमुकाम दिक्तेलसम्म (लामीडाँडासम्मको लिङ्क रोड समेत) यस सडकको कुल लम्बाई ९० कि.मी. छ। **यस खण्डको ४०** कि.मी. सडक मध्ये पुरै ४० कि.मी. सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भएको ।

- सडक स्तरोन्नती (४८-३/४-३९४)
  - मालढुङ्गा-बेनि सडक खण्डको १३ कि.मी. सडक मध्ये १३ कि.मी. सडकको ट्र्याक खोलिएको ।
  - साँखु-मेलम्ची सडक खण्डको ३२ कि.मी. सडक स्तरोन्नती मध्ये ३२ कि.मी. सडकको ट्र्याक खोल्ने तथा ९ कि.मी. सडकको कालोपत्रे गर्ने कार्य भएको ।
  - चकचके - लिवाङ्ग सडक खण्डको ६३.४ कि.मी. सडक स्तरोन्नती मध्ये ५८ कि.मी. सडक खण्ड कालोपत्रे गर्ने कार्य सम्पन्न भएको ।

- टोरवा – गर्जेभन्ज्याङ्ग – छहरे सडक खण्डको २६ कि.मी. सडक मध्ये सम्पूर्ण भागमा ट्र्याक खोल्ने कार्य सम्पन्न भएको ।
- चन्द्रनिगाहपुर - गौर सडक खण्डको ४४ कि.मी. सडक पुनर्स्थापना तथा निर्माण विस्तार मध्ये २४ कि.मी. सडक खण्डमा कालोपत्रे गर्ने कार्या सम्पन्न भएको ।
- भालुवाङ्ग - प्यूठान सडक खण्डको ६७.५ कि.मी. सडक स्तरोन्नती मध्ये ५२ कि.मी. सडक खण्ड कालोपत्रे गर्ने कार्य सम्पन्न भएको ।

(३) भारत सरकारको अनुदान सहयोग

- **तराई-मधेश हुलाकी सडक (४८-३/४-२९४)**

प्रथम चरण परेका १९ सडकको निर्माण सुरु, ३७ वटा पुलहरुको निर्माण सुरु, दोस्रो चरणका १५ वटा सडकहरुको IEE कार्य चालू रहेको ।

(४) चीन सरकारको अनुदान सहयोग

- **स्याफ्रुबेंसी - रसुवागढी (४८-३/४-३७५)**

रसुवा जिल्लाको स्याप्रुवेसीदेखि रसुवागढीसम्म पुग्ने यस सडकको कुल लम्बाई १५.७ कि.मी. छ । यस सडकको सम्पूर्न भागमा ट्र्याक खोल्ने कार्य सम्पन्न भएको र आगामी आ.व. मा ट्र्याक तथा मोडा सुधार कार्य, पुल निर्माण कार्य, जग्गा अघिग्रहण तथा ७ कि.मी. सडक खण्डमा ग्राभेल गर्ने कार्य गरिने ।

(५) विश्व बैंकको ऋण सहयोग

- **सडक क्षेत्र विकास योजना** (RSDP) (४८-३/४-४०७):
  सडक क्षेत्र विकास आओजना अन्तर्गत २७९.४० कि.मी. को सडक स्तरोन्नती मध्ये ,१२५ कि.मी. कालोपत्रे ,८० कि.मी. ग्राभेल ,७४.४ कि.मी. ट्र्याक खोल्ने तथा २० कि.मी. सडकको आवधिक मर्मत गर्ने कार्य सम्पन्न भई सकेको ।
- सतभाञ्‍ – त्रिपुरासुन्दरी – ञ्‍ुलाघाट सडक: यस सडक खण्डको २२.५ कि.मी. सडक स्तरोन्नती मध्ये २२.५ कि.मी. सडकमा कालोपत्रे तथा ३.३५ सडक खण्डको ट्र्याक खोल्ने कार्य सम्पन्न भई सकेको छ ।
- सतबाँञ्‍ – गोकुलेश्वर सडक: यस सडक खण्डको ५२.३ कि.मी. सडक स्तरोन्नती मध्ये १४ कि.मी. ट्र्याक तथा ३८.३ कि.मी. कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ ।
- खोड्पे – ञ्‍ोटा – चैनपुर सडक: यस सडक खण्डको ६०.३२ कि.मी. स्डक स्तरोन्नती मध्ये ३९.९ कि.मी. सडक खण्डमा कालोपत्रे तथा २०.४२ कि.मी. सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ ।
- सुर्खेत – कालीकोट सडक: यस सडक खण्डको १२६.४४ कि.मी. स्डक स्तरोन्नती मध्ये १०५ कि.मी. सडक खण्डमा कालोपत्रे तथा १८ कि.मी. सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ ।
- तल्लो ढुङ्गेश्वर – सियाकोट – दैलेख सडक: यस सडक खण्डको २८.३७ कि.मी. स्डक स्तरोन्नती मध्ये १४.७४ कि.मी. सडक खण्डमा कालोपत्रे तथा १२.७६ कि.मी. सडक आवधिक मर्मत गर्ने लक्ष्य आगामी आ.व. कोलागि राखिएको छ ।

(६) एशियाली विकास बैंकको अनुदान सहयोग

- **रोड कनेक्टिभिटी प्रोजेक्ट (४८-३/४-५५९)**
  - गल्छी - त्रिशुली - स्याप्रुवेशी सडक: यस सडकको ८९ कि.मी. भाग स्तरोन्नती मध्ये ३० कि.मी. सडक ग्राभेल र १० कि.मी. भागमा कालोपत्रे गर्ने कार्य भएको छ ।
  - तामाकोशी - मन्थली - खुर्कोट सडक: यस सडकको ५५ कि.मी .मा स्तरोन्नती मध्ये २० कि.मी. ग्राभेल गर्ने कार्य भएको छ ।
  - फिदिम - ताप्लेजुङ्ग सडक: यस सडकको ९३.५७ कि.मी .मा स्तरोन्नती मध्ये १० कि.मी. ग्राभेल र ५ कि.मी. सडकको कालोपत्रे गर्ने कार्य भएको छ ।
  - ढल्केवार - जनकपुर सडक: यस सडकको २५.०४ कि.मी .सडक सुदृढीकरण मध्ये ७.०४ कि.मी. भागमा ग्राभेल तथा १८ कि.मी. खण्डमा कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ ।

- भक्तपुर चाँगु नारायण सडक: यस सडकको ४.९३ कि.मी .भागमा सडक कालोपत्रेमा स्तरोन्नती गर्नुपर्ने मध्ये ५.७३ कि.मी. सडकमा सडक सुदृढीकरण गर्ने कार्य भएको छ ।
- भैरहवा–तौलीहवा सडक: यस सडकको कूल ४७.२४ कि.मी .सडक खण्डमा स्तरोन्नती गर्नुपर्ने मध्ये १० कि.मी. भागमा ग्राभेल गर्ने कार्य भएको छ ।
- सुनकोशी पुल: यस पुलको १००% कार्य सम्पन्न भएको छ ।
- सबरिजनल ट्रान्सपोर्टेसन फेसीलीटेशन प्रोजेक्ट: यस प्रोजेक्ट अन्तर्गत बिरगञ्ज आइ.सि.डि. जितपुर, परवानीपुर, १०.३ कि.मी. सडक निर्माण र २.१ कि.मी. स्तरोन्नती तथा सुदृढीकरण भएको । भैरहवा – परासी – भूमही सडक २९ कि.मी. सडक स्तरोन्नती भएको र काँकडभित्ता आ.सि.डि. निर्माण भएको ।
- रोड कनेक्टीभिटी प्रोजेक्ट, ट्रान्सपोर्ट प्रोजेक्ट प्रीपरेटोरी फ्यासिलिटी: यस कार्यको सम्भाव्यता अध्ययन कार्य चालू रहेको छ ।

| | ओखलढुङ्गा | मानेभन्ज्याङ खा.पा.आ. (सम्पन्न हुने) | १ | १६१९ |
| | उदयपुर | त्रिवेणी खा.पा.आ. (सम्पन्न हुने) | १ | २०२५ |
| | सिराहा | वस्तिपुर खा.पा.आ. सु.वि. | १ | १२००० |
| **विकास क्षेत्रः मध्यमान्चल** | | | **१५** | **५६५५२** |
| | धनुषा | लक्ष्मी निवास खा.पा.आ. (सम्पन्न हुने) | १ | ५३१७ |
| | सर्लाही | कालिन्जोर खा.पा.आ. (सम्पन्न हुने) | १ | १४३० |
| | सिन्धुली | आम्वोटे खा.पा.आ. | १ | ५२६२ |
| | सिन्धुली | लम्पनटार खा.पा.आ. | १ | ६८१० |
| | सिन्धुली | लंगुरनरकटे खा.पा.आ. | १ | २७३२ |
| | सिन्धुली | रानीचुरी खा.पा.आ. | १ | ८०१ |
| | रामेछाप | मन्थली खा.पा.आ. सु.वि. (सम्पन्न हुने) | १ | १७७५ |

| क्र.स | आयोजनाको नाम | | सम्पन्न/ हस्तान्तरण स्थिती | |
|---|---|---|---|---|
| | | | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | २ | | ३ | ४ |
| | दोलखा | भिमेश्वर खा.पा.आ. गुणस्तर सुधार (सम्पन्न हुने) | १ | ११४३६ |
| | सिन्धुपाल्चोक | लिशंखु खा.पा.आ. (सम्पन्न हुने) | १ | १३३२ |
| | सिन्धुपाल्चोक | पाल्ले गाइखर्क खा.पा.आ. (सम्पन्न हुने) | १ | १०६१ |
| | नुवाकोट | विदुर खा.पा.आ. सु वि (विदुर न पा ८ वोक्से) (सम्पन्न हुने) | १ | ३३८० |
| | नुवाकोट | वेतिनी १,२,३ खा.पा.आ. (सम्पन्न हुने) | १ | १६८९ |
| | नुवाकोट | राउतवेसी खा.पा.आ. (सम्पन्न हुने) | १ | २४४१ |
| | रसुवा | धुन्चे खा.पा.आ बिस्तार (सम्पन्न हुने) | १ | २९६० |
| | धादिङ | सल्यानकोट खा.पा.आ. (सम्पन्न हुने) | १ | ८१२६ |
| **विकास क्षेत्रः पश्चिमान्चल** | | | **२१** | **५०७१५** |
| | स्याङजा | वल्फुक जगत्रादेवी ८ खा पा (सम्पन्न हुने) | १ | ३९६ |
| | स्याङजा | सातुपसल हिरापाटा खा.पा.आ. सुधार विस्तार (सम्पन्न हुने) | १ | २१०४ |
| | लमजुङ | रानीकुवा खा.पा.आ. (सम्पन्न हुने) | १ | १३८५ |
| | मनाङ | चामे माडा खा.पा.आ. सु.वि. (सम्पन्न हुने) | १ | ६०० |
| | मनाङ | तालडाँडा खा.पा.आ. सु.वि. (सम्पन्न हुने) | १ | ३०१ |
| | मनाङ | हुम्डे खा.पा.आ. सु.वि. (सम्पन्न हुने) | १ | ५९० |
| | मनाङ | डावल खा.पा.आ. सु.वि. (सम्पन्न हुने) | १ | ६१७ |
| | मनाङ | टसी गुम्बा खा.पा.आ. सु.वि. (सम्पन्न हुने) | १ | १९२ |
| | मनाङ | नार खा.पा.आ. सु.वि. (सम्पन्न हुने) | १ | ३९८ |
| | गुल्मी | हर्दिनेटा खा.पा.आ. (सम्पन्न हुने) | १ | ५४६ |
| | गुल्मी | दर्लामचौर खा.पा.आ. (सम्पन्न हुने) | १ | ७८३ |
| | गुल्मी | धुर्कोटवस्तु खा.पा.आ. सु.वि. (सम्पन्न हुने) | १ | २७४२ |
| | गुल्मी | कोटकटेरी खा.पा.आ. सु.वि. | १ | ६०० |
| | गुल्मी | मलायागिरी खा.पा.आ. (सम्पन्न हुने) | १ | १३० |
| | गुल्मी | वाँरुकटेरी खा.पा.आ. (सम्पन्न हुने) | १ | २३२ |
| | अर्घाखाँची | छत्रगञ्ज चिदिका खा.पा.आ. सु.वि. (सम्पन्न हुने) | १ | ७४६८ |
| | अर्घाखाँची | सिध्दारा खा.पा.आ. (सम्पन्न हुने) | १ | १९९५ |
| | पाल्पा | सिलुवा खा.पा.आ. (सम्पन्न हुने) | १ | ७१० |
| | पाल्पा | गाँडाकोट खा.पा.आ. सु.वि. (सम्पन्न हुने) | १ | १३५४ |
| | नवलपरासी | बुलिङटार दोश्रो खा.पा.आ. (सम्पन्न हुने) | १ | ४३२५ |
| | कपिलवस्तु | वहादुरगंज खा.पा.आ. सु.वि. (सम्पन्न हुने) | १ | २३२४७ |
| **विकास क्षेत्रः मध्ये पश्चिमान्चल** | | | **६** | **२४५९९** |
| | दाङ | चौघेरा खा.पा.आ | १ | ५६९१ |
| | दाङ | खाद्रे खा.पा.आ. सु.वि. | १ | ६०९ |
| | रोल्पा | गैरीगाउँ खा.पा.आ. | १ | ३१०७ |
| | सल्यान | खलङ्गा खा.पा.आ. सु.वि. | १ | ४८०२ |
| | वर्दिया | कुसुम्वा वजार खा.पा.आ. | १ | ७६४० |
| | जुम्ला | कालीकाखेतु खा.पा.आ | १ | २७५० |
| **विकास क्षेत्रः सुदूर पश्चिमान्चल** | | | **५** | **१४३०७** |
| | वझाङ | दाँतोला खा.पा.आ. (सम्पन्न हुने) | १ | २५२७ |
| | डोटी | दुर्गामाण्डौ खा.पा.आ. (सम्पन्न हुने) | १ | ३२६३ |
| | डोटी | दिपायल खा.पा.आ. सु.वि. (सम्पन्न हुने) | १ | ५५०० |

| क्र.स | आयोजनाको नाम | | सम्पन्न/ हस्तान्तरण स्थिती | |
|---|---|---|---|---|
| | | | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | २ | | ३ | ४ |
| | डोटी | मुडभरा–१ खा.पा.आ. सु.वि. (सम्पन्न हुने) | १ | ५४५ |
| | दार्चुला | रिठाचौपाटा दोश्रो खा.पा.आ. | १ | २४७२ |
| | | **कूल जम्मा** | **५८** | **१९४४१२** |

**१६. खानेपानी तथा सरसफाइ क्षेत्रको तीन वर्षीय बजेट साधनको अनुमान र प्रगति**

| सूचकहरु | आ.व. ०६४/६५ को अवस्था | तीन वर्षीय योजनाको लक्ष्य | पहिलो आ.व. ०६४/६५ को प्रगति | आ.व. ०६५/६६ को प्रगति | आ.व. ०६६/६७ को प्रगति |
|---|---|---|---|---|---|
| **आधारभूत खानेपानी सेवा** | | | | | |
| कुल लाभान्वित जनसंख्या (हजारमा) | २०४३४ | २४३२७ | ८१६ | ५२४ | ४११ |
| कुल लाभान्वित जनसंख्याको प्रतिशत | ७६ । ६ | ८५ | ७७ । ३६ | ७८ । ६६ | ८० । ३ |
| **उच्च तथा मध्यम स्तरको खानेपानी सेवा** | | | | | |
| कुल लाभान्वित जनसंख्या (हजारमा) | २१३४ । १ | ४२९३ | २९१ | २५८ | ३३ |
| कुल लाभान्वित जनसंख्याको प्रतिशत | ८ | १५ | ० । ९४ | ० । ८३ | ० । १० |
| **सरसफाई** | | | | | |
| कुल लाभान्वित जनसंख्या (हजारमा) | १२२३२ | १७१७१ | ४०० | ८०० | |
| कुल लाभान्वित जनसंख्याको प्रतिशत | ४५ । ८ | ६० | १ । १५ | २ । ३० | ४०[1] |

**१७. खानेपानी तथा सरसफाइ क्षेत्रको तीन वर्षीय योजनाको परिमाणात्मक लक्ष्य र हालसम्मको प्रगति**

रु करोडमा

| क्र. स. | कार्यक्रम | त्रिवर्षिय अनुमानित लागत | आ.व. ०६४/६५ को खर्च | आ.व. ०६५/६६ को खर्च | आ.व. ०६६/६७ को खर्च |
|---|---|---|---|---|---|
| १ | आधारभूत खानेपानी सेवा उपलब्ध गराउने कार्यक्रम | ९३१ | २०६.०८ | २३७.०६ | २७७.७७ |
| २ | खानेपानी सेवास्तरअभिबृद्धि गर्ने कार्यक्रम | ६१२ | ४.८९ | २३.२४ | ७.५२ |
| ३ | खानेपानी गुणस्तर सुधार गर्ने कार्यक्रम | ४० | ६.९० | ७.१७ | ९.७१ |
| ४ | बृहत मर्मत तथा सेवा पुनर्स्थापना कार्यक्रम | १३.८ | ४.८५ | १३.५८ | ५.६१ |
| ५ | सरसफाई सुविधा र सेवास्तर अभिबृद्धिर् कार्यक्रम | ५४ | ०.९६ | १.७३ | ९.९३ |
| ६ | क्षमता अभिबृद्धि तथा संस्थागत सुधार कार्यक्रम | १०० | ०.९४ | ३.८३ | ४.८६ |
| | **कुल जम्मा** | **१७५०.८०** | **२८२.६२** | **२८६.६१** | **३१५.४** |

[1] NMIP revised data 2010

१८. **आ.व. ०६६/६७ को बजेट बक्तब्यमा उल्लेखित यस मन्त्रालय अन्तर्गतका मुख्य मुख्य निति तथा कार्यक्रम**

खानेपानी तथा सरसफाईसंग सम्बन्धित

| बजेट बक्तब्यको बुदा नं | नीति कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| | | मुख्य निकाय | सहयोगी निकाय | |
| २३५ | क) जिल्ला खानेपानी डिभिजन कार्यालय अन्तर्गत क्रमागत रुपमा कार्यान्वयनमा रहेका ५४२ आयोजनाहरुमध्ये ८५ वटा सम्पन्न गरी २७० हजार जनतालाई खानेपानी सुविधा उपलब्ध गराउनुका साथै बांकी ४५७ आयोजनाहरुको निर्माण कार्यमा तीव्रता ल्याईनेछ । | खानेपानी तथा सरसफाइ डिभिजन/सव डिभिजन कार्यालय | क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय,सम्बन्धित उपभोक्ता समिती | |
| २३५ | ख) २१ जिल्लामा सम्पन्न हुन बांकी ५७८ सामुदायिक खानेपानी तथा सरसफाई आयोजनामध्ये ४४५ आयोजनाहरु ३७७ हजार जनतालाई आधारभूत खानेपानी सेवा उपलब्ध गराइने छ । | खानेपानी तथा सरसफाइ डिभिजन/सव डिभिजन कार्यालय | सामुदायिक खानेपानी तथा सरसफाई आयोजना (आयोजना व्यवस्थापन इकाई कार्यालय),सम्बन्धित उपभोक्ता समिती | |
| २३६ | खानेपानीको गुणस्तर सुधार गर्न इलाम, झापा, ओखलढुङ्गा, सिन्धुपाल्चोक, लमजुङ्ग, नवलपरासी, लगायतका जिल्लाका १५ वटा पानी प्रशोधन प्रणालीहरुमध्ये ६ वटाको निर्माण सम्पन्न गरिने छ । | खानेपानी तथा सरसफाइ डिभिजन/सव डिभिजन कार्यालय | आनेपानी गुणस्तर सुधार आयोजना, सम्बन्धित उपभोक्ता समिती | |
| २३७ | खानेपानीको स्रोत उपलब्ध हुन नसक्ने जिल्ला र क्षेत्रहरुमा वर्षातको पानी संकलन गर्ने २० वटा आयोजनाहरु संचालन गरिने छ । | खानेपानी तथा सरसफाइ डिभिजन/सव डिभिजन कार्यालय | वर्षातको पानीसंकलन आयोजना , सम्बन्धित उपभोक्ता समिती | |
| २३८ | सम्पूर्ण नेपाली जनतालाई आधारभूत सरसफाई सुविधा उपलब्ध गराइसक्ने राष्ट्रिय लक्ष्य पूरा गर्न सरकार दृढ संकल्पित छ । यो लक्ष्य प्राप्तिका लागि राज्यले एक घर एक चर्पी नीति अन्तर्गत समूदायलाई खुल्ला मलमूत्र मुक्त क्षेत्र बनाउंन स्थानिय सरकार तथा समूदायलाई अभिप्रेरित गर्नेछ । | खानेपानी तथा सरसफाइ डिभिजन/सव डिभिजन कार्यालय | वातावरणिय सरसफाइ आयोजना, स्थानिय निकाय, सम्बन्धित उपभोक्ता समिती | |

## ५.१.२.२ मेलम्ची खानेपानी आयोजना विकास समिति

### १. आ.ब. २०६६/६७ को प्रगति विवरण

#### १.१. आ.ब. २०६६/६७ को सबै कार्यक्रमहरूको वार्षिक बजेट, भौतिक एवं वित्तिय प्रगति :

आ.ब. २०६६/६७ मा यस मेलम्ची खानेपानी आयोजनाको सुरुङ्ग निर्माण कार्य ४% राखिएकोमा सुरुङ्ग निर्माणको लाा ग आवश्यक पूर्वाधारको कार्य सम्पन्न भएको र यसबाट २% प्रगति हासिल भएको । सुन्दरीजल अडिटबाट सुरुङ्ग निर्माण कार्य शुरु ्र भई १०० मीटर सुरुङ्ग खन्ने कार्य सम्पन्न भएको ।

ठेकेदारबाट समयमै मेशीनरी औजार उपलब्ध नहुनु, विष्फोटक पदार्थ उपलब्धीमा ढिलाई हुनु, पूर्व Fix GPS बिन्दुहरू लामो अन्तरालमा भासिन गई Leveling को कार्य पुनः गर्नु परेको आदि कारणबाट र मुहान क्षेत्रका बासिन्दाबाट बिभिन्न माग राखि पटक पटक बिभिन्न कार्यमा अवरोध सृजना भएकोले सुरुङ्ग निर्माण कार्यमा ढिलाई हुन गएकोले लक्ष्य अनुसार प्रगति नभएको ।

यसैगरी लामीडाँडा मेलम्ची पुलबजार सडक स्तर सुधार (UAR/02) १३.२ कि.मी. बराबरको कार्य सम्पन्न भई लक्ष्य अनुसार प्रगति हुन गएको ।

साथै आयोजना प्रभावित क्षेत्र अन्तर्गत मेलम्ची उपत्यकाका १४ गा.वि.स. तथा मण्डन उपत्यकाका ५ गा.वि.स.हरूमा कार्यक्रम अनुसार सामाजिक उत्थानका सम्पूर्ण कार्यक्रमहरू सम्पन्न भएको । त्यसैगरी वातावरण व्यवस्थापन, क्याम्प साइट (भवन निर्माण) तथा जग्गाको क्षतिपूर्ति तथा मुआब्जा वितरणमा लक्ष्य अनुसार प्रगति हासिल भएको ।

समष्टिगत रुपमा मेलम्ची खानेपानी आयोजनाको आ.ब. २०६६/६७ को भौतिक तथा बित्तिय प्रगति यस प्रकार रहेको छ ।

- वार्षिक भौतिक लक्ष्य . ६.७७३
- वार्षिक भारित प्रगति . ५.६२
- वार्षिक भारित प्रगति प्रतिशत . ८२.९८

- आ.ब. २०६६/६७ को बित्तिय लक्ष्य (रु. हजारमा) . १३२८६५०
- आ.ब. २०६६/६७ को बित्तिय प्रगति (रु. हजारमा) . ७३८२८६
- आ.ब. २०६६/६७ को बित्तिय प्रगति प्रतिशत (रु. हजारमा) . ५५.६0220

- आ.ब. २०६६/६७ सम्मको आयोजनाको कूल भौतिक प्रगति प्रतिशत . ३८.७०६
- आ.ब. २०६६/६७ सम्मको आयोजनाको कूल खर्च (रु. हजारमा) . ६७७१७७०
- आ.ब. २०६६/६७ सम्मको आयोजनाको कूल बित्तिय प्रगति प्रतिशत . ३८.६३

## २. बजेट बक्तव्यका बुँदाहरूः

### २.१. आ.ब. २०६६/६७ को बजेट बुदाँ नं. २३४ (नीति तथा कार्यक्रम)

काठमाण्डौ उपत्यकाको खानेपानी आपूर्ति सुलभ बनाउन संचालित मेलम्ची खानेपानी आयोजना अन्तर्गतको २६.५ कि.मी. सुरुङ्ग निर्माण गर्ने कार्य मध्ये ४.० कि.मी. (१५%) सुरुङ्ग निर्माण गरिनेछ ।

## ३. आ.ब. २०६६/६७ का कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्याहरू र समस्या समाधानका लागि गरिएको प्रयासहरू :

- मुहान क्षेत्रका ह्योल्मो समुदायबाट ILO 169 अभिसन्धी अनुसार उक्त क्षेत्रको सम्बोधन हुनुपर्ने माग राखी मुहान क्षेत्रको कार्यमा अवरोध भइरहेको ।

  सो सम्बन्धमा सामाजिक उत्थान कार्यक्रमबाट धेरै मागहरु सम्बोधन भएको र नेपाल सरकारको ILO 169 सम्बन्धी गाईडलाईन तयार भए पछि यथासक्य सम्बोधन गरिने लक्ष्य रहेको । यसै सन्र्दभमा इन्टेक क्षेत्रको समस्या समाधान गर्न ९ सदस्यीय समिति गठन भईसकेको र सो समितिबाट फिल्ड अध्ययन तथा स्थानिय सरोकार बाला संग अन्तरक्रिया भैरहेको ।
- स्थानीय ह्योल्मो समुदाय तथा ह्योल्मो सरोकार समितिको बोर्डमा प्रतिनिधीत्वको माग भइ कार्य संञ्चालनमा अवरोध भईरहेको ।

  सो सन्दर्भमा मिति २०६७/१/१४ को मन्त्रिपरिषदको बैठकबाट ह्योल्मो समितिबाट एकजना प्रतिनिधित्व गर्ने गरी मे. खा.पा. वि. स. को गठन आदेस संशोधन भएको र ह्योल्मो–सिन्धु– मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालन समितिका अध्यक्षले प्रतिनिधित्व गरेको ।
- योजनामा निरन्तर रुपमा समस्याहरु आइरहने ।

समस्याहरुको समाधान तथा निरुपणकोलागि नेपाल सरकारबाट केन्द्रिय स्तर र स्थानीय स्तरमा विभिन्न पार्टी प्रतिनिधी समेत राखि समिति गठनकोलागि स्विकृत भएको। विभिन्न पार्टी प्रतिनिधीहरुलाई आ–आफ्ना प्रतिनिधीहरुको नामावली पठाउन पत्राचार भइसकेको र सो सम्बन्धमा पार्टी प्रतिनिधीहरुसंग बार्ता भइरहेको।

- सुरुगं निर्माण ठेकेदारबाट समयमै Equipment, Materials तथा Equipment, Materials तथा Explosive को व्यवस्थापन गर्न नसक्नाको कारण लक्ष्य अनुसार टनेल निर्माण कार्य ढिला भएको। हाल भारत सरकारबाट Explosive आयातको ठेकेदार र सम्बन्धित Factory बिच सम्झौता भएको। हाल नेपाली सेनाबाट १.५ टन र सुनकोसी हाइड्रोपावर कम्पनीबाट ३ टन विष्फोटक पदार्थ प्राप्त गरि सुन्दरीजलबाट सुरुङ्ग खन्ने कार्य संचालन भएको।
- पुरानो जि. पि. एस बिन्दुहरु, पत्ता नलागेकोले जि. पि. एस सर्बेक्षण तथा लेभलिगंको कार्य पुनः गर्नु परेको। हाल सो कार्य सम्पन्न भइ सम्पुर्ण जिम्मेवारी ठेकेदारलाई दिईएको।
- यहि २०६७/३/२ गते (June 2, 2010) मा मेलम्ची उपत्यकाको सिन्धु एडिट बिन्दुमा स्थानीय बासी र ठेकेदारको कर्मचारीहरू बिच ऱुडप हुँदा ९ जना ठेकेदारका कर्मचारी र ३ जना स्थानिय बासीहरू घाइते भएकोमा उपचार पश्चात स्थानिय १ जना बाहेक सबै फिर्ता भएको र सो ऱुडपको कारण मेलम्ची उपत्यकामा सुरुङ्ग निर्माण कार्य स्थगित रहेको। हाल उक्त स्थानमा स्थानियबासी, मे.खा.वि.स. र ठेकेदारको प्रतिनिधि सम्मिलित १५ सदस्यीय टोलि गठन भै कार्य अगाडि बढाउने तर्फ पहल भैरहेके ा।

### ५.१.२.३ अधिकार सम्पन्न बागमती सभ्यता एकीकत विकास समिति

**१. आर्थिक बर्ष २०६६। ६७ को बार्षिक वजेट, भौतिक एवं वित्तिय प्रगति**

- वार्षिक वजेट (रु हजारमा) : २७९५१५
- भौतिक बार्षिक लक्ष्य : १००% (१.८०६ भार)
- भौतिक बार्षिक प्रगति : ८५.२७% (१.५४० भार)
- वित्तिय बार्षिक लक्ष्य : १००%
- बित्तिय आर्थिक प्रगति : ८८.३४%

**२. आ.व ०६६/०६७ को वजेट वक्तव्य**

वुदा नं : १६३

काठमाडौं शहरको सुन्दरता कायम राख्न, सार्वजनिक जग्गाको संरक्षण गर्न र सुरक्षा स्थिति खलवलिन नदिन उपत्यका भित्रका नदी किनारहरुमा बनाइएका अवैध घर टहराहरु हटाइनेछ। त्यहाँ रहेका वास्तविक सुकुम्वासीहरुको पहिचान गरी उनीहरुको उचित बसोवासको व्यवस्था मिलाइनेछ। काठमाडौं उपत्यकाको सभ्यताको आधार र चिनारीको रुपमा रहेका वागमती, विष्णुमती, धोबीखोला, हनुमन्ते र मनोहरा नदीहरुको सरसफाई र प्रदुषण नियन्त्रण, नदी किनारामा सडक तथा पार्क निर्माण, वृक्षरोपण, पुल संरक्षण र बाँध निर्माण सम्बन्धी कार्य बागमती सभ्यता विकास समिति, उपत्यकाका सबै जिल्ला विकास समिति र नगरपालिकाहरुको संयोजकत्वमा व्यापक जनसहभागिता जुटाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

**३. आ.व. २०६६/६७ को कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्याहरु र समस्या समाधानका लागि गरेका प्रयासहरु :**

समस्याहरुः

- विस्तृत इन्जिनियरिङ्ग प्रतिवेदनको अभाव
- क्षतिपूर्ति/मुआव्जा उपलब्ध गराउन कठिनाई
- सरोकारवालाहरुसँग समन्वयमा कठिनाई
- वर्तमान सामाजिक तथा राजनैतिक अवस्था
- नदी किनारामा सुकुम्वासी बस्तीहरु

समाधानका लागि गरिएका प्रयासहरुः

- डिजाइन–सुपरभिजन परामर्शदाताको यसै आ.व. देखि नियुक्ती भएकोले विस्तृत इन्जिनियरिङ्ग प्रतिवेदन तयार पार्ने कार्यमा सहयोग हुनेछ ।
- क्षतिपूर्ति/मुआव्जा उपलव्ध गराउन राज्यका सरोकारवाला निकायहरुको (अर्थ मन्त्रालय, भूमि सुधार मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय तथा समिति आफैंको) समन्वय गरिदै आएको छ ।
- क्षतिपूर्ति/मुआब्जा समयमा नै उपलब्ध गराउनकोलागि लालपुर्जा समयमा प्राप्त होस भनी मालपोत तथा नापी कार्यालयलाई अनुरोध गरिएको छ ।

### ५.१.२.४ ग्रामिण खानेपानी तथा सरसफाइ कोष विकास समिति

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समितिको आ.व. ०६६/६७ को भौतिक लक्ष्य (बार्षिक उपलब्धि)

| चरण | लक्ष्य (आयोजना संख्या) | प्रगति | % प्रगति | कैफियत |
|---|---|---|---|---|
| विकास चरण (आठौं समुह) | ४०० | ४१३ | १०३ | |
| कार्यान्वयन चरण (क्रमशः छैठौं र सातौं समुह) | १६५<br>४२५ | १६५<br>३२३ | १००<br>७७ | |
| सम्पन्न गर्नूपर्ने | ५९० | ४८८ | ८२.७१ | |
| जम्मा | ९९० | ९०१ | | |

भारित लक्ष्यको तूलनामा यस आ.व.को बार्षिक भौतिक प्रगति (भारित %) ८२.७१% यस आ.व. मा ४८८ आयोजनाहरु सम्पन्न भई ३,३१,८४० जनसंख्या लाभान्वित भएका छन् ।

यस समितिको आ.व. ०६६/६७ को बार्षिक बजेट विनियोजन तथा खर्च (वित्तीय प्रगति)

| आ.व. | बिनियोजित रकम रु. (हजारमा) | | | खर्च रु. (हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | विश्वबैंक | नेपाल सरकार | जम्मा | विश्वबैंक | नेपाल सरकार | जम्मा |
| २०६६/६७ | ९८२७५० | १३८२६८ | ११२१०१८ | ३७६१९८ | ३६३९६ | ४१२५९४ |
| % | ८७.६७ | १२.३३ | १०० | | | |

यस आ.व.को बार्षिक वित्तीय प्रगति ३७% रहेको छ ।

## ५.१.३ आवास तथा शहरी विकास क्षेत्र तर्फ

### ५.१.३.१ शहरी विकास तथा भवम निर्माण विभाग

**क) आ.ब. ०६६/६७ को कार्यक्रमको बार्षिक प्रगतिको संक्षिप्त विवरण**

| क्र.स | ब.उ.शि.नं. | प्राथमिकता | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ४८-३/४-७५० | **P2** | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन कार्यक्रम | १३७७८६ | ५८.०१% | ५१.४१% |
| २ | ४८-३/४-७५१ | **P1** | साना शहर विकासबाट ग्रामीण विकास | ५४३३० | ८८.८४% | ७९.०५% |
| ३ | ४८-३/४-७५३ | **P2** | एकिकृत कार्यमुलक योजना | १८५०० | ६२.७३% | २३.४५% |
| ४ | ४८-३/४-७५८ | **P2** | विशेष भौतिक तथा पूर्वाधार क्षे.वि. आयोजना | ४८०८४ | ९८.२६% | ९६.७०% |
| ५ | ४८-३/४-७६३ | **P1** | सज्ञन शहरी विकास कार्यक्रम | ३६५०७४ | ८६.४५% | ६५.६४% |
| ६ | ४८-३/४-७६५ | **P1** | शहरी तथा वातावरणीय सूधार आयोजना | ८०७४७५ | ९८.०५% | ७५.३२% |
| ७ | ४८-३/४-७६६ | **P2** | वाहिरी चक्रपथ विकास आयोजना | ६७१५२ | ६६.२०% | १८.९०% |
| ८ | ४८-३/४-७६८ | **P2** | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | १४१०८६ | ७९.५६% | ७२.२७% |
| ९ | ४८-३/४-७६९ | **P2** | विराढ्नगर चक्रपथ आयोजना | २४५१७ | ६३.३४% | ४१.०८% |
| १० | ४८-३/४-७७० | **P1** | नमूना एकीकृत वस्ती विकास कार्यक्रम (तराई-मधेश-पहाड-हिमाल) | ४९३००० | ८१.४३% | ७८.६८% |
| ११ | ४८-४-७७५ | **P1** | गणतन्त्र स्मारक | १००८७० | १२.००% | ०.९४% |
| १२ | ४८-४-१७२ | **P1** | सरकारी भवन मर्मत सम्भार | १७०७४३ | ९८.२६% | ९०.६५% |
| १३ | ४८-४-१७६ | **P1** | भवन निर्माण सम्भार डिभिजन कार्यालय | १०६३२० | ८९.००% | ८८.००% |
| | | | जम्मा बजेट औसत प्रगति | २५३४९३७ | ८२.४९% | ७२.६६% |

**ख) आर्थिक वर्ष २०६६/६७ स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य भवन तथा अन्य निर्माण तर्फ**

| क्र.सं. | ब.उ.शि.नं. | प्राथमिकता | कार्यक्रम | विनियोजित बजेट | लक्ष्य | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | रु हजारमा | % | भौतिक | वित्तिय |
| १ | ४८–४–६२० | १ | अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सुचना प्रणाली म.प.क्षे.स्वा.निर्देशनालय सुर्खेतको भवन निर्माण | ५000,00 | १00 | ८५.८४ | ८४.७८ |
| २ | ४८–४–७५६ | २ | आयुर्वेद विभाग, विविध कार्यक्रम | ७५,५३0,00 | १00 | ८४.७५ | ८३.२८ |
| | | | आयुर्वेद स्वास्थ्य केन्द्र भवन निर्माण | | | | |
| | | | आयुर्वेद औषधालय भवन निर्माण | | | | |

| क्र.सं. | ब.उ.शि.नं. | प्राथमिकता | कार्यक्रम | विनियोजित बजेट | लक्ष्य | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | रु हजारमा | % | भौतिक | वित्तिय |
| ३ | ४८–४–८५५ | १ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम, वी.ई.ओ.सी.भवननिर्माण, सी.इ.ओ.सी. भवन निर्माण, स्वास्थ्य चौकी भवन निर्माण, उ.स्वा.चौकीमा स्वास्थ्य चौकी भवन निर्माण अस्पताल निमार्ण (जिल्ला/अञ्चल/क्षेत्रीय) तला थप, अस्पताल पुन निर्माण (मर्मत) स्वा.चौकी भवनमा प्रसुती कोठा थप | २१३६००००० | १०० | ८३.१२ | ८१.८५ |
| | | | प्रा. स्वा.केन्द्र भवनमा प्रशुती कोठा थप, प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण, जनस्वास्थ्य कार्यालय भवन निर्माण, स्टाफ/नर्स/डा.क्वार्टर भवन निर्माण, सी.ए.सी.(मेजर/माइनर) भवन निर्माण, कार्यालय/तालिम केन्द्र/स्टोर भवन निर्माण, रिटेनिङ बाल (भवन) निर्माण | | | | |
| ४ | ४८–३/४–७५८ | | विषेश भौतिक तथा पूर्वाधार क्षेत्रविकास | २,२१६,५३० | औषत | ८४.५७ | ८१.९१ |

### ग) आर्थिक वर्ष ०६६/०६७ शहरी विकास तथा भवन निर्माण विभागबाट सम्पन्न गरिएका कार्यक्रमहरु

| क्र.स | कार्यक्रम | सम्पन्न गरिएका मुख्य मुख्य काम |
|---|---|---|
| १ | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन कार्यक्रम ४८–३/४–७५० | – विभिन्न जिल्लाहरुमा सामुदायिक भवनहरु निर्माण भएको । |
| | | – गरिब तथा न्यून आए भएका परिवारको आवास कार्यक्रमकोलागि ग्रामिण आवास कम्पनी मार्फत रकम उपलब्ध गराई कार्यक्रम संचालन भएको । |
| | | – नगर उन्मुख गा.वि.स.हरुको भौतिक विकास योजना तर्जुमा गर्ने कार्य भएको । |
| २ | साना शहर बजार विकासबाट ग्रामीण विकास ४८–३/४–७६३ | –१८० वटा विभिन्न गा.वि.स. तथा साना शहरहरुमा हाट बजार व्यवस्थापन तथा पूर्वाधार विकास कार्यहरु भएको |
| | | –६ वटा सानाशहरहरुको भौतिक विकास योजना तर्जुमा भएको । |
| ३ | एकीकृत कार्यमूलक योजना ४८–३/४–७५३ | – आ.व. २०५५/६६ मा सुरु गरिएका ७ नगर पालिकाका आवधिक योजना तर्जुमा भएको । |
| | | – ५ ठूला कोरिडोरको अध्ययन सम्पन्न भएको । |
| | | –१५ न.पा. को आवधिक योजना तर्जुमा भएको । |
| ४ | विशेष भौतिक तथा पूर्वाधार विकास क्षेत्र विकास आयोजना ४८–३/४–७५८ | – ४१२ स्थानमा रहेका मठ मन्दिर परिसरको निर्माण तथा मर्मत सुधार भएको । |
| | | – ६ धार्मिक तथा परातात्विक महत्व क्षेत्रको वेस म्याप तयार गरी गुण योजना तर्जुमा गर्ने र परामर्श भएको । |

| क्र.स | कार्यक्रम | सम्पन्न गरिएका मुख्य मुख्य काम |
|---|---|---|
| ५ | शहरी विकास योजना<br>४८–३/४–७६३ | –५ वटा ठूलाशहरी कोरीडोर पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विभिन्न पूर्वाधार निर्माण कार्यहरु |
| | | –विभिन्न नगरपालिकाहरुका आवधिक योजना कार्यान्वयन अन्तर्गत पूर्वाधार विकास कार्यहरु भएको। |
| | | –अत्तरीया क्षेत्र र इटहरा नपामा एयरवभचतथ : बउउष्लन गर्ने कार्य |
| ६ | शहरी तथा वातावरणीय सुधार आयोजना<br>४८–३/४–७६५ | –८वटा नगरपालिकाहरुमा विभिन्न सहायक परियोजनाहरु सञ्चालन गर्न करिब ५९ करोड ऋण तथा अनुदान प्रदान गरेको। |
| | | –भक्तपुर र हेटौडा नगरपालिकाहरुमा तरकारी बजार, नदी नियन्त्रण कार्य बसर्पाक निर्माण कार्य सम्पन्न भएको। ढल तथा ढल प्रशोधन केन्द्र करिब ९८ प्रतिशत निर्माण कार्य पुरा भएको। |
| | | –भरतपुर र कमला माई नगरपालिकाहरुमा जग्गा एकीकरण आयोजना सम्पन्न भएको र धुलिखेल र बनेपा नगरपालिकाहरुमा करिब ३० प्रतिशत काम सम्पन्न भएको। |
| | | –भरतपुर र हेटौडा नगरपालिकाहरुमा खानेपानी आयोजनाको निर्माण कार्य क्रमश ९२ प्रतिशत र ७५ प्रतिशत पूरा भएको। |
| | | –बनेपा पनौती र विदुर नगरपालिकाहरुमा बसपार्क निर्माण कार्यको क्रमश ९० प्रतिशत ५५ प्रतिशत र ६५ प्रतिशत काम पुरा भएको। साथै बनेपा कमलामाई र रत्न नगर ढल तथा ढलप्रशोधन केन्द्र निर्माण कार्यको करिब क्रमश नगरपालिकाहरुमा ५० प्रतिशत, ३५ प्रतिशत र ७५ प्रतिशत काम पुरा भएको। |
| | | –धुलिखेल, रत्ननगर, बनेपा र विष्णुमति लिंकरोडको गरी जम्मा १३ किलोमिटर सडक सुधार गर्ने काम पुरा भएको। |
| ७ | बाहिरी चक्रपथ जग्गा विकास आयोजना<br>४८–३/४–७६६ | –ललितपुर जिल्ला अन्तर्गत हरिसिद्धिदेखि चोभार सम्म १० किलोमिटर फिल्ड रिपोर्ट तयार भएको। |
| | | –वातावरणीय/सामाजिक प्रभाव मुल्यांकनको फाइनल रिपोर्ट तयार भएको। काठमाडौ. उपत्यकामा पर्ने सामाजिक आर्थिक तथा भौतिक पूर्वाधार प्रभाव अध्ययनको 73लअभउतष्यल चभउयचत तयार भएको। |
| | | –बाहिरी चक्रपथ क्षेत्रको श्रव्यदृष्यको फाइनल रिपोर्ट तयार भएको। |
| ८ | भवन निर्माण संहिता सरकारी भवन निर्माण<br>४८–३/४–७६८ | –एक स्थानमा जनजातिकोलागि र ३ स्थानमा दलिको छात्रबास, १२ स्थानमा सामुदायिक भवनहरु, १ स्थानमा बृद्धाश्रम र सरकारी भवनहरुको निर्माण भएको। |
| | | –महेन्द्रनारायण मिथिला सांस्कृतिक केन्द्रको भवन निर्माण कार्य चालु राख्ने साथै पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको आश्रम निर्माण कार्य भएको। |
| | | –भवन संहितामा आधारित सुरक्षित तथा किफायती भवन निर्माण सम्बन्धी तालिम ४००० जना कालिगढलाई विद्युतीकरण र स्यानेटरी सम्बन्धी तालिम विभागका ९० सबइन्जीनियरलाई सुरक्षित भवन सम्बन्धी तालिम ६० जना निर्माण व्यवसायीलाई ३० जना स्थानीय निकायका प्राधिकलाई तालिम सम्पन्न। |
| | | –रेन वाटर हार्वेस्टिङ तालिम सञ्चालन भएको। |
| | | –गणतन्त्रका स्तम्भको कन्सेप्चुअल डिजाईन कार्य प्रतिस्पर्धाद्वारा सम्पन्न डिटेल, डिजाईन कार्य सम्पन्न हुने अवस्थामा रहेको। |

| क्र.स | कार्यक्रम | सम्पन्न गरिएका मुख्य मुख्य काम |
|---|---|---|
| ९ | विराटनगर चक्रपथ आयोजना<br>४८–३/४–७६९ | –सडक रेखाङ्न गरी कच्ची सडक निर्माण कार्य भएको<br>–पहिलो चरणमा पन्ध्र कि.मि.को डि.पि.आर. तयार भएको दोस्रो चरणको १५ कि.मि. अर्को डि.पि.आरकोलागि परामर्शद्वारा छनोट कार्य भएको । |
| १० | सरकारी भवन मर्मत सम्भार कार्यक्रम<br>४८– ४–१७२ | –२५ डिभिजन कार्यबाट ३२३ वटा सरकारी भवन मर्मत सम्भार कार्य समपन्न । |
| ११. | भवन निर्माण संभार डिभिजन<br>४८– ४–१७६ | –भू.पू. प्र.म. कृष्णप्रसाद भट्टराई आश्रममा गेष्ट हाउस, लाईब्रेरी हाउस, गार्डहाउस निर्माण अन्य कार्यालयहरुको मर्मत सुधार कार्य भएको । |

### घ) आ.व. ०६६ । ६७ को बेरुजु फछ्र्यौटमा भएको प्रगति विवरण

| क्र.स | कार्यालयको नाम | बेरुजु | फर्छोट | प्रतिशत | फर्छोंट गर्न बाँकी |
|---|---|---|---|---|---|
| | | रु. हजारमा | रु. हजारमा | | रु. हजारमा |
| १ | शहरी विकास तथा भवन निर्माण विभाग | ३६०४५ | १६०९१ | ५५.४३ | १२९५४ |
| २ | भवन निर्माण संभार डिभिजन कार्यालय | १८३७९ | ६४९८ | ३५.३५ | ११८८१ |
| ३ | भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र हेटौडा | ११४५ | ११४५ | १००.०० | ० |
| ४ | डिभिजन कार्यालय इलाम | ३८६४४ | २०९९४ | ५४.३२ | १७६५० |
| ५ | डिभिजन कार्यालय धनकुटा | २८३०९ | १२४१० | ६७.७४ | ५८९६ |
| ६ | डिभिजन कार्यालय ओखलढुङ्गा | ३२८६७ | २०९११ | ६३.६२ | ११९५६ |
| ७ | डिभिजन कार्यालय मोरङ | २३५५९ | १०५९१ | ४४.९५ | १२९६८ |
| ८ | डिभिजन कार्यालय सप्तरी | ३६१२४ | १०२९८ | २८.५० | २५८२६ |
| ९. | डिभिजन कार्यालय काभ्रपलाञ्चोक | ४२४४० | २२२९३ | ५२.५३ | २०१४६ |
| १० | डिभिजन कार्यालय चितवन | ५५४६ | ३९८८ | ७१.९० | १५५८ |
| ११ | डिभिजन कार्यालय पर्सा | ९२१९९ | ८४५५ | ९.१७ | ८३७४४ |
| १२ | डिभिजन कार्यालय नुवाकोट | २४८९ | २२८८ | ९१.९२ | २०ज्ञ |
| १३ | डिभिजन कार्यालय काठमाडौं | ८६३ | १३९ | १६.१० | ७२४ |
| १४ | डिभिजन कार्यालय धनुषा | ३१९०८ | १०४२६ | ३२.६७ | २१४८२ |
| १५ | डिभिजन कार्यालय कास्की | २५३०० | १९६१९ | ७७.५४ | ५६८१ |
| १६ | डिभिजन कार्यालय पाल्पा | २३३७३ | ७४७० | ३१.९९ | १५९०३ |
| १७ | डिभिजन कार्यालय बागलुङ्ग | २२८०७ | ९०४९ | ३९ ६७ | १३७५८ |
| १८ | डिभिजन कार्यालय गोरखा | १९६६१ | ११४३ | ५६.६९ | ८५१० |
| १९ | डिभिजन कार्यालय रुपन्देही | १९४८१ | ६५५७ | ३३ ६५ | १२९२४ |
| २० | डिभिजन कार्यालय बाँके | २१५४१ | ९८०५ | ४५.५१ | ११७३६ |
| २१ | डिभिजन कार्यालय दाङ | १६६७४ | ७४२४ | ४४.५२ | ९२५० |
| २२ | डिभिजन कार्यालय रोल्पा | ७११९ | ३०४४ | ४२.७५ | ४०७५ |
| २३ | डिभिजन कार्यालय जुम्ला | १८६९२ | १६७०७ | ८९.३८ | १९८५ |
| २४ | डिभिजन कार्यालय सुर्खेत | ५२७२७ | २४४६३ | ४६.३९ | २८२६४ |
| २५ | डिभिजन कार्यालय डोटी | २९९२९ | १३६७५ | ४५.६९ | १६२५४ |
| २६ | डिभिजन कार्यालय बैतडी | ३८८९ | २४०० | ६१.७१ | १४८९ |
| २७ | डिभिजन कार्यालय कैलाली | २०७५० | १८३०१ | ८८.१९ | २४४९ |
| २८ | विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना | ३३७ | २१३ | ६३.२० | १२४ |
| २९ | शहरी तथा वातावरणीय सुधार आयोजना | ७९८३ | २८५९ | ३५.८१ | ५१२४ |
| ३० | बाहिरी चक्रपथ विकास आयोजना | ७६० | ५९५ | ७८.२८ | १६५ |

| क्र.स | कार्यालयको नाम | बेरुजु | फर्छ्यौट | प्रतिशत | फर्छ्यौट गर्न बाँकी |
|---|---|---|---|---|---|
| | | रु. हजारमा | रु. हजारमा | | रु. हजारमा |
| ३१ | महेन्द्र नारायण नीधि मिथिला सांस्कृतिक केन्द्र आयोजना | ४५५२ | ० | ० | ४५५२ |
| ३२ | काठमाडौं उपत्यका न.वि.कार्यान्वयन समिति काठमाडौं | ४९९ | १४५ | २९.०५८ | ३५४ |
| ३३ | काठमाडौं उपत्यका न.वि.कार्यान्वयन समिति ललितपुर | ११ | ११ | १०० | ० |
| ३४ | विघटित भूकम्प पीडित क्षेत्र विद्यालय पुनः निर्माण आयोजना | १६२१६ | ८३६१ | ५१.५६ | ७८५५ |
| | जम्मा | ६८५७८७ | ३०८३६९ | ४४.९६ | ३७७४१८ |

### ङ) त्रिवर्षीय योजना (आ.व. २०६७ । ६८ देखि २०६९ । ७०) प्रस्तावित विस्तृत दस्तावेज

#### १. पृष्ठभूमि

नेपालमा शहरीकरणको प्रक्रिया तीव्र छ । नेपालमा हाल क्रियाशील ५८ वटा नगरपालिकाको अलावा १३२ वटा साना शहरहरुमध्ये अधिकांश चाँडै नै नगरपालिका बन्ने प्रक्रियामा रहेकोले शहरी क्षेत्रमा दिनानुदिन जनचाप बढिरहेको छ । देशमा भएको दशक लामो द्वन्द्व, सेवा सुविधा र अवसरहरुको खोजीमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रतर्फ बढेको बसाइ सराई तथा शहरी क्षेत्रमा उपलब्ध शिक्षा, रोजगारीको अवसर आदि नै शहरीकरणको हालको तीब्रताका आधारभूत कारणहरु हुन् । यसको परिणामस्वरुप शहरमा उपलव्ध सीमित सामाजिक र भौतिक पूर्वाधार सेवाहरुमा अतिरिक्त चाप पर्न गएको छ । हाल करिव १९ प्रतिशत जनसंख्या शहरमा बसोबास गर्दछन् । शहरीकरणको प्रक्रियाले आर्थिक क्रियाकलापको विस्तार र अवसरहरुको उपयोगमा सघाउ पुऱ्याए तापनि उपयुक्त शहरी योजना अनुरुप शहर तथा बस्ती विस्तार नहुनाले आधारभूत शहरी सेवा उपलब्ध गराउन र वातावरणीय सन्तुलन कायम राख्न असजिलो भएको अवस्था छ । यसकोलागि लागत असुलीमा ध्यान दिन तथा शहरी व्यवस्थापनमा संलग्न निकायहरुबीच अरू बढी समन्वय गर्नुपर्ने आवश्यकता रहेको छ ।

#### २. अद्यावधिक स्थितिको समीक्षा

भवन, आवास तथा शहरी विकासको क्षेत्रमा गत त्रिवर्षीय अन्तरिम योजना अवधिमा उल्लेख्य कार्यक्रमहरुको शुरुवात गरिएको थियो । मूलतः सन्तुलित क्षेत्रीय विकासको अवधारणा अनुरुप प्रमुख विकास कोरिडरहरु वरिपरिका क्षेत्रीय, मध्यम र नगर स्तरीय स्थानीय निकायहरुको विकास, नगरपालिका हुन नसकेका जिल्ला सदर मुकामको पूर्वाधारमा लगानी तथा घनावस्ती विकास गर्ने सोच अनुरुपका कार्यक्रमहरु यस अवधिमा सञ्चालनमा ल्याइएका थिए । भवन, आवास तथा शहरी विकासको क्षेत्रमा त्रिवर्षीय अन्तरिम योजना अवधिकोलागि तय गरिएको लक्ष्य तथा सो अवधिमा हासिल भएका उपलब्धिको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

लक्ष्य र उपलब्धि

| क्र.सं. | सूचकहरु | त्रिवर्षीय अन्तरिम योजनाको लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| | शहरी क्षेत्र विकास कार्यक्रम | | |
| १ | काठमाडौं उपत्यका वाहिरी चक्रपथ विकास कार्यक्रम | ४० कि.मि. को डि.पि.आर तयार हुने | ४७ कि.मि. |
| २ | शहरी पूर्वाधार विकास कार्यक्रम | १२ नगरपालिकामा स्वस्थ्य शहर कार्यक्रम | १३ वटा |
| | | ३० नगरपालिकाको डिजिटल नक्सा तयार हुने | २० वटा |
| ३ | काठमाडौं उपत्यका विकास कार्यक्रम | हरिसिद्धि उपनगरको DPR तयार हुने | प्रस्ताव तयार |
| | | उपत्यकाभित्र नगरोन्मुख गा.वि.स. क्षेत्रको Detail Digital Land Use Map तयार हुने | आधार नक्शा तयार |
| ४ | शहरी तथा वातावरणीय सुधार आयोजना | ८ वटा शहरहरुको पूर्वाधार विकास तथा वातावरणीय सुधार हुने | ९ वटा |
| ५ | भौतिक विकास योजना तर्जुमा | १२ नगरपालिकामा आवधिक योजना तर्जुमा हुने | १२ वटा |
| | | ३० नगरको भौतिक विकास योजना तर्जुमा हुने | ३० वटा |

| | | | |
|---|---|---|---|
| ६ | साना शहर तथा बजार केन्द्र विकास कार्यक्रम | २५ जिल्लाको १२१ गा वि.स.मा नमुना पूर्वाधार निर्माण कार्यक्रम संचालन हुने । | २० वटा |
| | | २८ नगरोन्मुख गा.वि.स.को ढल तथा सडक संजाल योजना तर्जुमा हुने | २१ वटा |
| आवास क्षेत्र विकास कार्यक्रम | | | |
| १ | न्यून आय परिवार लक्षित आवास तथा सुकुम्बासी बस्तीको भौतिक सुधार कार्यक्रम | १००० गरिव परिवारले वित्त कम्पनी मार्फत सहुलियत ऋण प्राप्त गर्ने | वित्त कम्पनीबाट लिनुपर्ने |
| | | २५ सुकुम्वासी वस्तीको भौतिक वातावरण सुधार | १४ वटा |
| २ | ग्रामीण आवास विकास कार्यक्रम | ५०० ग्रामीण घरको भौतिक सुधार हुने | |
| | | २०० वटा कम लागतका आवास निर्माण हुने | २३४० वटा |
| | | ५०० पिछडिएका परिवारले आवास प्राप्त गर्ने | २८५ परिवार |
| ३ | एकीकृत घनावस्ति कार्यक्रम | ६ जिल्लामा एकीकृत घनावस्ती सम्भाव्यता अध्ययन सम्पन्न भई छानिएको वस्ती नमूना घनावस्तीको रुपमा विकसित हुने | ६ जिल्ला |
| ४ | जग्गा तथा आवास विकास कार्यक्रम | ६०० विस्थापित परिवारको पुनस्र्थापना हुने । | ३००० बाढी पीडित परिवार |
| | | जग्गा एकीकरणको माध्यमबाट १२ हजार घडेरी उपलब्ध गराइने । | ९९०० घडेरी |
| भवन क्षेत्र विकास कार्यक्रम | | | |
| १ | सरकारी तथा सामुदायिक भवन मर्मत तथा सुधार कार्यक्रम | करिव १००० भवनको मर्मत तथा १५ वटा दरवार र स्मारकको मर्मत संभार कार्य हुने । | १०७५ भवन |
| २ | भवन प्रवलीकरण कार्यक्रम | १२ भवन प्रवलीकरण हुने | १० वटा |

३. **समस्या, चुनौतिहरु र अवसरहरु**

नगरपालिकाहरुले आवधिक योजना तर्जुमा गरी सो योजना बमोजिम मात्र विकास निर्माणका कार्यक्रमहरु कार्यान्वयनमा गर्नुपर्नेमा विना योजना र विना प्राथमिकताका कार्यक्रमहरु सञ्चालन गरिरहनु, काठमाडौं उपत्यकाको विकासलाई व्यवस्थित र त्यसमा समन्वय गर्ने अधिकारसम्पन्न उच्चस्तरको निकायको अभाव रहनु, शहरी पूर्वाधार विकासमा नगर विकास कोषको लगानी पर्याप्त नहुनु, निजी क्षेत्रलाई जग्गा विकास तथा आवास निर्माणमा आकृष्ट गर्ने कानूनी संरचनाको अभाव यथावत रहनु, राजनैतिक आधारमा गठन हुने नगर विकास समितिहरु नीतिगत कार्यमा सीमित नरही योजना कार्यान्वयनतर्फ पनि उन्मुख हुंदा नगर विकास समिति र नगरपालिकाबीच प्रतिद्वन्द्वको स्थिति रहनु, बसाइँसराईको कारण बढ्दो जनसंख्याको अनुपातमा शहरी क्षेत्रमा पूर्वाधार विकास एवं विस्तार गर्नमा सम्वद्ध निकायहरुबीच (खानेपानी, विजुली, सडक, ढल, सञ्चार आदि) समन्वय गरी एकीकृत योजना तर्जुमा तथा कार्यान्वयन हुन नसक्नु आदि प्रमुख समस्याहरु विद्यमान छन् । त्यसैगरी अनियन्त्रित आवास तथा बस्ती विकासबाट पर्ने नकारात्मक वातावरणीय तथा सामाजिक प्रभावको निराकरण गर्ने निजीस्तरमा निर्माण हुने भवनहरुलाई सुरक्षित बनाउने कार्य अपेक्षाकृतरुपमा अगाडि बढ्न नसक्नु पनि यस क्षेत्रको समस्या हो ।

भवन, आवास तथा शहरी विकासको क्षेत्र नेपाल सरकारको प्राथमिकतामा पार्नु, आवश्यक जनशक्ति र पूर्वाधारको पर्याप्त व्यवस्था गर्नु, भौतिक योजना तथा निर्माण मन्त्रालय र स्थानीय विकास मन्त्रालयबीच शहरी विकासको सन्दर्भमा समन्वय गरी नगरपालिकाहरु र शहरी विकास तथा भवन निर्माण विभागबीच संस्थागत अन्तर्सम्वन्ध सवल पार्नु, आर्थिक रुपले पिछडिएका वर्गलाई आवासमा पहुँच पुऱ्याउनु तथा सार्वजनिक र निजी भवन निर्माणमा भवन संहिताको पालना अनिवार्य गराउनु यस क्षेत्रको चुनौति हो ।

सुरक्षित भवन निर्माण, सबैको पहुंचभित्रको आवास व्यवस्था तथा शहरी पूर्वाधार विकासमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संघसंस्थाहरुको बढ्दो चासो, आवास निर्माणमा निजी क्षेत्रको उल्लेखनीय योगदानका साथै शहरी विकास तथा आवास व्यवस्थापनकोलागि नीति तर्जुमा हुनु, व्यवस्थित शहरीकरण तथा सुरक्षित आवासको निरन्तर वढ्दो माग र विभिन्न विकास साझेदारहरुले प्राथमिकता दिनु यस क्षेत्रमा उपलव्ध अवसरहरु हुन् ।

४. **दीर्घकालीन सोच**

संस्थागत रुपमा सक्षम स्थानीय निकायको संलग्नतामा योजनाबद्ध तथा व्यवस्थित शहरी वातावरण कायम गरी सन्तुलित राष्ट्रिय शहरी स्वरुपको विकास गर्ने, निजी क्षेत्र समेतको सक्रीयतामा सबैका लागि औकात अनुसारको सुरक्षित आवासको व्यवस्था गर्ने तथा सार्वजनिक तथा निजी भवनलाई सुरक्षित एवम् किफायती बनाउने ।

५. **उद्देश्य**

<u>भवन</u> – सकभर स्वदेशी वास्तुकला झल्कने खालका सुरक्षित, किफायती तथा वातावरण अनुकूलको सार्वजनिक तथा निजी भवनहरु निर्माण तथा विकास गर्ने ।

<u>आवास</u> – सवै आयवर्गकोलागि उपयुक्त, सुरक्षित र किफायती आवासको व्यवस्था गरी व्यवस्थित बसोबासको प्रवर्द्धन गर्ने ।

शहरी विकास – सुरक्षित, स्वच्छ र आर्थिक रुपमा गतिशील शहरहरुको विकास गर्ने एवं शहरीकरण तथा आधारभूत शहरी सेवाबीच सामाञ्जस्यता स्थापित गरी सन्तुलित राष्ट्रिय शहरी स्वरुपको विकास गर्ने ।

६. **रणनीति**

१ नमूना भवनहरुको प्रवलीकरण तथा तालिमबाट भवन संहिताको पालना गर्ने सक्षम जनशक्तिको उत्पादन गर्ने तथा यस सम्बन्धी जनचेतना बढाउने ।

२. सुरक्षित, किफायती तथा वातावरण अनुकूलका आवासहरुको विकास गरी समाजका कमजोर वर्गलाई आवास सुविधा उपलब्ध गराउने ।

३. क्षेत्रीय (ठूला) शहरहरु तथा मझौला शहरहरुका आधारभूत सामाजिक, आर्थिक पूर्वाधारहरुमा सरकारी लगानीलाई निर्देशित गर्दै निजीक्षेत्रको लगानी आकृष्ट गर्ने ।

४. यस क्षेत्रमा सार्वजनिक निजी साझेदारीलाई प्रवर्द्धन गर्ने ।

७. **कार्यनीति**

१.१ भवनहरु गुणस्तरीय, किफायती एवं सुरक्षित बनाउन राष्ट्रिय भवन संहिताको पालना अनिवार्य गर्नुका साथै सीपयुक्त कालिगढ तथा प्राविधिकहरु उत्पादन गरिनेछ ।

१.२ नमूनाको रुपमा केही महत्वपूर्ण भवनहरुको प्रवलीकरण गरी भवन संहिताको पालनाप्रति जनचेतना वृद्धि गरिनेछ ।

१.३ अग्ला भवन निर्माणको कार्यलाई समसामयिक तथा प्रभावकारी बनाउन नियमन गरिनेछ ।

२.१ सामुदायिक बस्ती तथा निजी आवासहरु स्वस्थ एवं सुरक्षित हुने गरी विकास गर्नकोलागि मापदण्डहरु निर्धारण गरिनेछन्

२.२ जग्गा विकासको माध्यमबाट ग्रामीण बस्ती विकासलाई व्यवस्थित गरिनेछ ।

२.३ समाजका कमजोर वर्गलाई आवास सुविधा पुऱ्याउन वातावरणमैत्री तथा किफायती आवास सेवा (Low Cost Housing Service)विस्तार गरिनेछ ।

२.४ सार्वजनिक निजी साझेदारीमा आवास तथा बस्तीहरुको विकास गरिनेछ ।

३.१ प्रमुख लोकमार्ग, मध्यपहाडी मार्ग तथा आर्थिक विकासको दृष्टिकोणले महत्वपूर्ण अन्य मार्गहरुको निकटमा व्यवस्थित शहर तथा वस्तीहरुको विकास तथा कम्तीमा पँ ाच वटा मध्यम तथा पाँच वटा साना शहरहरुको एकीकृत पूर्वाधार विकास गरिनेछ ।

३.२ दिगो तथा व्यवस्थित शहरी विकास योजना तथा बस्ती विकास कार्यक्रम लागु गरिनेछ ।

३.३ शहरी विकाससंग सम्बद्ध पात्रहरु (Urban Actors) का बीचमा कार्यगत समन्वय अभिवृद्धि गरिनेछ ।

३.४ यस क्षेत्रमा आवश्यक अनुसन्धान समेत गर्न सक्ने गरी स्थानीय निकाय एवं केन्द्रीय सरकारी अङ्गहरुको संस्थागत क्षमताको विकासका साथै नियमन प्रणाली सुदृढ गरिनेछ ।

३.५ हरेक विकास क्षेत्रका एकएक गरी कम्तीमा पाँच वटा ठूला क्षेत्रीय शहरहरुमा एकीकृत पूर्वाधार विकास गरिनेछ ।

३.६ स्थानीय विकास मन्त्रालय, स्थानीय निकाय, नागरिक समाज तथा दातृ निकायहरुसंग समन्वय एवं सहकार्य गरी सबै नगरपालिकाहरुको नगर प्रोफाइल, आधार नक्सा तथा आवधिक योजना तर्जुमा कार्य सम्पन्न ा गरिनेछ ।

३.७ सार्वजनिक निजी साझेदारीको विद्यमान व्यवस्थालाई आवश्यकता अनुसार परिष्कृत गर्नुका साथै संस्थागत संरचना स्थापित गरी कम्तीमा तीनवटा नगरपालिकाहरुमा ठूला बसपार्क, मनोरञ्जन पार्क,

सूचना तथा सञ्चार पार्क, पूर्ण वित्तीय कारोवार क्षेत्र (Exclusive Financial Zone) जस्ता आर्थिक सरंचनाको विकास गरिनेछ ।

३.८ शहरी क्षेत्रमा आवश्यक ठूला पूर्वाधार विकास तथा आवास बस्ती विकासका लागि लगानी योजना तयार गरिनेछ ।

३.९ शहरी पूर्वाधार विकास र शहरी सुशासनको कार्यलाई एकीकृत र समन्वयात्मक रुपमा सम्पादन गर्नकोलागि छुट्टै उपयुक्त संस्थागत संयन्त्रको निर्माण गरिनेछ ।

## ८. परिमाणात्मक लक्ष्य

आगामी तीन वर्षकोलागि प्रस्तावित बजेट तथा अपेक्षित उपलब्धि निम्न तालिकामा प्रस्तुत गरिएकोछ ।

प्रस्तावित परिमाणात्मक लक्ष्य

| क्र.सं. | कार्यक्रम | परिमाणात्मक लक्ष्य |
|---|---|---|
| | भवन कार्यक्रम | |
| १ | सिंहदरवार पुनर्निर्माण कार्यक्रम | केन्द्रीय सचिवालयभित्र सबै मन्त्रालय तथा संसद भवन निर्माण |
| २ | सरकारी भवन निर्माण कार्यक्रम | ३० वटा नयाँ सरकारी कार्यालय, |
| | | नमूनाको रुपमा कर्मचारी आवास गृह, |
| | | १ वटा अन्तर्राष्ट्रिय तथा १२ वटा स्थानीय स्तरको सामुदायिक भवन, |
| | | आवश्यकता अनुसार एकल महिला, वालक, वृद्ध तथा अशक्तहरुकोलागि आयआर्जन लागि भौतिक पूर्वाधार सहितको आश्रम निर्माण |
| ३ | सरकारी भवन मर्मत कार्यक्रम | १५०० वटा विभिन्न सरकारी भवन, र |
| | | १५ वटा दरवार परिसरहरुको मर्मत सम्भार |
| ४ | भवन संहिता कार्यक्रम | सुरक्षित भवन निर्माण प्रविधिबारे अनुसन्धान, |
| | | १२ वटा भवन भूकम्प प्रतिरोधी बनाउन प्रवलीकरण, |
| | | २५०० जनालाई विभिन्न किसिमको तालिम प्रदान, |
| | | प्रचार प्रसार |
| ५ | विशिष्ट व्यक्तिहरुको निवास निर्माण, मर्मत तथा सुधार | विशिष्ट व्यक्तिहरुको निवास आवश्यकतानुसार निर्माण, मर्मत तथा सुधार |
| ६ | संस्थागत सदृढीकरण | भवन निर्माण कार्यलाई नियमन गर्न आवश्यक नीति, संहिता, निर्देशिका, मापदण्ड लगायतका आवश्यक संरचनाको तयारी |
| | आवास कार्यक्रम | |
| १ | आवास विकास कार्य्यक्रम | २० वटा अव्यवस्थित वस्तीहरुमा आवास स्तरोन्नति, |
| | | जनता आवास कार्यक्रम अन्तर्गत ९००० न्यून लागतको आवास विकास |
| | | विद्यमान केही वस्तीहरुको भौतिक सुधार, |
| | | काठमाडौंको १ सुकुम्बासी वस्तीको स्थानान्तरण |
| २ | जग्गा विकास कार्यक्रम | शहरी तथा ग्रामीण आवासकोलागि ६०० हेक्टरमा जग्गा विकास कार्यक्रम सञ्चालन |
| | | जग्गा विकास चक्रकोषको क्षमता वृद्धि |
| ३ | प्रकोपपीडित आवास व्यवस्थापन | विभिन्न प्रकोपका कारण विस्थापित हुने ६०० परिवारलाई तात्कालिक राहत तथा अस्थायी आवास सुविधा |
| ४ | संस्थागत सुदृढीकरण | आवास सम्बन्धी नीतिगत तथा कानूनी संरचना, मापदण्ड आदिको तयारी तथा सार्वजनिक निजी साझेदारीमा अभिवृद्धि |
| | शहरी विकास कार्यक्रम | |
| १ | एकीकृत शहरी विकास कार्यक्रम | शहरी नीति अनुरुप महत्वपूर्ण कोरिडरमा रहेका ५ वटा ठूला क्षेत्रीय र ५ वटा मध्यम स्तरका शहरहरुको पूर्वाधार विकास |
| २ | काठमाडौं उपत्यका विकास कार्यक्रम | बाहिरी चक्रपथको डि.पि.आर. पूरा |
| | | ५ वटा नगरपालिका र |
| | | ५ वटा गा.वि.स.मा विभिन्न एकीकृत पूर्वाधार विकास |

| | | |
|---|---|---|
| ३ | एकीकृत शहरी तथा वातावरणीय सुधार आयोजना | ७ वटा छानिएका नगरपालिकाहरुमा एकीकृत पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन |
| | | ९ नगरपालिकामा हाल सञ्चालित योजना पूरा |
| ४ | भौतिक विकास योजना | सबै ५८ वटा नगरपालिकाहरुको आवधिक योजना पूरा |
| | | २५ वटा साना शहर वा बजार केन्द्रको भौतिक विकास योजना तर्जुमा |
| | | ६ वटा नगरपालिकाहरुको शहरी म्यापिङ्ग (urban mapping) |
| ५ | साना शहर तथा बजार केन्द्र विकास कार्यक्रम | ५ वटा साना शहर, बजार केन्द्र, नगरपालिका भइनसकेका जिल्ला सदरमुकाम, १५ नमूना गाउं आदिको एकीकृत भौतिक पूर्वाधार विकास |
| | | ६ वटा घनावस्ती विकास हुने |
| ६ | शहरी वातावरण सुधार कार्यक्रम | १० वटा नगरपालिकाहरुमा स्वस्थ शहर सम्बन्धी कार्य |
| | | १० वटा नगरपालिकाहरुमा (Eco city) हरियाली विकास र पोखरीको पानी मुहान जस्ता प्राकृतिक स्रोतको संरक्षण |
| | | सबै नगरपालिकाहरुमा वर्षात्को पानी सङ्कलन (Rain water harvesting) |
| ७ | शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम | नगर विकास कोष, विशेष भौतिक तथा पूर्वाधार क्षेत्र आदिमा संस्थागत लगानी |
| | | क्षेत्रगत निकायहरुको क्षमता विकास |
| | | ६ नगरपालिकाको पूर्वाधार विकास |
| | | शहरी सुशासनकोलागि छुट्टै संयन्त्रको निर्माण |

## ९. मुख्य मुख्य कार्यक्रमहरु

प्रस्तावित कार्यक्रमहरु सिफारिस गर्ने प्रमुख आधारको रुपमा नेपाल सरकारबाट स्वीकृत गरिएको राष्ट्रिय शहरी नीति, २०६४ तथा राष्ट्रिय आवास नीति, २०५३ को सरोकारवालाहरुसंग व्यापक छलफल गरी अन्तिम मस्यौदाको रुपमा प्रस्तुत भइसकेको परिमार्जित संस्करणलाई लिइएको छ। यी नीतिहरुले शहरी विकास तथा आवास क्षेत्रको विकासमा दीर्घकालीन प्रभाव पार्ने हुंदा उल्लिखित नीतिहरुमा रहेका रणनीति र कार्यनीतिले सिफारिस गरेका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लग्नु मुलुकको वृहत्तर हितमा हुने तथ्य निर्विवाद छ। यसैगरी भवन क्षेत्रको सम्बन्धमा कुनै पूर्वस्वीकृत राष्ट्रिय नीति नरहेता पनि भवन ऐन, २०५५ र तत्सम्बन्धी अन्य कानूनी संयन्त्रबाट निर्देशित कार्यक्रमहरु नै प्राथमिकताको रुपमा प्रस्तुत गरिएका छन्। सुरक्षित तथा किफायती सार्वजनिक तथा निजी भवन निर्माण तथा सम्भारलाई यसमा मार्गनिर्देशक सिद्धान्तको रुपमा अंगिकार गरिएको छ।

प्रस्तावित मुख्य कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | मुख्य मुख्य कार्यक्रम |
|---|---|---|
| | भवन कार्यक्रम | |
| १ | सिंहदरवार पुनर्निर्माण कार्यक्रम | मन्त्रालयहरु तथा संसद भवन निर्माण |
| २ | सरकारी भवन निर्माण कार्यक्रम | नयाँ सरकारी कार्यालय निर्माण |
| | | सामुदायिक भवन |
| ३ | सरकारी भवन मर्मत कार्यक्रम | सरकारी भवन मर्मत |
| | | पुराना दरवार मर्मत |
| ४ | भवन संहिता कार्यक्रम | भवन प्रवलीकरण |
| | | भवन संहिता सम्बन्धी तालिम |
| ५ | विशिष्ट व्यक्तिहरुको निवास निर्माण, मर्मत तथा सुधार | विशिष्ट व्यक्तिहरुको निवास निर्माण, मर्मत तथा सुधार |
| ६ | संस्थागत सदृढीकरण | नीति, संहिता, मापदण्ड आदि तर्जुमा |
| | आवास कार्यक्रम | |
| १ | आवास विकास कार्न्यक्रम | अव्यवस्थित वस्तीमा आवास स्तरोन्नति |
| | | जनता आवास कार्यक्रम अन्तर्गत न्यून लागतको आवास विकास |
| | | सुकुम्बासी वस्तीको स्थानान्तरण |

| | | |
|---|---|---|
| २ | जग्गा विकास कार्यक्रम | आवासकोलागि जग्गा विकास |
| | | जग्गा विकास चक्रकोषको क्षमता वृद्धि |
| ३ | प्रकोपपीडित आवास व्यवस्थापन | विस्थापित परिवारलाई राहत तथा अस्थायी आवास |
| ४ | संस्थागत सुदृढीकरण | नीतिगत तथा कानूनी संरचना, मापदण्ड आदिको तयारी |
| | शहरी विकास कार्यक्रम | |
| १ | एकीकृत शहरी विकास कार्यक्रम | ठूला क्षेत्रीय र मध्यम शहरको पूर्वाधार विकास |
| २ | काठमाडौं उपत्यका विकास कार्यक्रम | बाहिरी चक्रपथको डि.पि.आर. पूरा |
| | | नगरपालिका र गा.वि.स.हरुमा एकीकृत पूर्वाधार विकास |
| ३ | एकीकृत शहरी तथा वातावरणीय सुधार आयोजना | आयोजना शहरहरुको एकीकृत पूर्वाधार विकास |
| ४ | भौतिक विकास योजना | सबै नगरपालिकाहरुको आवधिक योजना |
| | | साना शहर वा बजार केन्द्रको भौतिक विकास योजना तर्जुमा |
| | | नगरपालिकाको शहरी म्यापिङ्ग |
| ५ | साना शहर तथा बजार केन्द्र विकास कार्यक्रम | साना शहर, बजार केन्द, जिल्ला सदरमुकाम तथा नमूना गाउंको एकीकृत पूर्वाधार विकास |
| | | घनावस्ती विकास तथा अध्ययन |
| ६ | शहरी वातावरण सुधार कार्यक्रम | नगरपालिकामा स्वस्थ शहर सम्बन्धी कार्यहरु |
| | | (Eco city) हरियाली विकास र पोखरीको पानी मुहान जस्ता प्राकृतिक स्रोतको संरक्षण |
| | | सबै नगरपालिकाहरुमा वर्षात्को पानी सङ्कलन (Rain water harvesting) |
| ठ | शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम | नगर विकास कोष, विशेष भौतिक तथा पूर्वाधार क्षेत्र आदिमा लगानी |
| | | क्षेत्रगत निकायहरुको क्षमता विकास |
| | | शहरी सुशासनकोलागि छुट्टै संयन्त्रको स्थापना |

## १०. अनुमानित बजेट

<u>लागत अनुमान</u>

प्रसतावित त्रिवर्षीय योजना अन्तर्गत प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन गर्नकोलागि तालिका ४ मा प्रस्तुत गरिए बमोजिम कुल चालु खर्च रु. ९०,५९,००,००० तथा कुल पूंजीगत खर्च रु. १५,५७,१५,००,००० समेत गरी कुल लागत रु. १६,४७,७४,००,००० लाग्ने अनुमान गरिएको छ ।

कार्यक्रम बजेट

शहरी विकास, आवास तथा भवन क्षेत्रसंग सम्बन्धित विभिन्न प्रस्तावित कार्यक्रमहरु कार्यान्वयनकोलागि निम्न तालिकामा देखाइए बमोजिम तीन वर्षमा पहिलो वर्षकोलागि रु. ३ अरब ७८ करोड, दोश्रो वर्षकोलागि रु. ५ अरब १६ करोड तथा अन्तिम वर्षकोलागि रु. ७ अरब ५४ करोड आवश्यक पर्ने अनुमान गरिएको छ ।

अनुमानित बजेट संरचना

| क्र.सं. | योजना/कार्यक्रम | अनुमानित लागत, रु. हजारमा | | | |
|---|---|---|---|---|---|
| | | वर्ष १ | वर्ष २ | वर्ष ३ | कुल |
| | भवन कार्यक्रम | | | | |
| १ | सिंहदरवार पुनर्निर्माण कार्यक्रम | २५००० | २५००० | ३०००० | ८०००० |
| २ | सरकारी भवन निर्माण कार्यक्रम | १९२५०० | ३०५००० | ३७७५०० | ८७५००० |
| ३ | सरकारी भवन मर्मत कार्यक्रम | १४०००० | १४०००० | १४०००० | ४२०००० |
| ४ | भवन संहिता कार्यक्रम | १३००० | १३००० | १३५०० | ३९५०० |
| ५ | विशिष्ट व्यक्तिहरुको निवास | ३०००० | ६०००० | ६०००० | १५०००० |
| ६ | संस्थागत सदृढीकरण | १००० | १००० | १००० | ३००० |
| | जम्मा | ४०१५०० | ५४४००० | ६%०० | १५६७५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | आवास कार्यक्रम | | | | |
| १ | आवास विकास कार्र्यक्रम | ५५८००० | ६६८००० | ७७४००० | २०००००० |
| २ | जग्गा विकास कार्यक्रम | २०००० | २०००० | २०००० | ६०००० |
| ३ | प्रकोपपीडित आवास व्यवस्थापन | ६००० | ६००० | ६००० | १८००० |
| ४ | संस्थागत सुदृढीकरण | १००० | १००० | १००० | ३००० |
| | जम्मा | ५८५००० | ६९५००० | ८०१००० | २०८१००० |
| | शहरी विकास कार्यक्रम | | | | |
| १ | एकीकृत शहरी विकास कार्यक्रम | १९५००० | ५७०००० | ५२५००० | १२९०००० |
| २ | काठमाडौं उपत्यका विकास कार्यक्रम | ५६००० | ५९००० | ६०००० | १७५००० |
| ३ | शहरी तथा वातावरणीय आयोजना | १७००००० | २०००००० | ४५००००० | ८२००००० |
| ४ | भौतिक विकास योजना | १२५०० | १२५०० | १३००० | ३८००० |
| ५ | साना शहर तथा बजार केन्द्र विकास कार्यक्रम | १५८००० | १७२००० | १९६००० | ५२६००० |
| ६ | शहरी वातावरण सुधार कार्यक्रम | ११००० | १६००० | १७००० | ४४००० |
| ७ | शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम | ३८४९०० | ७९३६०० | ४७१५०० | १६५०००० |
| | जम्मा | २५१७४०० | ३६२३१०० | ५७८२५०० | ११९२३००० |
| | तीनवटै क्षेत्रको पूंजीगतको जम्मा | ३५०३९०० | ४८६२१०० | ७२०५५०० | १५५७१५०० |
| | चालु खर्च | २७३७०० | ३०१००० | ३३१२०० | ९०५९०० |
| | कुल जम्मा | ३७७७६०० | ५१६३१०० | ७५३६७०० | १६४७७४०० |

### ११. अपेक्षित उपलव्धिहरु

- ३० वटा नयाँ सरकारी भवन तथा १३ वटा सामुदायिक भवन, एकल महिला, वालक, वृद्ध तथा अशक्तहरुकोलागि आश्रम निर्माण भएको हुनेछ ।
- १५०० वटा विभिन्न सरकारी भवन तथा १५ वटा दरवार परिसरहरुको मर्मत भएको हुनेछ ।
- भूकम्प प्रतिरोधी बनाउन १२ वटा भवन प्रवलीकरण तथा २५०० जनालाई भवन संहिता सम्बन्धी तालिम प्रदान गरिएको हुनेछ ।
- जनता आवास कार्यक्रम अन्तर्गत ९००० न्यून लागतका आवास एकाइहरु निर्माण भएका हुनेछन् ।
- २० वटा अव्यवस्थित वस्तीमा आवास स्तरोन्नति तथा ६०० हेक्टर जग्गा विकास भएको हुनेछ ।
- हरेक विकास क्षेत्रमा एकएक गरी पाँच वटा क्षेत्रीय शहरहरु निर्माण भएको हुनेछ ।
- उत्तर–दक्षिण तथा मध्ये पहाडी लोकमार्गका मिलन क्षेत्र निकटमा पाँचवटा मध्यम तथा पाँच वटा साना शहर गरी कुल दशवटा शहरहरुको एकीकृत पूर्वाधार विकास भएको हुनेछ ।
- सबै नगरपालिकाहरुको नगर प्रोफाइल, स्रोत नक्सा तथा आवधिक योजना तर्जुमा कार्य सम्पन्न भएको हुनेछ ।

### १२. मान्यता र जोखिमहरु

- नगरपालिकाहरु आवधिक योजना तर्जुमा गरी सो योजना बमोजिम मात्र विकास निर्माणका कार्यक्रमहरु कार्यान्वयनमा उन्मुख हुनेछन् ।
- काठमाडौं उपत्यकाको विकासलाई व्यवस्थित र त्यसमा समन्वय गर्न अधिकारसम्पन्न उच्चस्तरको निकायको स्थापना हुनेछ ।
- बढ्दो जनसंख्याको अनुपातमा शहरी क्षेत्रमा पूर्वाधार विकास एवं विस्तार गर्नमा सम्वद्ध निकायहरुबीच (खानेपानी, विजुली, सडक, ढल, सञ्चार आदि) समन्वय कायम भई एकीकृत योजना तर्जुमा तथा कार्यान्वयन हुनेछ ।
- अनियन्त्रित आवास तथा बस्ती विकासबाट पर्ने नकारात्मक वातावरणीय तथा सामाजिक प्रभावको निराकरण गर्न निजीस्तरमा निर्माण हुने भवनहरुलाई सुरक्षित बनाउने संरचना तयार हुनेछ ।
- भवन, आवास तथा शहरी विकासको क्षेत्र नेपाल सरकारको प्राथमिकतामा परी यस क्षेत्रमा भएको लगानीले निरन्तरता पाउने छ ।
- उल्लिखित आधारभूत मान्यताको प्रतिकूल परिस्थिति उत्पन्न भएमा प्रस्तावित लक्ष्य तथा उपलव्धि हासिल हुनमा जोखिमको अवस्था आउने छ ।

१३. **कार्यान्वयन संयन्त्र**

तीन वर्षको अवधिकोलागि प्रस्तावित सम्पूर्ण कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन गर्दा विगत वर्षहरुमा कार्यक्रमहरु कार्यान्वयन गर्दा अनुभव गरिएका समस्याहरुको पुनरावृत्ति हुन नदिन आवश्यक कार्यहरु गरिनेछन् । आयोजनाहरुको कार्यान्वयन पक्षमा सुधार गर्नकोलागि मौजुदा जनशक्तिलाई सक्षम बनाउन आवश्यक तालिम, सेमिनार र गोष्ठीहरु आयोजना गर्नुको साथै आवश्यक निर्देशिका तथा म्यानुयलहरु तयार एवं परिमार्जन गरिदै लगिनेछ । यस क्षेत्रसंग सम्वन्धित व्यवस्थापन सूचना प्रणालीलाई सवै तहमा सुदृढ पार्दै व्यवस्थापन र संस्थागत सुधार गरिनेछ । सामान्यतया प्रथम चौमासिक अवधिभित्रै टेन्डर गरिसक्ने व्यवस्था गरिने छ । आयोजनाहरुको नियमित अनुगमन प्रणाली विकसित गरिनेछ ।

१४. **अनुगमन र मूल्याङ्कन**

प्रस्तावित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनकोलागि नियमित अनुगमनले महत्वपूर्ण भूमिका खेल्ने भएकोले विद्यमान अनुगमन पद्धति एवं प्रणालीलाई चुस्त पारिनेछ । योजना अवधिकोलागि प्रस्तावित सबै कार्यक्रमहरुको मूल्याङ्कन सूचकहरुलाई आधार मानी बिभिन्न तहबाट नियमित अनुगमन गर्ने प्रणाली विकसित गरिनेछ ।

आयोजनाहरुको हरेक चरणमा प्रभावकारी कार्यान्वयन भए नभएको मुल्याङ्कनका लागि केही आयोजनाहरुको प्राबिधिक परिक्षणलाई निरन्तरता दिइनेछ । आयोजनाहरुको नियमित रुपले स्वतन्त्र तथा सार्वजनिक परीक्षणको व्यवस्था मिलाई आयोजना सम्पन्न भएपछि प्रभाव मूल्यांकन गराई यसबाट प्राप्त अनुभवको आधारमा भावी आयोजनाहरु तर्जुमा गरिनेछ ।

## च) शहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत सञ्चालित आयोजनाहरु

### १. शहरी तथा वातावरणीय सुधार आयोजना

#### १.१. पृष्ठभूमी

नेपालको शहरीकरणको स्तर ज्यादै न्यून भएता पनि द्रुतगतिमा विस्तार भइरहेको छ । वसाइ सराई तथा अव्यवस्थित शहरीकरणको कारण देशले विभिन्न आर्थिक, सामाजिक तथा मानवीय समस्याहरु भोग्न परिरहेको छ । यस परिवेशमा नेपाल सरकारले एशियाली विकास वैङ्कको ऋण सहयोगमा काठमाण्डौ उपत्यका निकटका शहरहरुको वातावरण तथा पूर्वाधारको विकासको माध्यमबाट तिनीहरुको शहरी विकास गर्न शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत" शहरी तथा वातावरणीय सुधार आयोजना" सम्वन्धित नगरपालिकाहरु मार्फत आ.व .२०६०/०६१ देखि शुरु भई ७ वर्ष भित्र सम्पन्न गर्ने गरी सञ्चालन गरिरहेको छ । यो आयोजना भौतिक योजना तथा निर्माण मन्त्रालय र एशियाली विकास बैङ्कबीच मंसीर २०५६ मा हस्ताक्षर गरिएको समझदारी पत्र अनुसार एशियाली विकास बैङ्कको प्राविधिक सहयोगमा तयार गरिएको शहरी तथा वातावरणीय सुधार आयोजना तयारी प्रतिवेदनमा आधारित छ ।

#### १.२. आयोजनाको उद्देश्य

- नगरपालिकाहरुको संस्थागत क्षमता विकास तथा स्थानीय श्रोत परिचालन गर्ने ।
- नगरको वातावरणीय तथा भौतिक पूर्वाधारहरुको विकास गर्ने ।
- विकेन्द्रीकरणलाई बढावा दिने ।
- गरीबी निवारणमा टेवा पुर्‍याउने ।
- काठमाण्डौ उपत्यका र उपत्यका बाहिरका शहरहरु वीचको असमानता हटाउने ।

#### १.३. प्रस्तावित कार्यक्रम

- नगरपालिकाहरुको संस्थागत विकास र राजस्व परिचालन ।
- मुख्य शहरी तथा वातावरणीय पूर्वाधारहरुको विकास ।
- सहायक शहरी पूर्वाधारहरुको विकास ।
- सामुदायिक विकास ।
- आयोजना कार्यान्वयन सहयोग ।

#### १.४. आयोजनाको कार्यक्षेत्र कार्यक्षेत्र

यो आयोजना काठमाण्डौ उपत्यकाका निकट तथा धेरै सम्पर्क भएका नगरपालिकाहरु धुलिखेल, भरतपुर, हेटौडा, वनेपा, पनौती, रत्ननगर, विदुर, कमलामाई र काठमाण्डौ महानगरपालिकामा संचालन भैरहेको छ ।

## १.५. आयोजनाको शुरु देखि आ.ब ०६६/६७ सम्मका उपलब्धिहरु

यो आयोजना २०६० असार ६ गते अर्थमन्त्रालय र ए .डि .बी .बीच ऋण सम्झौतामा हस्ताक्षर भई उक्त ऋण २०६० आश्विन १५ गते देखि प्रभावकारी भई औपचारिक रुपमा सुरु भएको हो । तत्पश्चात् केन्द्रमा र सम्वन्धित नगरमा भएका उपब्धिहरु निम्नानुसार रहेका छन् ।

### १.५.१. आयोजना समन्वय कार्यालय (PCO)

- आयोजना कार्यान्वयनको समग्र व्यवस्थापन, समन्वयन, सुपरीवेक्षण, अनु ृगमन, डिजाइन पुनरावलोकन, ऋण सम्झौता अनुसार बजेट तथा सोध भर्ना र लेखा परिक्षण गर्ने काम नियमित रुपमा भइरहेको ।
- काभ्रे उपत्यकाका तीन नगरपालिकाहरुमा रोशीखोला तथा अन्य श्रोतहरुलाई खानेपानीकोलागि उपयोग गर्ने गरी एकिकृत खानेपानी आयोजना संचालन STIUEIP मा गर्ने गरी हाल सम्म निम्नानुसारका अध्ययन तथा प्रक्रियागत कार्यहरु भएका छन् ।
  - विस्तृत सम्भाब्यता अध्ययन प्रतिवेदन तयार गरेको ।
  - खानेपानीका श्रोतहरु २०६६ । २ । ११ मा जिल्ला जलश्रोत समितिमा दर्ता भएको ।
  - विस्तृत इञ्जिनियरिङ्ग डिजाइनको काम भई रहेको । आयोजना समन्वय कार्यालयमा डिजाइन परामर्शदाताहरुसँग मिटिङ्ग बसी विस्तृत डिजाइनको प्रगति सम्वन्धमा छलफल भइरहेको । अन्तिम प्रतिवेदनको मस्यौदा पेश गर्ने जानकारी परामर्शदाताबाट प्राप्त भएको ए.डि.वि .को आवश्यकता अनुसारको प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने काम पुरा भई ए.डि.वि .मा पेश भएको ।
  - वातावरणीय संरक्षण ऐन तथा नियमावली अनुसार EIA का लागि SCOPING र ToR तयार गरी स्वीकृतिका लागि वातावरण मन्त्रालयमा पेश भएको ।
  - सामाजिक प्रभाव मुल्यांकन तथा पूनर्वास योजनाको अन्तिम प्रतिवेदन तयार गरी ए.डि.वि .मा पेश भएको ।
  - संस्थागत संरचना सम्वन्धी प्रतिवेदन तयार गरी सो को मस्यौदा ए.डि.वि .मा पेश भएको ।
- हेटौडा र भरतपुर नगरपालिकाहरुमा खानेपानी योजनाहरुका निर्माण पछि संचालन, व्यवस्थापन गर्न खानेपानी व्यवस्थापन बोर्डको गठन भएको । खानेपानी संस्थानका सम्पत्ति र दायित्व बोर्डमा हस्तान्तरण गर्न सम्पत्ति र दायित्व मूल्यांकन गरी सोको प्रतिवेदन भौतिक योजन तथा निर्माण मन्त्रालयले अर्थ मन्त्रालयको सहमति लिई मन्त्री परिषद्मा स्वीकृतीकोलागि पेश गर्ने प्रसताव तयार गरेको छ । खानेपानी व्यवस्थापन बोर्ड नियमावली २०६६ नेपाल सरकार) उप–प्रधानमन्त्रीस्तर ( को मिति २०६७ । ३ । १६ को निर्णयबाट स्वीकृत भएको, हाल दुवै नगरपालिकामा धारा जडान तथा नयाँ /पुरानो प्रणाली समायोजनको कार्य भइरहेको । प्रभावकारी रुपमा खानेपानी संचालन र व्यवस्थापनकोलागि Business Plan तयार गरेको । सोही बमोजिम खानेपानी बोर्डलाई अन्तरिम अवधिमा खानेपानी संचालनमा सहयोग गर्ने Transitional Management Team गठन गर्न सो को मस्यौदा प्रस्ताव र TOR तयार गरी आवश्यक व्यवस्थाकोलागि ADB मा पेश गरेको ।
- आयोजना कार्यान्वयनबाट प्राप्त हुने प्रतिफल (Quantitative and Qualitative) अनुगमन र मूल्यांकन गर्न आधार सूचांक (Bench Mark Date) संकलन र विश्लेषणको काम सम्पन्न भई प्रतिवेदन तयार भएको ।
- नगरपालिकाको संस्थागत क्षमता र राजस्व परिचालन अभिवृद्धि गर्न विभिन्न नगरपालिकामा हालसम्म जम्मा १२६९ जनालाई संस्थागत विकास तथा मानव संशाधन विकास र राजश्व परिचालन, वित्तिय व्यवस्थापन, निर्माण व्यवस्थापन तथा सुपरिवेक्षण, एकीकृत सम्पत्ति कर, जग्गा एकीकरण सम्वन्धि तालिमहरु प्रदान गरिएको ।

### १.५.२. नगरपालिका

#### १.५.२.१) परियोजना कार्यान्वयन ईकाई (PIU) भरतपुर नगरपालिका, भरतपुर, चितवन

- शहरी नक्शा तयार गर्ने काम सम्पन्न भएको ।
- नदी नियन्त्रण सम्बन्धि कार्यको निर्माण कार्य सम्पन्न भएको ।

- बस पार्क निर्माण कार्यको कार्य सम्पन्न भएको ।
- लायन्सचोक थोक तरकारी वजार निर्माण कार्य सम्पन्न भएको ।
- बालकुमारी तरकारी बजार निर्माण कार्यको कार्य सम्पन्न भएको ।
- ढल निर्माण कार्यको करिव ६८% काम सम्पन्न भएको ।
- ढल प्रशोधन केन्द्रको करिव ९८% निर्माण कार्य पुरा भएको ।
- भरतपुर खानेपानी आयोजना नगरपालिका क्षेत्रमा १००० घ.मि क्षमताको Underground पानी ट्याङ्की, कटहर चोकमा ९०० घ.मी .क्षमताको Underground ट्याङ्कीको र कटहर चोकमा ४५० घ.मी . क्षमताको Overhead पानी ट्याङ्की निर्माण गर्ने काम पूरा भएको । करिव २०० कि .मि .Pipe line laying को काम पुरा भएको । हालसम्म निर्माण कार्यको समग्रमा ९२% काम सम्पन्न भएको ।
- कृष्णपुर जग्गा एकीकरण आयोजना.......को निर्माण कार्य सम्पन्न भएको । जग्गा व्यवस्थापन उप–समितिको २०६५ । १० । २८ को निर्णय अनुसार Re-plotting नक्शा स्वीकृत भई जग्गामा Re-plotting गर्ने काम सम्पन्न भएको । नयाँ जग्गा धनी प्रमाण पुर्जा तयार गरी जग्गा फिर्ता गर्ने कार्य मिति २०६६ । ०९ । १६ देखि प्रारम्भ भएको र जग्गा धनी लालपुर्जा वितरण गर्ने काम भईरहेको ।
- साना शहरी सुविधा कार्यक्रम अन्तर्गत विरेन्द्र क्याम्पस चोक र लायन्स चोक सुधार तथा नारायणगढ मुख्य सडकको डिभाइडर निर्माण तथा चोक सुधार कार्य करिब ७५% काम पुरा भएको ।
- सार्वजनिक शौचालय निर्माण कार्यको ५०% काम पुरा भएको ।
- सरसफाई तथा फोहर पानी व्यवस्थापनकोलागि Equipment र Vehicle खरिद गर्ने कार्यको ९८% equipment supply गर्ने काम भएको ।
- सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्न गैर सरकारी संस्थासँग सम्झौता भई काम सम्पन्न भएको । Poor and Disadvantage Group कोलागि थप सामुदायिक विकास कार्यक्रम संचालन गर्न NGO संग सम्झौता भई कार्य प्रारम्भ भई ३०% कार्य भएको ।
- थप संस्थागत सुधार कार्यक्रम को मिति २०६७ । २ । ३ मा आर्थिक प्रस्ताव खोली पहिलो हुने परामर्शदाता सँग वार्ता गरी सम्झौता भई कार्य प्रारम्भ भई २०% कार्य भएको । समग्र रुपमा प्रगति ९५% रहेका छ ।

१.५.२.२) **परियोजना कार्यान्वयन ईकाई (PIU) धुलिखेल नगरपालिका, धुलिखेल, काभ्रे**

- शहरी नक्शा तयार गर्ने काम सम्पन्न भएको ।
- सडक सुधार कार्य सम्पन्न भएको ।
- साना शहरी पूर्वाधार विकास अन्तर्गत सार्वजनिक शौचालय निर्माण कार्य सम्पन्न भइसकेको ।
- ढल निर्माण कार्य सम्पन्न भएको ।
- ढल प्रशोधन केन्द्र (RBTP) निर्माण कार्यको समग्रमा ८८% निर्माण कार्य पूरा भएको ।
- सरसफाई तथा फोहोरपानी व्यवस्थापनकोलागि Equipment and Vechicle खरिद गर्ने कार्यको ठेक्का सम्झौता भई करिव ४०% सामाग्री वितरण भएको ।
- धुलिखेल जग्गा एकीकरण आयोजनाकोलागि सत प्रतिशत जग्गा धनीहरुको सहमति प्राप्त नभएकोले ए. डि. वि. बाट प्राप्त हुने ऋण रकम प्रयोग हुन नसकेको । शहरी विकाश तथा भवन निर्माण विभागमा रहेको जग्गा विकास चक्रकोषबाट ऋण लिई काम अगाडि बढाउने सहमति भई ऋण समेत स्वीकृत भएको । हाल सडक रेखाङ्कन गरी ब्लक प्लान अनुसार सडक खोल्ने दास्रो चरणको काम भइरहेको ।
- साना शहरी पूर्वाधार अन्तर्गत Urban Service Center को पुनः बोलपत्र मूल्याङ्कन भई Bid Evaluation Report (BER सहमतिका लागि ADB मा पठाइएको ।
- सामुदायिक विकास कार्यक्रम संचालन गर्न गैरसरकारी संस्थासंग संझौता भई काम सम्पन्न भएको ।
- थप सामुदायिक विकास कार्यक्रमको २०६६ । १० । १९ मा ए. डि. वि. बाट सहमति प्राप्त भई ४०% कार्य सम्पन्न भएको । समग्र रुपमा प्रगति ८९% रहेका छ ।

१.५.२.३) **परियोजना कार्यान्वयन ईकाई (PIU) हेटौंडा नगरपालिका, हेटैं डा, मकवानपुर**

- वसपार्क निमार्ण कार्य सम्पन्न भई २०६४ । ६ । २० देखि संचालनमा आएको ।
- शहरी नक्शा तयार गर्ने काम सम्पन् ा भएको ।

- नदी नियन्त्रण कार्य सम्पन्न भएको ।
- साना शहरी पूर्वाधार निर्माण अन्तर्गत सार्वजनिक शौचालय (Public Toilet) निर्माण कार्य सम्पन्न भएको ।
- साना शहरी पूर्वाधार अन्तर्गत Recreation Park निर्माण कार्य सम्पन्न भएको ।
- ढल निर्माण कार्य करिव ९९% सम्पन्न भएको ।
- ढल प्रशोधन केन्द्र (RBTP) काम सम्पन्न भएको ।
- सरसफाइ तथा फोहोर पानी ब्यवस्थापन कोलागि Equipment & Vachile खरिद गर्ने कार्य सम्पन्न भएको ।
- खानेपानी आयोजनाको पाईप बिछ्याउने काम ९०% सम्पन्न भई समग्रमा करिव ८५% काम सम्पन्न भएको ।
- तरकारी बजार निर्माण कार्य सम्पन्न भएको ।
- मासु बजार निर्माण कार्य सम्पन्न भएको
- सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्न गैर सरकारी संस्थासंग सम्झौता भई काम सम्पन्न भएको । Poor and Disadvantage Group कोलागि थप सामुदायिक विकास कार्यक्रम सम्पन्न भएको ।
- थप संस्थागत सुधार कार्यक्रमको ६०% काम सम्पन्न भएको । समग्र रुपमा प्रगति ९५% रहेका छ ।

१.५.२.४) **परियोजना कार्यान्वयन ईकाई (PIU) रत्ननगर नगरपालिका, रत्ननगर, चितवन**

- शहरी नक्शा तयार गर्ने काम सम्पन्न भएको ।
- सडक सुधार कार्य सम्पन्न भएको ।
- साना शहरी सुविधा अन्तर्गत बस –वे निर्माण कार्य सम्पन्न भएको ।
- ढल निर्माण कार्यको ३२% निर्माण कार्य सम्पन्न भएको ।
- ढल प्रशोधन केन्द्र (RBTP) निर्माण कार्य ४४% सम्पन्न भएको ।
- जग्गा एकीकरण आयोजना सञ्चालन गर्न योजना स्वीकृतकोलागि आयोजना समन्वय कार्यलयमा पेश गरेको ।
- तरकारी वजार निर्माण कार्य सम्पन्न भएको
- सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्न गैरसरकारी संस्थासंग सम्झौता भई कार्य सम्पन्न भएको । थप सामुदायिक विकास कार्यक्रम ५४% काम सम्पन्न भएको
- थप संस्थागत सुधार कार्यक्रमको ६०% काम सम्पन्न भएको । समग्र रुपमा प्रगति ७४% रहेका छ ।

१.५.२.५) **परियोजना कार्यान्वयन ईकाई (PIU) बनेपा नगरपालिका, बनेपा, काभ्रे**

- साना शहरी सुविधा अन्तर्गत लायकुचौर क्षेत्र सुधार कार्य सम्पन्न भएको ।
- सडक सुधार कार्य अन्तर्गत नगरपालिका क्षेत्रभित्र पर्ने अरनिको राजमार्गको दाँया–बाँया करिव २.८ कि. मी लम्वाइको फुटपाथ निर्माण गर्ने कार्य सम्पन्न भएको ।
- शहरी नक्शा तयार गर्ने कार्य सम्पन्न भएको ।
- ढल निर्माण कार्य करिब ७०% काम सम्पन्न भएको ।
- ढल प्रशोधन केन्द्र निर्माण कार्यको करिव ८७% काम सम्पन्न भएको ।
- सरसफाइ तथा फोहोर पानी ब्यवस्थापन कोलागि Equipment & Vachile खरिद गर्ने कार्यको बोलपत्र मूल्याङ्क भई BER ADB मा समर्थनकोलागि पेश भएको ।
- बनेपा नगरपालिका वडा नं ६ तुल्टी फाँटमा जग्गा एकीकरण आयोजनाको वाटो खोल्ने, RCC piple राख्ने, Block छुट्याउने र माटो काटने र भर्ने कार्य भैरहेको । हालसम्म ७५% काम सम्पन्न भएको ।
- बसपार्क सुधार कार्यको करिब ९०% कार्य सम्पन्न भएको ।
- सामुदायिक विकास कार्यक्रम कार्यान्वयनकोलागि गैहसरकारी संस्थासँग सम्झौता भई हालसम्म करिब ९८% काम पूरा भएको ।
- थप सामुदायिक विकास कार्यक्रम संचालन गर्न ए.डि.वि. बाट २०६७।२।७ मा सहमति प्राप्त भई NGO नियुक्ती भई २०% कार्य सम्पन्न भएको ।
- थप संस्थागत सुधार कार्य ५०% सम्पन्न भएको । समग्र रुपमा प्रगति ८४% रहेका छ ।

### १.५.२.६) परियोजना कार्यान्वयन ईकाई (PIU) पनौती नगरपालिका, पनौती, काभ्रे

- शहरी नक्शा तयार गर्ने काम सम्पन्न भएको ।
- साना शहरी सुविधा अन्तर्गत पनौती घाट निर्माण सुधार गर्ने कार्य सम्पन्न भएको ।
- सामुदायिक विकास कार्यक्रम सञ्चालनकोलागि गैरसरकारी संस्थासँग सम्झौता भई विद्यालयहरु र गरिव समुदायमा शौचालय निर्माण तथा सरसफाइका कार्यहरु सञ्चालन भइ कार्य सम्पन्न भएको ।
- ढल निर्माण कार्य सम्पन्न भएको ।
- ढल प्रशोधन केन्द (RBTP) निर्माण कार्य करिव ९८% सम्पन्न भएको ।
- वसपार्क निर्माण सुधार कार्य करिव ७५% पुरा भएको ।
- थप सामुदायिक विकास कार्यक्रम ७०% सम्पन्न भएको ।
- थप संस्थागत सुधार कार्य ३०% सम्पन्न भएको । समग्र रुपमा प्रगति ९३% रहेका छ ।

### १.५.२.७) परियोजना कार्यान्वयन ईकाई (PIU) विदुर नगरपालिका, नुवाकोट

- सामुदायिक विकास कार्यक्रम सञ्चालनकोलागि गैर सरकारी संस्थासँग सम्झौता भई कार्य सम्पन्न भएको ।
- थप सामुदायिक विकास कार्यक्रम ६०% सम्पन्न भएको । ।
- सार्वजनिक शौचालय निर्माण कार्य सम्पन्न भएको ।
- बसपार्क निर्माण कार्य करिब ८२% सम्पन्न भएको ।
- सार्वजनिक पार्क निर्माण कार्य सम्पन्न भएको । समग्र रुपमा प्रगति ७४% रहेका छ ।

### १.५.२.८) परियोजना कार्यान्वयन ईकाई (PIU) कमलामाई नगरपालिका, सिन्धुली

- शहरी नक्शा तयार गर्ने काम सम्पन्न भएको ।
- नदी नियन्त्रण कार्य सम्पन्न भएको ।
- सार्वजनिक पार्क निर्माण कार्य सम्पन्न भएको ।
- सामुदायिक विकास कार्यक्रम सम्पन्न भएको ।
- थप सामुदायिक विकास कार्यक्रम ८५% सम्पन्न भएको ।
- धुरा वजारमा ढल तथा ढल प्रशोधन केन्द्र निर्माण कार्य करीब ९०% सम्पन्न भएको ।
- जग्गा एकीकरण आयोजनाको काम सम्पन्न भएको तथा अस्थाई जग्गा धनी प्रमाण पूर्जा वितरण गर्ने कार्य भईरहको
- तरकारी,मासु तथा हाट वजार सुधार कार्य करीब ९५% सम्पन्न भएको ।
- थप संस्थागत सुधार कार्य ७०% सम्पन्न भएको । समग्र रुपमा प्रगति ९८% रहेका छ ।

### १.५.२.९) परियोजना कार्यान्वयन ईकाई (PIU) काठमाण्डौ महानगरपालिका, काठमाण्डौ विष्णुमती लिङ्करोड (BLR):

- बिष्णुमती लिङ्क रोड कालोपत्र गरी स्तरोन्नती गर्ने कार्य सम्पन्न भएको ।

## १.६. कार्यसम्पादनका सिलसिलमा अनुभूत गरिएका मुख्य मुख्य समस्या/मुद्दाहरु

- भरतपुर र हेटौंडा नगरपालिकामा गठन भएको खानेपानी व्यवस्थापन बोर्ड कार्यान्वयनमा कठिनाईः
- आयोजनाका चालु निर्माण कार्यहरुमा ढिलाईः
- सहायक ऋण सम्झौताहरु संशोधन गर्नु पर्नेमा नभएको ।
- काभ्रे उपत्यकाका तीन नगरपालिकामा (बनेपा, धुलिखेल र पनौती) एकिकृत खानेपानी आयोजना संचालन सम्वन्धमा मुल विवादले निर्माण कार्य प्रारम्भ हुन नसकेको ।

## १.७. समस्या समाधान गर्न गरिएका उल्लेखनीय प्रयासहरु

- भरतपुर र हेटौंडा नगरपालिकामा गठन भएको खानेपानी ब्यवस्थापन वोर्ड द्धारा खानेपानी प्रणाली संचालन गर्न मंत्री परिषदको स्वीकृति लिने कार्य भइरहेको ।
- आयोजनाका चालु निर्माण कार्यहरुमा ढिलाई भएको सम्वन्धमाः सवै नगरपालिकाहरुसंग समन्वय गरी समयमा काम सम्पन्न गर्न PCO ले प्रयास गरी रहेको । साथै मन्त्रालय, विभाग र आयोजनाको तर्फवाट नियमित अनुगमन भइरहेको । नगरपालिकाहरुका नेतृत्वतहलाई समय समयमा अभिमुखिकरण, छलफल र परामर्श उपलब्ध गराउने गरिएको ।

- सहायक ऋण सम्झौताहरु संशोधन गर्नु पर्ने सम्बन्धमाः अर्थ मन्त्रालय र नगरपालिकाहरु बीच गरिएको सहायक ऋण सम्झौता संशोधित मूल ऋण सम्झौता अनुरुप संशोधन हुनु पर्ने। सो कोलागि नगरपालिकाहरुलाई अनुरोध गरी पठाएको।
- काभ्रे उपत्यकाका तिन नगरपालिकमा (बनेपा, धुलिखेल र पनौती) एकीकृत खानेपानी आयोजना संचालन सम्बन्धमा DPR तयार भई रहेको। मूल विवादको समस्या समाधान भउको। STIUEIP अन्तर्गत कार्यान्वयन हुन लागेको। ९ वटै नगरपालिकामा संचालित कार्यको भौतिक प्रगति ९१% र वित्तिय प्रगति ६३% भएको छ। समयको हिसावले ९३% व्यक्ति भएको छ।

### १.८. ठेक्का पट्टाको स्थिति (२०६७ साल आषाढ मसान्तसम्म)

हालसम्म आयोजनाको समग्र भौतिक प्रगति ८८.०२ प्रतिशत रहेको/विभिन्न परामर्श दाता र निर्माण कार्यबापत करीव रु २ अरब १६ करोड ठेक्का सम्झौता भई जम्मा रु १ अरब ८९ करोड रकम खर्च भएको।

आ.व. ०६६/६७ मा शहरी तथा वातावरणीय सुधार आयोजनाबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरण

| क्र. सं. | ब.शी.नं. | कार्यक्रम | विनियोजित बजेट (रु. हजारमा) | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | भारित | परिमाण |
| १ | ४८–३–७६५/ ४८–४–७६५ | TDF नगरपालिकाहरुलाई ऋण लगानी गर्ने। | ३६३००० । – | १०.१६ | २४.११ |
| २ | ४८–३–७६५/ ४८–४–७६५ | नगरपालिकाहरुलाई अनुदान प्रदान गर्ने | ४१७००० | १५.०९७ | ३१.२८ |
| ३ | ४८–३–७६५/ ४८–४–७६५ | मेशीनरी औजार तथा फर्निचर खरिद | २०० | ०.००९ | ४ थान मे.आं १२ थानफर्निचार खरिद |
| ४ | ४८–३–७६५/ ४८–४–७६५ | परामर्शदाता नियुक्त गरी परामर्शदाताको सेवा लिने | १७४०० | ०.६०० | ३०.२७ व्यक्ति महिना |
| ५ | ४८–३–७६५/ ४८–४–७६५ | तालिम तथा गोष्ठी | ३८०० | ०.१५४ | ६० जनालाई |
| ६ | ४८–३–७६५/ ४८–४–७६५ | उपभोग र कार्यालय सञ्चालन खर्च | ६०७५ | १०० | १०० |

जम्मा विनियोजित बजेट ८०७४७५ जम्मा खर्च :६१२६४५
समग्र बार्षिक भारति प्रगतिः ७५.३२ प्रतिशत

## २. बाहिरी चक्रपथ विकास आयोजना

### २.१. आयोजनाको परिचय

काठमाडौं उपत्यकाभित्र करीब ३० वर्ष अघि निर्माण गरिएको चक्रपथको वरिपरि बढ्दो सवारी आवागमन तथा पैदल यात्रुको चापले साघुरिदै गएको छ र साथसाथै चक्रपथको दायाँ बायाँ अनियन्त्रित तथा अव्यवस्थित बस्ती विकासको चापले थप अन्य समस्याहरु बढाएको कुरा सर्व विदितै छ। चक्रपथ र त्यहाँबाट बाहिर तर्फ जाने मुख्य बाटोहरु आर्टिरियल सडकहरुको इन्टरसेक्सन बढ्दो सवारीको चापले रुन रुन् असुरक्षित हुँदै गइरहेको छ। द्रुत गतिमा बृद्धि भइरहेको जनसंख्याको चाप अव चक्रपथ बाहिर तर्फबाट बढ्दै गइरहेको पाइन्छ र चक्रपथबाट बाहिर तर्फ जाने बाटोहरुको दायाँबायाँ बिस्तार हुँदै गइरहेको घना आवादी तथा अव्यवस्थित बस्ती विकास यसका ज्वलन्त उदाहरणहरु हुन्। चक्रपथबाट बाहिर तर्फ जाने आर्टिरियल सडकहरुलाई जोड्ने मुख्य बाटो नभएको कारणले एउटा आर्टिरियल सडकबाट अर्को आर्टिरियल सडकमा आउने सवारीलाई चक्रपथनै प्रयोग गर्नु पर्ने बाध्यता छ र वस्ती विकास योग्य ठूलो भू–भाग अव्यवस्थित बस्ती बिस्तार हुने खतरामा परेको देखिन्छ।

यस सन्दर्भमा सन् २००० मा नेपिकोन (NEPICON) भन्ने संस्थाले बाहिरी चक्रपथको अवधारणा शुरु गरी अध्ययनको कार्य गरेको थियो। पछि नेपाल सरकारले नै बाहिरी चक्रपथको आवश्यकता र सान्दर्भिकता महशुस गरी आ.व. २०६१/०६२ को बजेट भाषणमा मा. अर्थमन्त्रीबाट "ब्यवस्थित जग्गा एकीकरणका आधारमा काठमाडौंमा बाहिरी चक्रपथको निर्माण कार्य आ.व. २०६१/०६२ देखि नै प्रारम्भ गरिने छ" भनी घोषणा भए पछि सरकारी स्तरबाट नै यस सम्बन्धी कार्य प्रारम्भ

भएको छ। यस सन्दर्भमा मिति २०६२।१०।१३ को मन्त्रीपरिषद्को बैठकबाट बाहिरी चक्रपथको एलाइनमेन्ट र नोडल प्वाइन्ट सम्बन्धी निर्णय निम्नानुसार भएको थियो : –काठमाडौं खण्डमा पर्ने बाग्मती

(चोभार), गाम्चा, सतुङ्गल, नैकाप, पुरानो भञ्ज्याङ्ग, सितापाइला, हलचोक, बालाजु औद्योगिक क्षेत्र, नेपालटार, गोंगबु, टोखागाँउ, चपली, कपन, जगडोल, सनडोल तथा थली डाँछी, भक्तपुर खण्डमा पर्ने गामफेदी, पकाउनेपाटी, बाँसवारी, याङडोल,मसानडोल, भातेढिकोरो, नयाँ ठिमी तथा दधिकोट र ललितपुर खण्डमा पर्ने लुभु,, ठैब, धापाखेल, ठेचो, बुङमती हुँदै बाग्मती (चोभार) सम्म। यसै सन्दर्भमा मिति २०६४।३।१८ को मन्त्रिपरिषद्को बैठकबाट साविक मन्त्रिपरिषद्वाट स्वीकृत बाहिरी चक्रपथको एलाईनमेन्टलाई संशोधन गरी नागाजुन दरवार मुन्तिरबाट सुरुङ निर्माण गर्न तथा नयाँ ठिमी देखि गोठाटार जोरपाटी हुँदै जगडोल पुग्ने सडक खण्डलाई चक्रपथकै स्तरको लिङ्करोडको रुपमा कायम गर्न स्विकृती दिने निर्णय भएको अवस्था रहेको छ।

२.१.१. **बाहिरी चक्रपथले खेल्ने मुख्य भुमिकाहरुः**

- उपत्यकाको दक्षिण र पूर्वि भू–भागमा आवागमनको सुविधा बढाउनु।
- ब्यवस्थित बस्ती विकास।
- सिन्धुली बनेपा राजमार्गको निर्माणपछि उपत्यका भित्र प्रवेश गर्ने वैकल्पिक मार्ग।
- उपत्यकाको ग्रामिण र शहरी क्षेत्रको सिमांकन।
- उपत्यकाको ग्रामीण क्षेत्रमा बिस्तार गरिने सेवा सुविधाकोलागि पहुँच मार्ग।
- काठमाडौंलाई तराईसँग जोड्ने फास्ट ट्र्याकबाट उपत्यका भित्र प्रवेश गर्ने एकमात्र मार्ग।

२.१.२. **आयोजनाको दीर्घकालीन सोच**

काठमाडौं उपत्यकालाई देशको राजधानी क्षेत्रको रुपमा विकास गर्न योजनावद्ध तथा व्यवस्थित शहरी विकासको नमूनाको रुपमा बाहिरी चक्रपथ विकास गर्ने।

२.१.३. **आयोजनाको प्रतिवद्धता**

व्यापक जनसहभागिता परिचालन गरेर सडक संजालहरुलाई एक आपसमा जोडि सु–व्यवस्थित सडक र उच्च प्रविधियुक्त बाहिरी चक्रपथ निर्माण तोकिएको समय भित्र गर्ने

२.१.४. **उद्देश्य**

हाल काठमाडौं उपत्यकामा दिनानुदिन बढिरहेको अव्यवस्थित शहरीकरण एवं त्यसको माध्यमबाट हाल भैरहेका बाटोघाटोहरु सवारी साधनको तुलनामा अत्यधिक साँघुरो भएको कारणले उत्पन्न भएको ट्राफिक लगायत अन्य समस्या हलगर्नकोलागि बाहिरी चक्रपथ निर्माण कार्यको अवधारणा आएको हो। उपत्यकाको हालको चक्रपथ भन्दा धेरै बाहिरी भागसम्म पनि अव्यवस्थित घनावस्तीहरुको विकास भएको र सो शहरीकरण व्यवस्थित नहुँदा भौतिक पूर्वाधार निर्माण गर्न एवं प्राकृतिक विपत्तिको सामना गर्न आइपर्ने अप्ठ्यारोलाई दृष्टिगत गरी बाहिरी चक्रपथ एवं जग्गा एकीकरणको माध्यमबाट सुब्यवस्थित शहरको निर्माण गर्न बाहिरी चक्रपथ एवं सोको साथ साथै जग्गा एकीकरण आयोजना नेपाल सरकारको नीति अनुसारनै संचालन गर्न लागिएको हो। हाल काठमाडौं उपत्यकाका तीनवटै जिल्लाहरुमा बार्षिक करिव १२००० को हाराहारीमा नयाँ घरहरुको निर्माण कार्य भैरहेको छ। उक्त १२००० मध्ये पनि धेरै जसो घरहरु हालको चक्रपथको बाहिरी क्षेत्रहरुमा रहेका गा.वि.स. एवं क्षेत्रहरुमा निर्माण भएको पाइन्छ। तसर्थ जग्गा एकीकरण प्रकृयाको माध्यमद्धारा बाहिरी चक्रपथको अधिकार क्षेत्रको (Right of Way) लागि आवश्यक पर्ने जग्गाको व्यवस्था गरी चक्रपथ दुवै तर्फको करिब २५० मीटर क्षेत्रमा योजनावद्ध तथा व्यवस्थित शहरी विकासको नमूनाको रुपमा बाहिरी चक्रपथ विकास गर्नु नै यसको प्रमुख उद्देश्य हो।

२.१.५. **बाहिरी चक्रपथको स्वरुप**

बाहिरी चक्रपथ काठमाडौं उपत्यका भित्रका तीनैवटा जिल्लाका ४० गा.वि.स., ३ न.पा. तथा १ महानगरपालिकालाई छोएर रुण्डै ७२ कि.मि. लम्बाईको प्रस्तावित गरिएको हुँदा उपत्यका भित्रको ठूलो भू–भागलाई यसले समेटेको छ। बाहिरी चक्रपथले उपत्यका भित्रको तीब्र गतिमा बस्ती विकास हुने क्षेत्र तथा शहरीकरणको चापमा परेको अधिकांश क्षेत्रलाई समेटेको छ।

बाहिरी चक्रपथ विकास गर्दा दुईवटा प्रमुख कार्यहरु पर्दछन् ।

- ५० मीटर राइट अफ वे भएको प्रमुख मार्ग जुन काठमाडौं उपत्यकाको प्रमुख मार्गहरुमध्ये एक हुनेछ ।
- यस मार्गबाट प्रभावित सडक किनाराबाट २५० मीटर दायाँ र बायाँको जमिनमा व्यवस्थित बस्ती विकास गर्ने ।

यस प्रकार माथि उल्लेखित दुवै कार्य गर्नका लागि ठूलो मात्रामा जमिनको आवश्यकता पर्छ । सडक निर्माण गर्नका लागि मात्र जग्गा अधिकरण गर्दा ७२०० रोपनी जग्गा अधिकरण गर्नु पर्ने हुन्छ । यो कार्यका लागि न्यूनतमभ रुण्डै रु. ५ अर्व रकम मुआब्जाकोलागि मात्र तिर्नु पर्ने हुन्छ । यसरी अधिकरण गर्दा बाटोमा पर्ने जग्गाधनीहरु विस्थापित हुन सक्छन् र बाटोसँग जोडिएका अन्य कित्ताहरु (जसको बाटो निर्माणमा कुनै योगदान हुँदैन)लाई मात्र फाइदा पुग्ने हुन्छ तर जग्गा एकीकरणको प्रकृयाद्धारा जग्गा विकास गरेमा यो अवस्था रहँदैन ।

चक्रपथमा परेका जग्गाको क्षतिपूर्ति गर्ने उद्देश्यका लागि र चक्रपथबाट प्रभावित दायाँ बायाँको क्षेत्रमा व्यवस्थित बस्ती विकास गर्नका लागि सडकको दायाँ वायाँको किनाराबाट २५० मीटर दुवै तिर जग्गा एकीकरण गरी विकास गर्दा चक्रपथमा परेका जग्गाहरुलाई क्षतिपूर्ति दिनपनि पुग्ने र चक्रपथबाट प्रभावित दायाँ बायाँको क्षेत्रमा व्यवस्थित वस्ती विकास गर्न समेत मिल्न सक्ने भएको हुँदा यो तरिकाबाट चक्रपथको जग्गा विकास गर्ने प्रस्ताव गरिएको हो । यो तरिकाबाट कुनैपनि जग्गाधनिले बिस्थापित हुनु पर्दैन, जग्गाको सट्टा आवास योग्य विकसित घडेरी नै दिइने भएको र उपत्यकाको बढ्दो शहरीकरणको चापलाई समेत न्यून गर्ने गरी व्यवस्थित बस्ती हुने भएको हुँदा यो तरिका सबभन्दा उपयुक्त देखिन्छ ।

तर बाहिरी चक्रपथ भएर जाने सम्पूर्ण क्षेत्रहरुमा जग्गा एकिकरणको प्रकृयाबाट कार्य गर्न सम्भव नहुनपनि सक्छ । दायाँ बायाँ आवश्यक जग्गाहरुको कमी भौगोलिक जटिलता तथा अन्य विविध कारणहरुले गर्दा हामीले सोचे जस्तो गरी जग्गा विकास गर्न नसक्ने अवस्था भएका स्थानहरुमा जग्गा अधिकरणको प्रकृयाद्धारा जग्गा प्राप्त गरी सडक निर्माणको कार्य अगाडि बढाउनु पर्ने हुन्छ । वर्तमान अवस्थामा बाहिरी चक्रपथको करिब ७०५ भू–भागमा मात्र जग्गा एकीकरण सम्भावना देखिन्छ ।

बाहिरी चक्रपथको ५० मीटर राइट अफ वे मा गरिने निर्माण सम्बन्धमा चीन सरकारबाट सहयोगको अपेक्षा राखिए तापनि तत्सम्बन्धमा हाल सम्म कुनै ठोस पहलकदमी भएको देखिदैन । सो को निर्माण सम्बन्धमा कुनै बैदेशिक सहयोग प्राप्त नभएको अवस्थामा नेपाल सरकारले आफ्नै स्रोत अथवा निजी क्षेत्रलाई समेत संलग्न गराई निर्माण गराउनु पर्ने हुन्छ । यसका लागि BOOT को प्रकृयाद्धारा निर्माण गर्न सकिने संभावनाको बारेमा बिस्तृत अध्ययन गर्नु पर्ने हुन्छ ।

### २.१.६. **कार्यान्वयन प्रकृया**

बाहिरी चक्रपथ विकास आयोजना काठमाडौं उपत्यकाका तिनवटै जिल्लालाई समेट्ने बृहत्तर आयोजना भएको हुँदा यसको कार्यान्वयनका लागि काठमाडौं उपत्यका क्षेत्रीय स्तरकै संरचनाको आवश्यकता हुन्छ । बाहिरी चक्रपथबाट प्रभावित गा.वि.स.हरुको विवरण अनुसुचि १ मा देखाइएको छ । यो बाटो राष्ट्रको प्रमुख शहरी केन्द्र राजधानी कै वरिपरि क्षेत्रलाई समेट्ने प्रमुख पूर्वाधार भएको हुँदा यसले राष्ट्रिय महत्वकै योजनाको रुपमा प्राथमिकता पाउनु जरुरी देखिन्छ ।

यस आयोजनाको प्रमुख कार्य सडक निर्माणकोलागि जग्गा प्राप्त गरी सडक निर्माण गर्ने र सडकको दायाँ बायाँको प्रभावित क्षेत्रमा व्यवस्थित शहरी विकास गर्ने भएको हुँदा यी कार्यहरु गर्नका लागि निम्नानुसार गर्नुपर्ने देखिन्छ ।

नगर विकास ऐन २०४५ तेस्रो संशोधन (२०५४) मा भएका प्रावधान प्रयोग गरी काठमाडौं उपत्यका नगर विकास समितिद्धाराम तीनवटा जिल्लामा एक एक वटा जग्गा व्यवस्थापन उपसमितिहरु गठन गर्ने र नगर विकास ऐनका आवश्यक दफाहरु प्रयोग गर्न उक्त व्यवस्थापन उपसमितिहरुलाई अधिकार प्रत्यायोजन गर्ने । यस उपसमितिको निर्णयानुसार नगर विकास ऐन २०४५ अनुरुप जग्गा एकीकरणको कार्यक्रम संचालन गरी चक्रपथलाई आवश्यक पर्ने जग्गा प्राप्त गर्ने र साथै चक्रपथको दायाँ बायाँ आवश्यक पूर्वाधार जस्तै बाटो, ढल, खानेपानी, बिजुली, टेलिफोन आदिको विकास गरी

व्यवस्थित बस्ती विकासको संरचना निर्माण गर्ने। यस सम्बन्धमा नेपाल सरकारले आवश्यक प्राविधिक कर्मचारी, विस्तृत अध्ययन डिजाइनका कार्यहरु तथा आयोजना कार्यालय स्थापनाकोलागि आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने छ। बाँकी कार्यहरुम जनसहभागिताबाट नै गर्न सकिने छ।

तर दायाँ बायाँ बस्ती विकास गर्ने उपयुक्त जमिन नभएको स्थान तथा अन्य प्राविधिक कारणले जग्गा एकीकरण गर्नसंभव नभएको स्थानमा नेपाल सरकारले उचित मुआब्जा दिई आवश्यक जग्गा अधिकरण नै गर्नु पर्ने हुन्छ। यस कार्यका लागि आवश्यक बजेटको व्यवस्था नेपाल सरकारले गर्नु पर्ने हुन्छ। वर्तमान अवस्थामा प्रस्तावित बाहिरी चक्रपथले ओगट्ने जमिनको करिब ७०५ भूभागमा जग्गा एकीकरणको प्रकृयाद्धारा कार्य गराउन सकिने संभावना देखिन्छ।

२.१.७. **बाहिरी चक्रपथबाट हुने फाइदाहरु**

क) उपत्यकाको यातायात व्यवस्थापनमा ठूलो सुधार आउने छ। यसको निर्माण पश्चात बर्दिवास सिन्धुली भएर उपत्यका भित्रिने सवारी साधानहअरुलाई उपत्यकाको उत्तरी भाग र दक्षिणी भागमा आवागमनकोलागि ठूलो सुविधा हरने छ।

ख) यसको निर्माणले अव्यवस्थित शहरी करणको पृकृयालाई व्यवस्थित गर्ने छ।

ग) आयोजना क्षेत्रको कुनैपनि जग्गा धनीले विस्थापित हुनु पर्दैन। पुराना वस्तीहरुको घडेरीको मूल्य बृद्धि भई आर्थिक सुधार ल्याउने छ। साथै अर्थोपार्जनका विभिन्न गतिविधिमा बृद्धि भई गरिबी निवारणमा ठूलो भूमिका खेल्ने सुनिश्चित छ।

२.१.८. **आयोजनाको चुनौतिहरु**

माथि उल्लेख गरिए जस्तै प्रशस्त संभावनाहरु बोकेको बाहिरी चक्रपथको विकासका लागि चुनौतिहरु कम भएका होइनन्। ती चुनौतिहरुलाई समयानुकुल उपयुक्त ढंगले व्यवस्थापन गरिएमा बाहिरी चक्रपथले उपत्यकाबासीलाई मात्र होइन नेपालकोलागि नै उपलब्धीमूलक योजनाको रुपमा पहिचान पाउने थियो।

पहिलो चुनौति जग्गा व्यवस्थापन सम्बन्धी नै देखिन्छ। उपत्यका भित्र अत्याधिक महँगो हुँदै गएको जग्गाको मुल्यले गर्दा जग्गाधनीहरु योगदान दिनका लागि सजिलै तयार हुँदैनन्। अधिकांशलाई बाटोमा पर्ने जग्गा फिर्ता पाईने हो कि होइन भन्ने नै विश्वास हुन सकेको छैन। अधिकांश कृषकहरुलाई जग्गा घट्ने भन्ने पिर छ भने जग्गानै गुम्ला कि भन्ने पनि कम चिन्ता

छैन। यस सम्बन्धमा जग्गा एकीकरणको प्रकृयाद्धारा कुनैपनि जग्गाधनीको जग्गा गुम्दैन बरु व्यवस्थित हुन्छ र आर्थिक रुपले फाईदा हुन्छ भन्ने कुरो सबै जग्गाधनी/मोहीहरुले बुझ्नु जरुरी छ। त्यसका लागि जग्गा एकीकरणका लागि बन्ने उपभोक्ता समितिहरुमा सबैको सक्रिय सहभागिता जरुरी हुन्छ/मोहीहरुले बुझ्नु जरुरी छ। त्यसका लागि जग्गा एकीकरणका लागि बन्ने उपभोक्ता समितिहरुमा सबैको सक्रिय सहभागिता जरुरी हुन्छ।

दोस्रो चुनौती वास्तविक जग्गाधनी लाभान्वित नहुने खतरा देखिन्छ। जग्गाको कारोबार गर्ने व्यवसायीहरुले अनेक चाहिंदा नचाहिंदा अनर्गल प्रचार गरी जग्गाधनीहरुलाई जग्गा विक्री गर्न प्रोत्साहित गर्ने र अन्य व्यक्तिहरुलाई महँगो दाममा जग्गा विक्री गरी नाफा कमाउने प्रर्बत्तिलाई निरुत्साहित पार्नु जरुरी देखिन्छ। यस्ता गतिविधिले वास्तविक जग्गाधनीले बाहिरी चक्रपथको विकासबाट हुन सक्ने लाभ प्राप्त गर्नबाट बञ्चित हुन सक्ने अवस्था आउन सक्छ। यस कार्यलाई निरुत्साहित पार्न आयोजनाले विभिन्न पत्रपत्रिका, रेडियो विज्ञापन तथा अन्तरक्रियाको माध्यमबाट आयोजनाको मूलभूत उद्देश्यको बारेमा प्रचार प्रसार व्यापक रुपमा गर्दै आइरहेको भएतापनि जनस्तरबाट पनि यस्ता कार्यप्रति सचेतना जगाउनु जरुरी देखिन्छ।

तेस्रो चुनौती बृहद लगानी सम्बन्धी देखिन्छ। बाहिरी चक्रपथकोलागि आवश्यक पर्ने रुण्डै रु. १६ अर्वको लगानी कसरी ब्यवस्थापन गर्ने। यस कार्यकोलागि चरणवद्ध तरिकाले निर्माणको कार्य अगाडि बढाउनु पर्ने देखिन्छ। बाहिरी चक्रपथको दक्षिण भागमा ट्राफिक आवागमनलाई व्यवस्थापन गर्ने दृष्टिकोणले प्रशस्त सवारी साधनले उपयोग गर्ने सम्भावना देखिएको हुँदा निजी क्षेत्रलाई संलग्न गराई विकास गर्न सकिन्छ। यस प्रकार कार्य शुरु भएपछि विभिन्न दातृसंस्थाबाट लगानी आउने सम्भावना प्रशस्त छन् किनभने राजधानी क्षेत्रको पूर्वाधारको लगानी महत्वपूर्ण हुन्छ र राष्ट्रलाई

दूरगामी असर गर्छ भन्ने कुरा सबैले बुझेकै छन्। जग्गा ब्यवस्थापनको सुनिश्चतता भएमा बाहिरी चक्रपथको विकासमा दातृसंस्थाले लगानी गर्ने सम्भावना अत्यधिक देखिन्छ।

आर्थिक वर्ष २०६६/०६७ मा बाहिरी चक्रपथ विकास आयोजनाबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरण

| क्र.सं. | ब.शी.नं. | कार्यक्रम | विनियोजित बजेट (रु. हजारमा) | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १ | ४८–४–७६६ | बाहिरी चक्रपथ विकास आयोजना | ६७१५२ | ६६.२ | १८.९० |

## ३. महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक केन्द्र आयोजना

### ३.१. परिचय

परापूर्वकालदेखि नै मिथिला भूमिको राजधानी जनकपुरधाम रहेको थियो, जसलाई मन्दिरै मन्दिर र तलाऊ नै तलाऊको शहर पनि भनिन्छ। मिथिला संस्कृति संसारकै पुरानो संस्कृति मानिन्छ। जसको विकासबाट नेपालको पर्यटकीय क्षेत्रमा समेत ठूलो प्रभाव पर्ने सोचाई रहेको छ।

ऐतिहासिक तथा धार्मिक महत्व राख्ने यस जनकपुर शहरमा सांस्कृतिक तथा धार्मिक महत्वका कुनै पनि अवसरहरुमा मानिसहरुको जमघट हुने कुनै पनि किसिमको सभागृह नहुँदा जनकपुरबासीमा टड्कारो अभाव खड्किएको थियो। जनकपुरबासीको उक्त अभाव पूर्ति गर्न तथा सम्पूर्ण धार्मिक, सांस्कृतिक तथा मिथिला चित्रकला आदिको विकासमा सघाऊ पु¥याउन र मिथिला सांस्कृतिक केन्द्रको रुपमा विकास गर्न जनकपुर नगरपालिकाको माग बमोजिम नेपाल सरकारको आयस्रोतबाट यस महेन्द्रनारायणनिधि मिथिला सांस्कृतिक केन्द्रको परिकल्पना भएको हो।

### ३.२. आयोजनाको उद्देश्य

- मिथिला संस्कृतिको प्रवर्द्धन र विकास गर्ने।
- जनकपुर नगरपालिकाभित्र सभा–समारोह गर्न कुनै पनि उपयुक्त ठाउँको व्यवस्था नभएकोमा सभागृहको व्यवस्था गर्ने।

### ३.३. आयोजना विवरण

- महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक केन्द्र स्थापनाकोलागि निर्माण गर्न पर्ने पूर्वाधारहरु निम्नप्रकार छन्।
- ६०० व्यक्ति क्षमताको वेसमेण्ट सहितको अडिटोरियम भवन–१ तला।
- २५० व्यक्ति क्षमताको कन्फरेन्स हल–१ तला।
- लाइब्रेरी/म्यूजियम/प्रदर्शनी भवन–२ तला
- केन्द्रको पूर्वपट्टि रहेको बीसहरा पोखरीको सुधार तथा ल्याण्डस्केपिङको कार्य।

### ३.४. आयोजनाको लागत

आ.व. २०६६/०६७ को लागत इष्टमेटअनुसार यस आयोजनाको जम्मा लागत रु. ८ करोड रहेको छ।

### ३.५. समस्याहरु

आयोजना अन्तर्गत विभिन्न संरचना भएपनि एकमुष्ट बोलपत्र आह्वान नभई बजेटको परिधीमा विगतमा छुट्टा–छुट्टै बोलपत्र आह्वान भएको, हाल ६०० व्यक्ति क्षमताको अडोटिरियमकोलागि बोलपत्र आह्वान भई निर्माण भई रहेको सञ्चालन प्रकृया टुङ्गो नलागी सकेको साथै निर्मित संरचनाहरु संचालनमा नहुदै मर्मत सम्भार गर्नुपर्ने आवश्यकता देखिएको।

तालिका–८आर्थिक बर्ष २०६६/०६७ मा महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक केन्द्र आयोजनाबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.सं. | ब.उ.शि.नं. | कार्यक्रम | विनियोजित बजेट रु. हजारमा | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय |
| १ | ४८–४–७६८ | भवन निर्माण संहिता/सरकारी भवन निर्माण | ५००० | १००.०० | १००.०० |

## ४. विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना

### ४.१. परिचय

नेपाल सरकार मन्त्रिपरिषद्को २०४३/५/५को निर्णयानुसार दक्षिणकाली क्षेत्रको सुधार तथा विकास गर्न दक्षिणकाली क्षेत्र विकास आयोजनाको नामबाट कार्य प्रारम्भ भएको यो आयोजनालाई नेपाल सरकार मन्त्रिपरिषदको २०४४/३/१९ को निर्णयबाट दक्षिणकाली, बूढानिलकण्ठ, शेषनारायण, टौदह, चाँगुनारायण, शङ्खटा, महाँङकाल, इद्रायणी, भद्रकाली, शोभाभगवती, मैतिदेवी, नरदेवी र नक्साल भगवती समेत १३ स्थान कायम गरी काठमाडौं उपत्यका धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास परियोजना नाम दिइयो। सुरुमा मन्त्रिपरिषद् सचिवालयअन्तर्गत रही सञ्चालन भएको यस आयोजनालाई नेपाल सरकार मन्त्रिपरिषद्को २०४९।४।२६ को निर्णयनुसार आवास तथा भौतिक योजना मन्त्रालय अन्तर्गत राखी भौतिक योजना मन्त्रीको अध्यक्षतामा आवास तथा भौतिक योजना, शिक्षा तथा संस्कृति र पर्यटन सचिवहरु, गुठी संस्थानका अध्यक्ष, भवन, पुरातत्व र भू–तथा जलाधार संरक्षण विभागहरुका महा–निर्देशकहरु सदस्य र आयोजनाप्रमुख सदस्यसचिव रहेको ९ सदस्यीय समन्वय समिति मार्फत साविकको १३ कार्य स्थलमा सूर्यविनायक थप गरी १४ स्थल कायम गरी कार्यान्वयन गर्दै आएको छ। काठमाडौ उपत्यकाभित्रका स्थलहरुमा मात्र सीमित यस परियोजनाको कार्यक्षेत्रलाई २०५३/४/४० मा बसेको समितिको १५ औं बैठकले नेपालभरी कार्य सञ्चालन गर्ने निर्णय गरी विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजनाको नामबाट कार्यक्रम सञ्चालन गर्दै आएको छ।

यस आयोजनाबाट राष्ट्रिय जनजीवनमा महत्व राख्ने देशका सांस्कृतिक, धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण विभिन्न क्षेत्रहरुको भौतिक संरचनाहरुलाई पछिसम्म आफ्नै साधन र स्रोतबाट संरक्षण एवं सम्बर्धन गर्न सकिने गरी दिगो विकासको अवधारणाअनुरुप एकीकृत रुपमा सेवासुविधाको विकास गर्ने र त्यस क्षेत्रमा उपलब्ध आर्थिक, व्यापारिक, वातावरणीय तथा पर्यटकीय अवसरहरुलाई अधिकतम प्रयोग गरी त्यस क्षेत्रको उचित व्यवस्थापन एवं आवश्यक सेवा र सुविधा विस्तार गर्ने उद्देश्यले आयोजना सञ्चालन हुँदै आएको छ।

### ४.२. आयोजनाको उद्देश्य

- नेपाल देशभरीका सांस्कृतिक, धार्मिक तथा पर्यटकीय दृष्टिले महत्व राख्ने क्षेत्रमा निम्नलिखित उद्देश्य परीपूर्ति गर्ने यस आयोजनाको उद्देश्य रहेको छ–
- राष्ट्रिय जीवनमा महत्व राख्ने सांस्कृतिक, धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा भौतिक सुविधाहरुको निर्माण एवं मर्मत सम्भार गर्ने।
- उपयुक्त विशेष क्षेत्रको वातावरणीय विनाशलाई काम गरी पर्यावरणलाई सन्तुलित बनाईराख्न मौजुदा वन जंगलको संरक्षण, नयाँ क्षेत्रमा बृक्षारोपण गरी हरियाली कायम गर्ने तथा ती क्षेत्रबाट निस्कने फोहरलाई व्यवस्थित गर्ने।
- उक्त क्षेत्रमा सेवा सुविधा पुऱ्याउन स्थानीय स्तरमा आयआर्जन गर्ने खालका भौतिक पूर्वाधारको निर्माण गरी दिगो विकासको अवधारणअनुरुप कार्यक्रम सञ्चालन गर्ने।

### ४.३. आयोजनाको लक्ष्य

देशभरीका राष्ट्रिय जनजीवनमा महत्व राख्ने सांस्कृतिक, धार्मिक तथा पर्यटकीय क्षेत्रको पहिचान गरी दिगो विकासको अवधारणाअनुरुप गुरुयोजना बनाई आयआर्जन हुने गरी भौतिक पूर्वाधारको संरक्षण, संवर्धन तथा विकास गर्ने र स्थानीय स्तरमा प्रबन्ध समिति गठन गरी आर्जित आयबाट मर्मत सुधार तथा पूर्वाधारहरको विकास गरी रोजगारीको अवस्था सृजना गराई गरिबी न्यूनिकरणकार्यमा टेवा पुऱ्याउने र आन्तरिक पर्यटकमा समेत बृद्धि गर्ने आयोजनाको लक्ष्य रहेको छ।

### ४.४. आयोजनाको कार्यक्षेत्र

नेपाल सरकार मन्त्रिपरिषद्को २०४४/३/१९ को निर्णयानुसार उपत्यकास्थित १३ महत्वपूर्ण धार्मिक स्थलहरुको गुरूयोजना मार्फत भौतिक पूर्वाधार विकास एवं संरक्षण गर्ने भनी आयोजना स्थापना भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को २०४९।४।२६ को निर्णयानुसार सूर्यविनायक थप गरी १४ स्थानहरुको भौतिक पूर्वाधार विकास गर्ने निर्णय भएको थियो। नेपाल सरकार मन्त्रिपरिषद्को २०५३/४/२० को निर्णयले नेपाल भरिका सांस्कृतिक, धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थालहरुमा समेत भौतिक पूर्वाधार विकास गर्न सकिने गरी कार्यक्षेत्र विस्तार गरिएबाट सोही

अनुसार नेपालका उक्त क्षेत्रहरुमा बाटो, पानी, खानेपानी, सेड,चौतारा आदि निर्माण एवं भू–क्षय रोकथाम जस्ता कार्य सञ्चालन गर्दै आएको छ ।

### ४.५. आयोजनाको वित्तीय स्थितिः

आयोजना निश्चित रकम र अवधिभित्र सम्पन्न गर्ने अवधारणाबाट सञ्चालन नभई सालबसाली कार्यक्रमको रुपमा गुरुयोजना तयार भएका क्षेत्रमा साथै देशका अन्य धार्मिक, सांस्कृति तथा पर्यटकीय क्षेत्रको कारणले महत्वपूर्ण विशेष क्षेत्रहरुमा समेत कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

आयोजनाको वित्तिय स्थिति

| आर्थिक वर्ष | ब.उ.शि.नं. | निकासा | खर्च |
|---|---|---|---|
| २०६१/६२ | ४८–३/४–७५८ | ९५,८९,८११ । ४५ | ९५,८९,८११ । ४५ |
| २०६२/६३ | ४८–३/४–७५८ | १,०७,८०,४१६ । ३८ | १,०७,८०,४१६ । ३८ |
| २०६३/६४ | ४८–३/४–७५८ | ९८,०४,००० । ०० | ९८,०४,००० । ०० |
| २०६४/६५ | ४८–३/४–७५८ | १,५१,०४,४१५ । ४७ | १,५१,०४,४१५ । ४७ |
| २०६५/६६ | ४८–३/४–७५८ | १,५९,८०४४० । ९९ | १,५७४२०४१ । ०१ |
| २०६६/६७ | ४८–३/४–७५८ | ४,८०,८४००० । ०० | ४,६४,९७२२८ । ०० |

आ.व २०६६/६७ मा विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजनाबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.सं. | ब.उ.शि.नं. | कार्यक्रम | विनियोजित बजेट (रु हजारमा) | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय |
| १ | ४८–३/४–७५८ | विशेष क्षेत्रको भौतिक तथा पूर्वाधार निर्माण सुधार | ४८०८४ | ९४.२६ | ९६.७० |

## ५. विराटनगर चक्रपथ आयोजना

### ५.१. परिचयः

विराटनगर उपमहानगरपालिकामा भइरहेको बढ्दो जनसंख्याको बृद्धि(औसत बार्षिक बृद्धि दर २.५१) विराटनगर उपमहानगरपालिकाको आवधिक योजना तर्जुमा अन्तिम प्रतिवेदन २०६४को कारणले विराटनगर उप–महानगरपालिका र आसपासका गा.वि.स.हरुमा तीव्र रुपमा वस्तीहरु बढिरहेका छन् । सोही क्रममाः पैदल यात्री र सवारी साधनको चाप समेत निकै बढेको छ ।

२०५३ सालमा सडक विभागबाट विराटनगर चक्रपथको एलाइनमेण्ट अध्ययन (Alignment Study) कोलागि मनिस कन्टिनेन्टल एसोसियट (प्रा.)लि काठमाडौं नामको परामर्शदातृ संस्थाले एक रिपोर्ट तयार गरेको थियो । उक्त रिपोर्टमा ३ वटा बैकल्पिक Alignment प्रास्ताव गरिएको र करिब ४१ कि.मी. लम्बाईको तेश्रो विकल्प सामाजिक दृष्टिकोणले निर्माण गर्न उपयुक्त भनी सिफारिस गरिएको थियो । सोही रिपोर्टको आधारमा तत्कालै करिब ३० प्रतिशत सडक रेखाङ्कन गरी Formation width (माटो भर्ने काम) तयार गर्ने कार्य सम्पन्नसमेत भएको र हाल सो कच्ची सडक चालू अवस्थामा रहेको छ । खोलिएको सडक प्राय सबै ऐलानी, पर्ति जग्गा र धुले सडक नै भएकोले सडक रेखचाङ्कन गर्न गाह्रो नभएको तर बाँकी सडक कायम गर्न जग्गाको मुआब्जा सम्बन्धी समस्याले गर्दा हालसम्म बाँकी सडक रेखाङ्कन गर्ने कार्य भएको छैन । यसरी धेरै वर्ष अघिदेखि चर्चामा रहेको औद्योगिक शहर विराटनगरको चक्रपथको योजनाकोलागि धेरै जग्गा अधिग्रहण गरी मुआब्जा दिनुपर्ने र निर्माणकोलागि ठूलो धनराशी लाग्ने भएकोले खासै काम भएको देखिदैन । यस चक्रपथको महत्व, त्यस क्षेत्रका जनताको आकाङ्क्षा एवं २०५३ सालमा भएका लगानी समेतलाई दृष्टिगत गरी जग्गा एकीकरण गरी जनताले बाटोकोलागि आवश्यक जग्गा उपलब्ध गराउने र सरकारले बाटो निर्माण गर्ने गरी नेपाल सरकारको आ.व. २०६४ । ०६५ को बजेट वक्तव्यमा “विराटनगर चक्रपथ निर्माण प्रारम्भ गर्नुका साथै व्यवस्थित शहरी विकास कार्यक्रम संचालन गरिनेछ” भनी चक्रपथ निर्माण गर्ने प्रतिवद्धता व्यक्त भएको छ ।

५.२. **आयोजनाको दीर्घकालीन सोचः**

विराटनगर काठमाडौं पछिको दोस्रो ठूलो शहर हो। पूर्व क्षेत्रको एक प्रमुख व्यापारिक, औद्योगिक, शैक्षिक र प्रशासनिक सेवा केन्द्रको रुपमा विराटनगर चिनिन्छ। पूर्वाञ्चलको मात्र नभएर नेपालको भन्सार नाकाहरुमध्ये वीरगञ्जपछिको विराटनगर दोस्रोमा आउने हुनाले यो क्षेत्र व्यापारिक केन्द्रको रुपमा नै विकसित भइरहेको छ। विराटनगर स्थित पूर्वाञ्चल क्षेत्रकै प्रमुख विमानस्थल संचालनमा छ। विराटनगर न.पा.सँग जोडिएर भारतको जोगवनी भएर रेल यातायातको सेवा पनि सञ्चालनमा छ। आर्थिक वृद्धिदर बढ्नमा निकट भविष्यमा निर्माणकोलागि प्रस्ताव गरिएको सुङ्गा बन्दरगाह र मित्र राष्ट्र भारत र चीन बीच हुने व्यापारिक गतिविधिले पनि सघाउ पुऱ्याउने देखिन्छ। २०६४ सालमा तर्जुमा भएको विराटनगर उपमहानगरपालिकाको आवधिक योजनाले पनि विराटनगरमा एक वाइपास र रिङ्गरोडको अभाव भएको औंल्याएको छ।

चक्रपथ खोल्नु पर्नाका मुख्य कारणहरुः

- व्यवस्थित वस्ती विकास गर्ने।
- जोगवनी भन्सार नाकाबाट देशका विभिन्न भागमा जाने ठूला ठूला सवारी साधन विराटनगर उपमहानगरपालिका बाहिरबाटै जाने सुविधा बढाउने।
- ग्रामिण र शहरी क्षेत्रको सीमाङ्कन गर्ने।
- विराटनगर बाहिर रहेका ग्रामीण क्षेत्रमा विस्तार गरिने सेवा सुविधाकोलागि पहुँच मार्ग विकास गर्ने।

५.३. **आयोजनाको उद्देश्यः**

जग्गा एकीकरण प्रकृयाको माध्यमबाट चक्रपथ अधिकार क्षेत्र (Right of Way) कोलागि आवश्यक पर्ने जग्गाको व्यवस्था गरी करिव ४१ कि.मि. लम्बाईको चक्रपथको दुवै तर्फगरी १८२ मीटर क्षेत्रमा योजनावद्ध तथा व्यवस्थित शहरी विकासको नमूनाको रुपमा चक्रपथ विकास गर्ने।

५.४. **आयोजनाका प्रमुख कार्यहरुः**

१) २० मीटर सडक अधिकार क्षेत्र (Right of Way) भएको चक्रपथ।
२) प्रमुख मार्गको दुवै तर्फ ११/११ मीटर सडकअधिकार क्षेत्र (Right of Way) भएको समानान्तर सहायक मार्गहरु।
३) यस मार्गबाट सिधै सेवा पुग्ने सडक किनाराका ७० मीटर दायाँ र बायाँको जमिनमा व्यवस्थित बस्ती विकास गर्ने।

५.५. **आयोजनाको तथा जग्गा धनीहरुको प्रतिवद्धता** :

व्यापक जनसहभागिता परिचालन गरेर वातावरण मैत्री, किफायती र उच्च प्रविधियुक्त चक्रपथको निर्माण तोकिएको समयभित्र सम्पन्न गर्ने। बाटोकोलागि आवश्यक जग्गा तथा पछि सहमति भए अनुसार पार्क, ढल प्रशोधनस्थलकोलागि आवश्यक सबै जग्गा उपलब्ध गराउने।

५.६. **सवाल** :

चक्रपथको सम्पूर्ण एलाइनमेण्ट निर्धारण भइनसकेको हुनाले जग्गा एकीकरण प्रक्रिया र विस्तृत आयोजना प्रतिवेदन बनाउने जनसहभागितामा निर्णय गर्नुपर्ने। कोशी राजमार्ग, हुलाकी सडकसँग मिसिने चोकहरुमा एलाइनमेण्ट निर्धारणमा केही कठिनाई पर्न सक्तछ।

५.७. **आयोजनाको कार्यक्षेत्र** :

सडक विभागबाट तयार गरिएको २०५३ सालको (Alignment Study) ले प्रस्तावित चक्रपथको Alignment संलग्न नक्सामा देखाइएनुसार दरिया गाउँ, कोलाहर बस्ती, खोना गाउँ, हात्तीबन्ध टोल, नवनटोल, कटहरी बजार, कटहरी गाउँ, रखवाने गाउँ, मधुरा गाउँ, झोराहाट बजार, लखलरी र हात्तीमुडा आदिलाई जोड्ने भए तापनि आगामी आ.व. मा गरिने अध्ययन र विस्तृत योजना प्रतिवेदन (DPR) ले Alignment तय गर्नेछ।

५.८. **कार्यविधिः**

हाल देशमा शहरी विस्तारका लागि अपनाइएको जग्गा एकीकरण प्रकृया अनुसार उक्त चक्रपथकोलागि जग्गा प्राप्त गरिनेछ। नगर विकास ऐन २०५४ अनुसार विकसित घडेरी जग्गावालालाई नै फिर्ता गर्ने शर्तमा अस्थायी रुपमा जग्गा प्राप्त गरी आयोजनाले तोकेको क्षेत्रमा जग्गा एकीकरण योजना (Land Pooling Plan) तयार गरी विद्यमान घडेरीको विकास गरिनेछ। जग्गाधनीबाट चक्रपथ र सो सँगैको समानान्तर सहायकमार्ग, खुला क्षेत्र र ढल प्रशोधन आदिकोलागि आवश्यक पर्ने जग्गाकोलागि योगदानको अपेक्षा गरिएको छ। प्रस्तावित चत्रपथको किनाराबाट दायाँ बायाँ ८१ मीटरको क्षेत्रमा जग्गा एकीकरण गरी जग्गा विकास गरिनेछ। प्रथम चरणमा २० मी. चौडा मुख्य मार्ग निर्माणकोलागि नेपाल सरकारले दातृ राष्ट्र वा संस्थाहरुसँग अनुरोध गरी बजेट व्यवस्था गर्नेछ। सहायक सडककोलागि आवश्यक रकम नेपाल सरकारबाट माग गरी निर्माण गरिनेछ।

### ५.९. लागत तथा वित्तीय व्यवस्थाः

प्रस्तावित सडक र दायाँ बायाँको ८१ मीटर क्षेत्रको योजनाबद्ध शहरी विकास गर्ने कार्यको लागत प्रति किलोमिटर ४.२ हेक्टर जग्गा निर्माणको लाग १० करोड लाग्ने अनुमान गरिएको छ। यसरी करीब ४० कि.मी. को चक्रपथकोलागि आवश्यक करिब १६८ हेक्टर जग्गा २० मी. चौडा मुख्य मार्गमा करिब ३५ प्रतिशत र ११ मी. चौडा समान्न सहायक मार्गमा करिब २५ प्रतिशत जग्गा धनीहरुबाट योगदान धनीबाट उपलब्ध हुनेछ भने निर्माणकोलागि पहिलो चरणमा दुई अरब र दोस्रो चरणमा दुई अरब लाग्ने छ। हाल उक्त आयोजनाको कार्य संचालन र समिति निर्माण कार्यकोलागि नेपाल सरकारले प्रत्येक वर्ष बजेटको व्यवस्था गर्नेछ। आयोजनाको पहिलो बर्ष आ.व. २०६४/६५ मा रु ३ करोड बजेटको व्यवस्था गरिएको छ र आगामी आ.ब. २०६५/६६ मा रु ३ करोड बजेट व्यवस्था र आ.व. २०६६/६७ मा रु २ करोड ४५ लाख व्यवस्था गरिएको छ।

### ५.१०. अपेक्षित लाभ

आयोजनाको सफल कार्यान्वयन पश्चातः

१. चक्रपथको निर्माण भै सवारी व्यवस्थापनमा सहयोग पुग्नेछ। विशेष गरी छिमेकी मुलुक भारतसँग हुने व्यापारिक गतिविधिलाई सहयोग पुग्नेछ र विराटनगरको उत्तरी र पूर्वी क्षेत्रको सुगमतामा बृद्धि हुनेछ।
२. चक्रपथको निर्माणबाट अव्यवस्थित बस्ती विस्तारलाई नियन्त्रण तथा न्यून गर्न सकिनेछ। यसले कुल ७२८ हेक्टर जग्गा विकास हुनेछ। यसबाट करिब ४०,००० घडेरी तथा व्यापारिक क्षेत्रलाई शहरी सेवा, सुविधा उपलब्ध हुनेछ।
३. सडक निर्माण कार्य स्थानीय जग्गा धनीलाई विस्थापित नगरिकनै सम्पन्न हुनेछ। सडक निमाण पश्चात् हुने शहरी सुविधाहरुको अभिबृद्धि जग्गाको मूल्य बृद्धि र आर्थिक कृयाकलाप बृद्धिबाट स्थानीय जनताको जीवनस्तरमा सुधार भई गरिबी निवारण कार्यमा सघाउ पुग्नेछ।

### ५.११. कार्य अवधिः

आयोजनाका कार्यहरु नियमित रुपमा संचालन हुन सकेमा करिब ५ वर्षमा जग्गा एकीकरण कार्य सम्पन्न हुने लक्ष राखिएको छ।

## ६. प्रस्तावित शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम
**Urban Governmance and Development Programme**

### ६.१. पृष्ठभूमिः

नेपालमा शहरीकरणसँगै ठूला शहरहरु, पूर्व–पश्चिम राजमार्ग र उत्तर–दक्षिण कोरीडोरमा बसाई सराईको क्रम बढ्दो छ। राष्ट्रिय योजना आयोगका अनुसार आगामी दश वर्षमा काठमाडौंको जनसंख्या दोब्बर हुनुको साथै कूल जनसंख्याको एक तिहाई मानिसहरु शहरमा बसोबास गर्नेछन्। शहरी गतिविधि द्रुतगतिले बढेको छ भने कुल गार्हस्थ उत्पादनमा शहरी क्षेत्रको योगदान ६५ प्रतिशत र प्रतिव्यक्ति औसत र प्रतिव्यक्ति औसत उत्पादन ४.६ गुणले बढेको देखिन्छ। शहरी केन्द्रहरुमा भौतिक र सामाजिक संरचना, बसोबास, सेवा र सुविधामा उच्च लगानीका आवश्यकता थपिएका छन्। शहरीकरणले जाति, जनजाती, दलित, माहिला र पुरुष बीचको सामाजिक सम्बन्ध परिवर्तन गर्नमा पनि महत्वपूर्ण भूमिका खेलेको छ।

यस पृष्ठभूमिका शहरीकरण आर्थिक विकास, लोकतान्त्रिक र समावेशी स्थानीय सुसाशन पद्धतिको संस्थागत विकास तथा सेवा र सुविधाको समान वितरणबारे चासो र छलफल हुन थालेको छ । स्थानीय शहरी शासन व्यवस्थित भएमा सामाजिक भौतिक सेवा सुविधा प्रदान गर्न तथा शान्ति र स्थिरता निर्माण गर्न सकिन्छ भने उदाहरण विश्वका शरहरुले देखाइसकेका छन् तर नेपालमा नगर, उप–महानगर र महानगरहर यस्ता काम पूरा गर्न विभिन्न चुनौति झेलिरहेका छन् ।

यसरी शहरीकरणबाट समस्या र चुनौति थपिदै जाने हो भने यसको प्रत्यक्ष असर स्वास्थ्य वातावरण, राजनैतिक र सामाजिक स्थायीत्वमा पर्न सक्छ । कमजोर पूर्वाधार, शासकीय क्षमता एवं उत्तरदायित्व भएका संस्थाहरुले शहरी व्यवस्थापकीय चुनौति सामना गर्न सक्दैनन् । यसर्थ, नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालय र विश्वबैंकको बीचमा शहरी व्यवस्थापन र पूर्वाधार विकासका क्षेत्रमा सहकार्य गर्ने सहमति भए अनुरुप प्रस्तावित कार्यक्रमले शहरी केन्द्रहरुको शासकीय क्षमतामा अभिवृद्धि र पूर्वाधार विकासमा सहयोग गर्ने उद्देश्य लिएको छ ।

### ६.२. उद्देश्य

- नेपालले शहरी विकासको क्षेत्रमा गरेका प्रयत्नहरुलाई शहरी शासकीय क्षमता तथा पूर्वाधार सेवा, सुविधाहरुको सुधारबाट दिगो विकास अबलम्बन गर्ने ।
- आधारभूत पूर्वाधार संरचनाको योजना र कार्यान्वयन गर्न नगरहरुको क्षमता अभिवृद्धि गरी लक्षित समूहका नगरवासीहरुका लागि आर्थिक अवसरहरु विस्तार गर्नुका साथै सुधारिएको सेवा तथा सुविधाहरु उपलब्ध गराउने ।

यी उद्देश्यहरु गरिबी निवारण रणनीति, राष्ट्रिय शहरी नीति र अन्तरिम योजनामा उल्लेख गरेको दीर्घकालीन परिकल्पना सन्तुलित शहरी विकास र सुदृढ स्थानीय सुशासनसँग सम्बन्धित छन् ।

### ६.३. कार्यक्षेत्र

मेचीनगर नगरपालिका, इटहरी नगरपालिका, धनकुटा नगरपालिका, तानसेन नगरपालिक, लेखनाथ नगरपालिका र बाग्लुङ्ग नगरपालिका ।

### ६.४. नगरपालिका छनोटका आधारहरु

- – राष्ट्रिय शहरी नीति २०६४
- प्रमुख शहरी एवं आर्थिक केन्द्रहरु–विराटनगर, वीरगञ्ज र बुटवलमा भईरहेका वृहद शहरी लगानीसँग आवद्ध हुन सक्ने प्रमुख राजमार्ग कोरीडोर र शहरी केन्द्रहरु ।
- नगरपालिकाको जनसंख्या, विकासको सम्भावना, शहरी ग्रामीण अन्तसम्बन्ध, वित्तिय क्षमता, आवधिक योजना कार्यान्वयनमा प्रतिवद्धता जस्ता मूल्यांकनका आधारहरु तय गरी प्रथम चरणमा ६ वटा नगरपालिकाहरु छनौट भएका छन् ।

### ६.५. कार्यक्रम कार्यान्वयनका लागि संस्थागत संरचना

- नीतिगत निर्देशन र समन्वयका लागि भौतिक योजना तथा निर्माण मन्त्रालयका भौतिक योजना सचिवज्यूको अध्यक्षता तथा स्थानीय विकास मन्त्रालय नगरपालिका व्यवस्था सचिवज्यूको सह–अध्यक्षतामा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, शहरी विकास तथा भवन निर्माण विभाग र नगर विकास कोषका प्रतिनिधिहरु समावेश भएको निर्देशक समिति गठन गरिएको छ ।
- भौतिक योजना तथा निर्माण मन्त्रालयले शहरी विकास भवन निर्माण विभाग मार्फत कार्यकारी, स्थानीय विकास मन्त्रालयले सह–कार्यकारी र नगर विकास कोषले वित्तिय व्यवस्थापनका भूमिका निर्वाह गर्ने र सम्बन्धित नगरपालिकाहरुले परियोजना कार्यान्वयन गर्ने सस्थागत संरचना प्रस्तावीत गरिएको छ ।
- कार्यक्रमको मूख्य सहयोगी विश्ववैंक रहेको छ भने जर्मन विकास सहयोग (GTZ) ले संस्थागत विकासमा सहयोग गर्नेछ ।
- तयारी चरणलाई सहज रुपमा सम्पन्न गर्न शहरी विकास तथा भवन निर्माण विभाग, स्थानीय विकास मन्त्रालय तथा नगर विकास कोषका प्रतिनिधि समावेश भएको कार्यक्रम तयारी टोली समेत गठन गरिएको छ ।

### ६.६. कार्यक्रम लागत अनुमान (तयारी चरण)

- कार्यक्रम तयारी सहयोगः

कार्यक्रम तयारी सहयोग अन्तर्गत संस्थागत संरचना, क्षमता अभिबृद्धि सम्बन्धी कृयाकलाप, अध्ययन तथा विश्लेषण सम्भावित आयोजनाहरु छनौट र समऋदारी पत्रमा हस्ताक्षर गर्ने आदी कामहरु पर्दछन् ।

शहरी विकास तथा भवन निर्माण विभाग मार्फत गरिएको कार्यका लागि करीब २ लाख अमेरिकी डलर उपलब्ध गरिने छ ।

६.७. **पूर्व सम्भाव्यता अध्ययनः**

- कार्यक्रम तयारी चरण परामर्शदाताबाट सम्पन्न गरिने पूर्व सम्भाव्यता अध्ययनमा लागि समायावधि अक्टुबर २०१० समम र बजेट २ लाख अमेरिकी डलर छुट्याईएको छ । उक्त अध्ययन सम्बन्धी काम स्थानीय विकास मन्त्रालय र नगर विकास कोषको समन्वयमा शहरी विकास तथा भवन निर्माण विभागको मार्गदर्शन अनुसार परामर्शदाताबाट काम अन्तिम चरणमा पुगेको छ ।
- यस अध्ययनमा अन्सरकारी सम्बन्ध र संरचना नगरपालिकाको वित्तीय व्यवस्थापन, शहरी विकास व्यवस्थापन, क्षेत्री तथा भू–उपयोग र शहरी ग्रामीण अन्तसम्बन्ध, नगरपालिकाको भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधारहरुको अवस्था र सेवा प्रवाहको विश्लेषण आदी क्षेत्रहरु समावेश गरिएका छन् ।

६.८. **कार्यक्रम तयारीका अन्य कार्यहरु**

पूर्व तयारीका शिलसिलामा पूर्व सम्भाव्यता अध्ययनको अलावा निम्न कार्यहरु समपन्न गरिने छन् ।

- कार्यक्रम समन्वय कार्यालय स्थापना ।
- नगरपालिकाको प्राथमिक लगानी योजना सहित पहिलो बर्ष सञ्चालन हुने आयोजनाको संभाव्यता अध्ययन ।
- वातावरण तथा सामाजिक प्रभावहरुको विश्लेषण तथा मूल्याङ्कन र जग्गा अधिग्रहण पुनर्वाँस योजना सम्बन्धमा व्यवस्थापनको ढाँचा तयारी ।
- पूर्वाधार योजना, वित्तीय व्यवस्थापन एवं कार्यक्रम र बजेट तर्जुमाकालागि केन्द्रीय तथा स्थानीय निकायहरुको संस्थागत क्षमता अभिबृद्धि, तालिम तथा शैक्षिक र चेतनामूलक कार्यक्रम सञ्चालन ।
- पूर्व संभाव्यता अध्ययनलाई थप सहयोग पुऱ्याउन वेसलाईन सर्वेक्षण ।

६.९. **कार्यक्रम लागत अनुमान (कार्यान्वयन चरण)**

विश्व बैक र नेपाल सरकारको समेत लागत सहभागिता रहने गरी जम्मा ३ करोड ५० लाख अमेरिकी डलर बराबरको सहयोगबाट कार्यक्रम संचालन गरिने छ । आर्थिक सहयोगबाट देहायबमोजिम विभाजन गरिएको छ ।

**एकमुष्ट अनुदानः**

यो अनुदान स्थानीय विकास मन्त्रालय मार्फत सम्बन्धित नगरपालिकाहरुको न्यूनतम सेवा सुविधा स्तरबृद्धि, मर्मत सम्भार र तत्काल गर्नु पर्ने शहरी व्यवस्थापनका कामहरुमा परिचालित हुनेछ । यसकोलागि ५० लाख अमेरिकी डलर छुट्याईएको छ ।

६.१०. **कार्यक्रम (परियोजना) व्यवस्थापनः**

यस अन्तर्गत स्थानीय र केन्द्रीय स्तरमा परियोजना समन्वय र व्यवस्थापन सम्बन्धी गतिविधिहरुमा खर्च हुने गरी २० लाख अमेरिकी डलर छुट्याईएको छ ।

६.११. **सामाजिक आर्थिक पूर्वाधार सुधार तथा विकासः**

यस अन्तर्गत सामाजिक आर्थिक पूर्वाधार विस्तार, कानूनी रुपमा नगरपालिकाले गर्नु पर्ने सडक, ढल, फोहर व्यवस्थापन, स्वास्थ्य, शिक्षा,पूर्वाधार, पार्क, पुस्तकालय, सडक बत्ती आदि काममा परिचालित हुने गरी ३ करोड अमेरिकी डलर छुट्याईएको छ ।

**संस्थागत विकासः** यस अन्तर्गत सहभागितामूलक योजना, बजेट, आर्थिक व्यवस्थापन, सेवा प्रवाह र परियोजना व्यवस्थाकोलागि ३० लाख अमेरिकी डलर छुट्याईएको छ ।

६.१२. **अपेक्षित प्रतिफलको आधारमा सहायताः**

यस अन्तर्गत अपेक्षित प्रतिफलको आधारमा गरिने कृयाकलाप र नीगित ढाँचा तयारी र दीर्घकालीन लगानीको सुनिश्चिततासँग सम्बन्धीत कृयाकलापका साथै फोहरमैला व्यवस्थापन कार्यमा समेत परिचालिन हुने गरी ५० लाख अमेरिकी डलर छुट्याईएको ।

६.१३. **कार्यक्रम तयारी सम्बन्धी सम्पन्न कार्यहरुः**

- निर्देशक समति र कार्यक्रम तयारी टोली गठन
- कार्यक्रम समन्वय कार्यलय स्थापना
- नगरपालिका छनौट
- पूर्व संभाव्यता अध्ययन
- नगरपालिकामा स्थलगत भ्रमण र अर्न्तक्रिया
- राष्ट्रिय कार्यशाला गोष्ठी
- नगरपालिकाको वित्तीय क्षमता विश्लेषण
- संस्थागत क्षमता विश्लेषण

६.१४. **शहरी शासकीय क्षमता तथा विकास**

कार्यक्रम तयारी र कार्यान्वयन सम्बन्धी महत्वपूर्ण समय सीमा

| | |
|---|---|
| कार्यक्रम तयारी पूर्व सम्भाव्यता अध्ययन सम्पन्न | मार्च–अक्टोबर २०१० |
| आयोजना लेखाजोखा | नोभेम्बर २०१० |
| सहमति/सम्झौता | नाभेम्बर–डिसेम्बर २०१० |
| कार्यक्रम कार्यान्वयन आरम्भ | जनवरी २०११ |

## ७. मझौला सहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना

Secondary Towns Integrated Urban Environmental Improvement Project (STIUEIP)

७.१. **भूमिकाः**

जनताको जीवनस्तरमा गुणात्मक रुपले सुधार गर्ने र समावेशी आर्थिक समुन्नति हासिल गर्ने लक्ष्य राखी विराटनगर उप–महानगरपालिका, विरगंज उप–महानगरपालिका, वुटवल नगरपालिका र काभ्रे उपत्यकाका धुलिखेल, बनेपा तथा पनौती नगरपालिकाहरुमा काभ्रे उपत्यका एकीकृत खानपानी आयोजना सन् २०१० देखी यो आयोजना लागु भई सन् २०१५ सम्ममा सम्पन्न गरिनेछ ।




७.२. **उद्देश्यः**

यो आयोजनाका मुख्य उद्देश्यहरु निम्न बमोजिमका छन् :

१ भौतिक पूर्वाधार विकास कार्य गर्नेः

१.१ ढल प्रणालीलाई व्यवस्थित गर्नुका साथै सडक सुधारका कार्य गर्ने (विराटनगर र विरगंज)

१.२ फोहरमैला व्यवस्थापन गर्ने (विरगंज र वुटवल)

१.३ खानेपानी प्रणाली निर्माण, सुधार र बिस्तार गर्ने (वुटवल र काभ्रे उपत्यका)

१.४ अटो भीलेजलाई सुधार गर्ने (वुटवल)

२ सामुदायिक विकास कार्यक्रम संचालन गर्नेः

२.१ नगरवासीलाई स्वास्थ्य, सरसफाई, तीन आर (Reduce, reuse, recycle) सम्वन्धि विषयमा जनचेतना अभिवृद्धि गर्ने ।

२.२ समुदायलाई परिचालन गरी सामुदायिक/सार्वजनिक स्थल तथा विद्यालयमा शौचालय निर्माण गर्ने ।

२.३ समाजका महिला, न्यून आय वर्ग, दलित, गरिवीको रेखामुनि रहेका मानिसलाई सीपमूलक तालिम दिई स्वरोजगारको अवसर प्रदान गर्ने ।

३ दिगो, भरपर्दो, निपुण र प्रभावकारी ढंगवाट नगरवासीलाई सेवा सुविधा प्रदान गर्न नगरपालिकाको संस्थागत क्षमतामा अभिबृद्धि गरी एक जिम्मेवार निकायको रुपमा स्थापना गर्नेः

३.१ एकीकृत कर प्रणाली लागु गरी वार्षिक आयमा व्यापक वृद्धि गर्ने ।

३.२ शहरी सेवा, सुविधा संचालन, मर्मत सम्भार तथा विस्तार सम्वन्धी विषयमा नगरपालिकाका कर्मचारीहरुलाई तालिम दिई अरु वढी सक्षम बनाउने ।

३.३ भू–सूचना प्रणालीमा आधारित शहरी नक्शा तयार गरी संस्थागत गर्ने ।

### ७.३. नगरपालिका छनौटका आधारः

श्रीमान् सचिवज्यूको अध्यक्षता तथा शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक, उप–महानिर्देशक (शहरी विकास), नेपाल नगरपालिका संघका अध्यक्ष, नेपाल खानेपानी संस्थान, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, स्थानीय विकास मन्त्रालय र नगर विकास कोषका प्रतिनिधिहरु सदस्य रहको संचालक समितिको मिति १७ अगष्ट २००९ को वैठकबाट तपसिलका १३ नगरपालिकाहरु मध्ये आर्थिक विकासको सम्भावना, शहरी सेवा–सुविधाको माग र शहरी व्यवस्थापन क्षमताका आधारमा तीन नगरपालिकाहरु (विराटनगर, विरगंज, बुटवल) छनौट गरिएको हो ।

**उमेदवार नगरपालिकाहरुः**

१. विराटनगर २.विरगंज ३. धरान ४. बुटवल ५. धनगढी ६. नेपालगञ्ज ७. सिद्धार्थनगर ८. पोखरा ९. इटहरी १०. विरेन्द्रनगर ११. वाग्लुङ्ग १२. धनकुटा १३. अमरगढी

यसका साथै काभ्रे उपत्यका खानेपानी उपआयोजनाको कार्य शहरी तथा वातावरणीय सुधार आयोजना (UEIP) अन्तर्गत वस्तृत डिजाइन प्रतिवेदन तयार भएको छ र यस आयोजना अन्तर्गत कार्यान्वयन गरिने छ ।

### ७.४. आयोजनाको लागतः

आयोजनाको कूल अनुमानित लागत रकम US$ १०६.३३ मिलियन कायम गरिएको छ । यसका लागि एशियाली विकास वैंकवाट करिव US$ ६० मिलियन तथा OFID वाट US$ १७ मिलियन ऋण सहयोग प्राप्त हुने छ । सो सम्वन्धमा नेपाल सरकार र उक्त वैंक विच २०–२१ मे, सन् २०१० मा ऋण वार्ता सम्पन्न भएको थियो । उक्त बैंकले ६ जुलाई, सन् २०१० मा ऋण दिने स्वीकृति प्रदान गरिसकेको छ । नेपाल सरकारले अनुदान स्वरुप US$ १९.७ मिलियन र नगरपालिकाले US$ ९.६ मिलियन समुञ्चमा योगदान गर्नुपर्ने व्यवस्था गरेको छ । लगाना ीको क्षेत्र तथा लागत विस्तृत रुपमा तलको तालिकामा उल्लेख गरिएको छ ।

कुल आयोजना लागत (नगरपालिका/काम अनुसार), दश लाखमा

| उपयोजनाहरु | विराटनगर | वीरगञ्ज | बुटवल | काभ्रे | आसका | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अ.ड. | ने.रु. |
| ढल, ढलप्रशोधन र सडकको सिभिल कार्य र उपकरण | २४.८४ | ३०.४७ | ० | ० | ० | ५५.२९ | ४००९ |
| फोहोरमैला व्यवस्थापनको सिभिल कार्य र उपकरण | ० | २.५ | ३.१४ | ० | ० | ५.६४ | ४०९ |
| खानेपानीको सिभिल कार्य र उपकरण | ० | ० | २.३२ | ९.९५ | ० | १२.२५ | ८८८ |
| अन्य पूर्वाधारको सिभिल कार्य र उपकरण | ० | ० | २.९२ | ० | ० | २.९२ | २१२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सामुदायिक विकास कार्यक्रमको सिभिल कार्य र उपकरण | १.४ | ०.९४ | ०.५८ | ०.१२ | ० | ३.०३ | % |
| जग्गा खरिद | १.२९ | २.९ | ०.०४ | ०.०२ | ० | ४.२६ | ३०९ |
| परामर्श सेवा | २.१ | २.५७ | १.६१ | ०.५८ | २.१७ | ९.०१ | ६५३ |
| आयोजना व्यवस्थापन | ०.४७ | ०.४७ | ०.४७ | ०.४७ | ०.५४ | २.४ | १७४ |
| कुल लागतमध्ये आधार लागत मात्र | ३०.१ | ३९.८५ | ११.०८ | ११.१४ | २.७१ | ९४.८ | ६८७३ |
| भौतिक र वित्तीय भैपरि खर्च | २.८८ | ३.८ | १.०२ | ०.९९ | ०.२१ | ८.९ | ६४५ |
| एशियाली विकास बैंकको सेवा शुल्क | ०.८३ | १.१ | ०.३ | ०.३१ | ०.०७ | २.६१ | १८९ |
| कुल जम्मा | ३३.८१ | ४४.७५ | १२.४ | १२.४४ | २.९९ | १०६.३ | ७७०७ |




यसका अतिरिक्त नगरपालिकाको संस्थागत क्षमता वृद्धि गर्नकोलागि एशियाली विकास वैंकले Cowater Consulting Firm लाई सिधै नियुक्ति गरेको र सो फर्मले मे २, सन् २०१० देखि कार्य सुरु गरी अठार महिनाको अवधिमा कार्य सम्पन्न गर्नेछ ।

### ७.५. ऋण लगानी तथा भुक्तानी तालिकाः

एशियाली विकास वैंकले ८ वर्षको ग्रेस अवधि (Grace Period) समेत गरी जम्मा ३२ वर्षकोलागि ऋण प्रदान गर्नेछ । ऋण वापत ग्रेस अवधिमा १% का दरले व्याज वापतको रकम मूलधनमा जोडिदै जाने छ र वाँकी अवधिमा १.५% ले व्याज हिसाव गरी हुन आउने रकम US$ ८५२६४६ का दरले अर्धबार्षिक रुपमा भुक्तानी गरी १५ जुन, सन् २०३७ सम्ममा चुक्ता गर्नु पर्ने प्रस्ताव गरिएको छ । साथै OFID ले ५ वर्ष ग्रेस अवधि समेत गरी जम्मा २० वर्षकोलागि सह–लगानीकर्ताको रुपमा ऋण प्रदान गर्नेछ । OFID लाई ऋण वापत १% व्याज र १% सेवा शुल्क गरी २% का दरले हुन आउने रकम र सो को साँवा रकम ग्रेस अवधि पश्चात US$ ५६६८६० का दरले अर्धबार्षिक रुपमा भुक्तानी गरी १५ जुलाई, सन् २०३० सम्ममा चुक्ता गर्नु पर्ने प्रावधान छ ।

प्राप्त ऋण रकम मध्ये तोकिए वमोजिमको रकम २–३% का दरले व्याज लिई ८ वर्षको ग्रेस अवधि समेत गरी जम्मा २० देखि २३ वर्षको अवधिकोलागि नगरपालिकालाई नेपाल सरकारले नगर विकास कोष मार्फत सहायक ऋण प्रदान गर्नेछ । उक्त, कोषले ५% का दरले व्याज लिई ५ वर्षको ग्रेस अवधि समेत २० वर्ष अवधिकोलागि नगरपालिकालाई ऋण प्रदान गर्ने छ । त्यसै गरी वाँकी रकम करिव US$ ६२.८५ मिलियन नेपाल सरकारले अनुदानको रुपमा सिधै नगरपालिकालाई प्रदान गर्नेछ ।

### ७.६. आयोजना संचालन तथा कार्यान्वयन गर्ने निकायः

भौतिक योजना तथा निर्माण मन्त्रालयलाई यो आयोजना संचालन गर्ने जिम्मेवारी दिइएको छ, जसले शहरी विकास तथा भवन निर्माण विभागलाई आयोजना संचालन गर्ने अधिकार प्रत्यायोजन गरेको छ । प्राप्त अधिकार बमोजिम विभागले आयोजना समन्वय कार्यालय स्थापना गरी सो कोलागि आयोजना निर्देशक नियुक्त गरेको छ । आयोजना कार्यान्वयन गर्नकोलागि काभ्रे उपत्यका लगायत बाँकी तीनवटै नगरपालिकाहरुमा एक एक गरी जम्मा चारवटा परियोजना कार्यान्वयन इकाई सम्वन्धित नगरपालिकाका मातहतमा रहने गरी स्थापना गरिएको छ ।

एशियाली विकास वैंकले आयोजना संचालनका लागी नगरपालिका छनोट गर्न र त्यहाका जनचाहना अनुरुप उपआयोजना तयार गर्न एक आयोजना तयारी प्राविधिक सहयोगी (PPTA) नियुक्त गरेको थियो। यसले १. विराटनगर २. विरगंज ३. धरान ४. बुटवल ५. धनगढी ६. नेपालगञ्ज ७. सिद्वार्थनगर ८. पोखरा ९. इटहरी १०. विरेन्द्रनगर ११. वाग्लुङ्ग १२. धनकुटा १३. अमरगढी गरी १३ नगरपालिकाको प्रारम्भिक अध्ययन गरेको थियो। ती मध्ये आर्थिक विकासको सम्भावना शहरी सेवा सुविधाको माग र शहरी व्यवस्थापनको आधारमा विराटनगर, विरगंज र वुटवल नगरपालिकालाई छनोट गरेको थियो।

यसका साथै काभ्रे उपत्यका खानेपानी उपआयोजनाको कार्य शहरी तथा वातावरणीय सुधार आयोजना (UEIP) अन्तर्गत विस्तृत डिजाइन प्रतिवेदन तयार भएको छ र यस आयोजना अन्तर्गत कार्यान्वयन गरिने छ।

### ७.७. उपआयोजनाको संक्षिप्त विवरण तथा तिनको औचित्यः

शहरलाई व्यवहारिक एवं जनरुची अनुसारको दीर्घकालिन योजना लागु गरी एक व्यवस्थित शहर स्थापना गर्न सकिन्छ। त्यसैगरी भैरहेको शहर पुनरोत्थान (Rehabilitation) गर्न सकिन्छ। तर नेपालका अधिकाशं शहरमा जनसंख्याको वृद्धिसँगै क्रमिक रुपमा शहरीकरण हुने भएकोले निर्मित सार्वजनिक संरचनामा अत्याधिक मात्रामा चाप पर्न जान्छ र अस्वस्थ्यकर वातावरण सृजना भईरहेको हुन्छ। तसर्थ ती संरचनाको सुधार एवं विस्तार गर्नु वान्छनीय हुन्छ। स्मरण रहोस पछिल्लो चाहि राम्रो विकल्प भने होइन। शहरको वातावरण सुधारकोलागि यो आयोजना अन्तर्गत तपसिल बमोजिमका उप आयोजनाहरु संचालन गरिने छन् :

#### १) बर्षे तथा फोहर मैला ढल (Drainage & Sewerage) प्रणालीमा सुधार

विराटनगर र विरगंज उपनगरपालिकाहरु तराईका समथर भुभागमा अवस्थित हुन। वर्षादको पानी वगि सजिलै निकास हुदैन। त्यसैगरी समग्र योजना विना आफूखुसी ढल निर्माण तथा विकास गर्नाले फोहर पानी निष्काशन गर्न कठिनाइ छ। अर्कोतर्फ फोहरपानीलाई प्रशोधन नै नगरी सार्वजनिक स्थल तथा नदीनालामा विसर्जन गरिने हुँदा सहर प्रदुषित हुदै गइरहेको छ। यसका साथै नियमित रुपमा मर्मत नहुनाले र फौहरमैला जथाभावी फ्याकिनाले पानीनै नवग्ने अवस्थामा ढल प्रणाली पुगेको छ। फलस्वरुप यहँ ाको जनजीवनमा प्रतिकुल असर परेको छ र कष्टकर जीवन यापन भइरहेको छ।

विराटनगरमा शहरको केन्द्रिय भागमा वर्षेढल र फोहर पानीको ढल छुट्टाछुट्टै बग्ने गरी ढल प्रणालीको विकास गरिने छ। यो प्रणालीमा मर्मत संभार तथा संचालन खर्च कम हुनेछ। तर निर्मित संरचनालाई मध्यनजर गरी विरगंज शहरको केन्द्र भागमा भने संयुक्त ढल प्रणालीको नै निर्माण गरिनेछ। फोहरपानीको ढललाई फोहर थिग्रिउने पोखरी (Waste Stabilization Pond) तथा रिडवेड प्रशोधन प्लान्ट (RBTP) को माध्यमवाट सुद्धिकरण गरी विसर्जन गरिने छ।

#### २) सडक तथा लेन (Roads and Lanes) सुधार

ढल निर्माण हुंदाका वखत असर पुगेका सडक तथा लेनलाई पुनः पूर्वाअवस्थामा ल्याउने उद्देश्यले कार्य गरिने छ।

#### ३) फोहरमैला व्यवस्थापनः

विरगंज र वुटवलमा वर्तमान अवस्थामा फोहरमैला सार्वजनिक स्थल तथा नदीनालामा जथाभावि तवरले फ्याकिने गरेको छ। यसले गर्दा पनि जनताको स्वास्थ्यमा प्रतिकुल असर पारेको छ। यस्तो अवस्थालाई निर्मुल पार्न एकीकृत फोहर मैला व्यवस्थापन प्रणालीको विकास गरिनेछ। यसै अनुरुप प्रत्येक नगरपालिकामा छुट्टाछुट्टै Sanitary Landfill Site को निर्माण गरिनेछ। फोहरलाई मोहरको रुपमा प्रतिस्थापन गर्ने प्रयास स्वरुप घरघर (फोहर उत्सर्जन हुने स्थान) मा नै कम्पोष्टिङ्ग, Recycle र पुन प्रयोग गर्न सकिने (३R) खालका फोहरहरु छुट्टाइन्छ। यसरी फोहरको मात्रा घटाइ विर्सजन गरिन्छ। फोहरमैला ढुवानी तथा विसर्जनका लागि आवश्यक पर्ने मेसिनरि औजार तथा ढुवानी साधन आयोजनाले खरिद गरी दिनेछ। तर Compost Plant, Digester तथा Material Recovery Unit यस आयोजनाबाट निर्माण हुने छैन।

#### ४) खानेपानी प्रणालीको विस्तार

काभ्रे उपत्यकाका तीनै नगरपालिका र वुटवल नगरपालिकामा खानेपानीको चरम अभाव छ। यो समस्यालाई समाधान गर्ने उद्देश्यले काभे ्र उपत्यकामा एकिकृत खानेपानी प्रणाली र बुटवलमा खानेपानी संरचना बनाई विस्तार गरिनेछ। बुटवलको अटो गाँउ (Auto village) तीनाहु खोलाको पश्चिम तर्फ पूर्व–पश्चिम राजमार्ग सँगै जोडिएको स्थानमा अवस्थित छ। यहाँ विभिन्न किसिमका गाडी मर्मत, रगंरोगन, वेल्डिङ आदि कार्य गर्ने कारखाना तथा Enterprises स्थापना गरिएका छन्। सार्वजनिक निजि साझेदारीमा सडक, ढल तथा खानेपानी आदि संरचना सुधार गर्ने र फोहरमैला व्यवस्थापन गर्ने कार्य गरिन् ोछ।

**५. सामुदायिक विकास कार्यक्रमः**

विराटनगर, विरगंज र वुटवलका लक्षित समुदाय जस्तै महिला गरीव लगायत समाजका अति संवेदनशील वर्गका मानिसको चाहना अनुरुप सार्वजनिक स्थल तथा विधालयमा सार्वजनिक धारा र शौचालय निर्माण गरिनेछ। त्यसै गरी आयोजना क्षेत्रका मानिसलाई स्वास्थ्य र सरसफाई संवन्धि विषयमा शिक्षा दिइने छ। स्वरोजगारका लागि दक्षता अभिवुद्धि गरिनेछ। तीन आर (3R) संवन्धि शिक्षा दिई फोहरमैला व्यवस्थापन गर्न सक्षम तुल्याइने छ। उक्त कार्य संचालनका लागि स्थानीय NGO हरु नियुक्ती गरिनेछ।

## ८. एकीकृत शहरी विकास आयोजनाको आयोजना तयारी

### ८.१. परिचयः

शहरी तथा वातावरणीय सुधार आयोजनाको कार्यान्वयन र मझौला सहर एकीकृत सहरी वातावरणीय शुधार आयोजनाको कार्यान्वयन सुरुवात पछि एशियाली विकास बैंकको सहयोगमा एकीकृत शहरी विकास आयोजनाकोलागि आयोजना तयारी प्राविधिक सहयोग शुरुवात भएको यस अन्तर्गत धरान, जनकपुर, सिद्धार्थनगर र नेपालगञ्ज नगरपालिकाहरुमा लगानी लक्ष्य रहेको को छ। शहरी सुविधाहरुको प्रभावकारी कार्यान्वयन मार्फत समावेशी आर्थिक विकास गरी शहरी शुसासन गरी जनताको जीवन स्तर उकास्ने कार्यमा यो आयोजना तयारी लागि परेको छ। जनवरी २०११ बाट शुरुवात भएको यो आयोजना तयारी नौ महिना चल्ने छ। यस अन्तर्गत नै भौतिक योजना तथा निर्माण मन्त्रालयमा (Gender equality and social Indian) को अप्रेशनल Guidline समेत रहेको छ।

आयोजना आफै पूर्व तयारीको क्रममा रहेकोले के कस्ता क्षेत्र र के कति लगानी हुने भन्ने बारे आयोजना पूर्व तयारी समाप्त भए पश्चात मात्र जानकारी हुने छ। तर पूर्व तयारीको क्रममा शहरी विकास तथा भवन निर्माण विभाग र एशियाली विकास बैंकले विभिन्न चरणमा यो आयोजना सम्बन्धी छलफल तयारी केन्द्रिय स्तरमा भौतिक योजना तथा निर्माण मन्त्रालय, स्थानीय विकास मन्त्रालय, नगर विकास कोष लगायतका सम्बन्धीत निकायसँग र स्थानी स्तरमा सम्बन्धित नगरपालिकाहरुमा सम्पन्न भैसकेका छन्। तसर्थ यो आयोजना तयारीले आज भन्दा पहिलाका आयोजाना अनुभवहरुलाई समेत विचार गरी आयोजना लक्ष्य प्राप्त गर्न सफल हु ुने विश्वास गर्न सकिन्छ।

## ९. शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतको जनता आवास कार्यक्रम

### ९.१. पृष्ठभूमी

नेपाल सरकारले आर्थिक वर्ष २०६६।०६७ को बजेट वक्तव्यको, बुँदा नं. १६१ मा "जनता आवास कार्यक्रम" अर्न्तगत "सिराहा, सप्तरी र कपिलबस्तुका डोम, मुसहर, चमार,दुसाध, खत्वे, अन्य दलितहरू र विपन्न मुसलमानलाई लक्षित गरी प्रत्येक जिल्लामा एक–एक हजार गरी ३,००० परिवारलाई न्यून लागतमा आधुनिक आवास निर्माण गरी बसोवासको व्यवस्था गर्ने" भन्न् ो उल्लेखित भए अनुरूप शहरी विकास तथा भवन निर्माण विभागको वार्षिक कार्यक्रममा यस कार्यक्रमकोलागि रु ३० करोड विनियोजन गरिएको छ।

उक्त कार्यक्रम कार्यान्वयन गर्ने उद्देश्यले जनता आवास कार्यक्रम कार्यविधि, २०६६ मिति २०६६।११।०५ मा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम स्वीकृत भएको छ।

९.२. **उद्देश्य**

अत्यन्त गरिबीको अवस्थामा रहेका नागरिकहरुको आवासको भौतिक अवस्थामा सुधार गरी स्वस्थ् ा तथा सुरक्षित आवासमा उनीहरूको पहँ ुच बढाउने ।

९.३. **लक्षित वर्ग**

२०६६/०६७ को बजेट वक्तव्यमा उल्लेख भएका सिराहा, सप्तरी र कपिलबस्तु जिल्लामा बसोबास गर्दै आएका डोम, मुसहर, चमार, दुसाध, खत्वे, अन्य दलितहरू (अन्य दलितको हकमा राष्ट्रिय दलित आयोगको दलित जातिय अनुसूची विवरण अनुरूप गन्धर्व, परियार, बादी, विश्वकर्मा, सार्की, कलर, ककैहिया, कोरी खटिक, चिडिमार, तत्मा, धोवी, पत्थरकट्टा, पासी, वाँतर, मेस्तर, सरभङ्ग, परिवार समूहहरु भित्र पर्ने सबै थरहरु) तथा विपन्न मुसलमान समुदायका नेपाली नागरिक ।

९.४. **कार्य क्षेत्र**

सिराहा, सप्तरी र कपिलबस्तु जिल्लाका विभिन्न गाउँ विकास समितिहरु मध्ये पहिलो चरणमा भौतिक योजना तथा निर्माण मन्त्रालयको २०६६/११/०५ को निर्णय अनुसार निम्न १७ वटा गाउँ विकास समितिहरु छनौट गरिएका छन् ।

| सि.न | सिराहा जिल्ला | सप्तरी जिल्ला | कपिलबस्तु जिल्ला |
|---|---|---|---|
| १ | गोविन्दपुर गा.वि.स. | घोघनपुर गा.वि.स. | हरिहरपुर गा.वि.स. |
| २ | भगवतिपुर गा.वि.स. | बथनाह गा.वि.स. | धरमपनिया गा.वि.स. |
| ३ | सारस्वर गा.वि.स. | बरही वीरपुर गा.वि.स. | सोमडिह गा.वि.स. |
| ४ | दुर्गापुर गा.वि.स. | औरही गा.वि.स. | चनई गा.वि.स. |
| ५ | बेतौना गा.वि.स. | कल्याणपुर गा.वि.स. | रामनगर गा.वि.स. |
| ६ | अर्नमा गा.वि.स. | म् ानराज गा.वि.स. | – |
| जम्मा | ६ गा.वि.स. | ६ गा.वि.स. | ५ गा.वि.स. |

९.५. **कार्यक्रम संचालनको संगठनात्मक संरचना**

यो कार्यक्रम भौतिक योजना तथा निर्माण मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका जिल्ला स्थित डिभिजन कार्यालयहरु मार्फत जनता आवास कार्यक्रम कार्यान्वयन इकाई गठन गरी संचालन भईरहेको छ । कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्नकोलागि केन्द्र स्तरमा भौतिक योजना तथा निर्माण मन्त्रालयका माननीय मन्त्रीज्यूको संयोजकत्वमा मन्त्रिपरिषद्मा प्रतिनिधित्व गर्नुहुने दलित समुदायका मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरु सदस्य रहेको केन्द्रीय निर्देशक समिति रहेको छ ।

यसै गरी जिल्लास्तरमा भौतिक योजना तथा निर्माण मन्त्रालयले तोकेको जनप्रतिनिधिको संयोजकत्वमा कार्यक्रमसंग सम्वन्धित जिल्लास्तरीय कार्यालयहरुका अधिकृत प्रतिनिधिहरु तथा संयोजकले तोकिदिएका दलित र विपन्न मुसलमान समुदायको महिला समेतबाट प्रतिनिधित्व रहने एक जिल्लास्तरीय समन्वय समिति रहको छ ।

न्यूनतम १० लाभग्राही परिवार भएको प्रत्येक वस्तीमा

(डोमको हकमा यो लागु हुने छैन) कम्तीमा दुईजना महिला प्रतिनिधि भएको तथा आवास एकाई धनीहरुको भेलाबाट छनौट भएको एक एकाई धनीको संयोजकत्वमा निर्माण समितिहरु गठन गरी निर्माण कार्य गर्ने ब्यवस्था गरिएको छ ।

९.६. **लक्षित बर्गको छनौट कसरी गर्ने**

छनौट भएका गा.वि.स.का लाभग्राहीहरुबाट तोकिएको समयावधी भित्र निवेदन प्राप्त गरिसकेपछि निवेदकहरुको घरआँगनको स्थलगत सर्वेक्षण र तथ्यांक संकलन गरी स्वीकृत लाभग्राही छनौट प्राथमिकीकरणको आधारमा मुल्यांकन गरी जिल्ला स्तरीय समन्वय समितिबाट लक्षित बर्गको छनौट गरिन्छ ।

९.७. **जनता आवास कसरी निर्माण गर्ने**

सम्बन्धित लाभग्राहीले निर्माण कार्यमा सहभागीता जनाउने गरी शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत सम्बन्धित जिल्लाको डिभिजन कार्यालय, जनता आवास कार्यक्रम कार्यान्वयन इकाई कार्यालयको सहयोगमा गठन गरेको लाभग्राहीहरुको निर्माण समितिबाट केन्द्रीय निर्देशक समितिले स्वीकृत गरेको नमूना आवास एकाईको डिजाईन अनुसार आवासको निर्माण गर्ने । डिभिजन कार्यालय र निर्माण समितिवीच सम्झौता गरी निर्माण कार्य अगाडि बढाइने छ ।

**जनता आवास डिजाईन अवधारणा**

- अधिकतम स्थानियस्तरमा उपलव्ध हुने निर्माण सामाग्रीको उपयोग गरिने ।
- स्थानिय क्षेत्रमा उपलव्ध हुने दक्ष, अर्धदक्ष तथा अदक्ष जनशक्तीबाट आवास निर्माण गर्ने ।
- नमूना आवास एकाई निर्माण गर्ने क्रममा लाभग्राहीहरुलाई काममा लगाई स्थानीय रोजगारी तथा सीप विकासमा टेवा पुऱ्याउने
- सामाजिक सद्भाव अभिवृदि गर्दै आफ्नो घर आफै बनाउने परम्परालाई निरन्तरता दिई निर्माण गरिने ।
- लक्षित वर्गहरुले बसोबास गर्दै आएको स्थानमा न्यूनतम ३२४ वर्ग फिट, २१ फिट९ ईन्च लम्बाई, १५ फिट चौडाई र उचाई अधिकतम ९ फिट देखी न्यूनतम ७ फिट ६ इन्च भएको, दुईपारवे , दुई कोठा तथा ५ फिट चौडाई भएको भान्सा सहितको बरण्डा रहेको एक आवासको निर्माण गर्ने ।
- सिमेन्ट वालुवाको जोडाईमा स्थानियस्तरमा उपलव्ध हुने ईटाको प्रयोग बाट २ फिट गहिराई र १८ इन्च चौडाई भएको जगको निर्माण गर्ने ।
- सिमेन्ट वालुवाको जोडाईमा स्थानियस्तरमा उपलव्ध हुने ईटाको प्रयोग गरी घरको पर्वाल निर्माण गर्ने ।
- दुई कोठाको बीचको पार्टिसनवाल बाँसको टाटीमा दुबै तर्फ माटोको प्लास्टर लगाई निर्माण गर्ने ।
- बाँसको फ्रेममा सादा जस्तापाता एकातर्फ ठोकी झ्याल तथा ढोका निर्माण गरिने छ ।
- बाँसको डाँडा भाटा (Rafter & purlin) मा २६ गेज मिडियम जस्तापाताको छाना छाउने ।



अगाडिको मोहडा




प्लान
घरको क्षेत्रफलः–३२४.६७ ब.फि.




सेक्सन क–क

आर्थिक बर्ष २०६६/०६७ को प्रगति विवरण

| सि.नं | भुक्तानीको अवस्था | कपिलबस्तु आवास संख्या (गोटा) | सिरहा आवास संख्या (गोटा) | सप्तरी आवास संख्या (गोटा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | निर्माण कार्य शुरु भएको । | ४२६ | ८४७ | ९९९ | |
| २ | जग सम्म मात्र कार्य सम्पन्न भएको | २ | ० | ० | |
| ३ | प्लीन्थ सम्म मात्र कार्य सम्पन्न भएको | १९६ | ९७ | ० | |
| ४ | सिल लेभल सम्म मात्र कार्य सम्पन्न भएको । | ९४ | १४२ | ० | |
| ५ | लिन्टल लेभल सम्म मात्र निर्माण सम्पन्न भएको । | ७५ | २८७ | ० | |
| ६ | गारो निर्माण कार्य मात्र सम्पन्न भएको | ४९ | २०१ | ० | |
| ७ | छाना लगाउने कार्य सम्पन्न भएको | १० | ० | ४९८ | |
| ८ | झ्याल ढोका छाना सहित सम्पुर्ण निर्माण सम्पन्न भएको । | ० | १२० | ५०१ | |
| | जम्मा | ४२६ | ८४७ | ९९९ | |
| | जम्मा खर्च भएको रकम | २४,४४८,९१४ | ७८,२१८,८८९ | १५०,९८५,३२० | |
| | कुल आवास संख्या (गोटा) | २२७२ | | | |
| | कुल जम्मा खर्च भएको रकम | २५३,६५३,१२३ | | | |

## १०. पुन निर्माण एकाई

शान्ति तथा पुननिर्माण मन्त्रालयको पुनःनिर्माण तथा पुनस्थापना कार्यक्रम अन्तर्गत द्वन्दकालमा क्षतिग्रस्त भएका सरकारी तथा सार्वजनिक भवनहरुको पुननिर्माण गर्ने कार्य सञ्चालन गर्न विभागमा एक पुननिर्माण एकाई गठन गरिएको छ । हाल बैदेशिक सहयोग समन्वय शाखाका कर्मचारी तथा थप करारमा कार्यरत कर्मचारीबाट एकाईको काम कारवाही भै रहेको छ । आ.व. २०६३–६४ देखि आ.व. २०६५/६६ सम्म कुल २०६ योजना समपन्न गरिएका छन् भने आ.व. २०६६/६७ मा थप ८४ आयोजना सम्पन्न भै सम्पन्न आयोजनाको संख्या २९० पुगेको छ । आ.व. २०६७/६८ मा १३१ आयोजना क्रमागत रहेका छन् । हाल सम्म १ अर्ब ७५ करोड ७ लाख रुपैया भवन निर्माण, मर्मत तथा विस्तार कार्यमा खर्च भएको छ ।

## ११. स्वास्थ्य भवन निर्माण इकाई

### ११.१. परिचयः

- नेपाल सरकार (तत्काली श्री ५ को सरकार) मिति २०६१।९।२ को मन्त्री परिषदको निर्णयानुसार, भौतिक योजना तथा निर्माण मन्त्रालय तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवीचको सहमतिमा स्वास्थ्य सम्वन्धी १० लाख भन्दा बढी लागतको कार्यक्रमहरु यस शहरी विकास तथा भवन निर्माण विभागबाट सम्पन्न गराउने लक्ष्य अनुरुप यस विभाग अन्तर्गत स्वास्थ्य भवन निर्माण इकाई गठन गरी कार्य प्रारम्भ भएको ।
- स्वाथ्य भवन निर्माण सम्वन्धी कार्यक्रम आ.व. २०६१।६२ देखि शुरु भै हालसम्म निरन्तर रुपमा चालु रहेको ।
- यस कार्यक्रमकोलागि विभाग र मातहत रहेका जिल्ला स्थित २४ डिभिजन कार्यालयहरुबाट स्वास्थ्य भवन निर्माण सम्वन्धी मर्मत, पुननिर्माण र नयाँ निर्माण कार्यहरु चालु रहेको ।
- यस कार्यक्रमकोलागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतका विभिन्न दातृ निकायहरु जस्तै डि.एफ.आई.डि., आई.डि.ए., संयुक्त दाताकोष (नगद तथा ऋण), गाभी आदि बाट प्राप्त आर्थिक स्रोत सहितको बजेट खर्च गर्न यस विभागलाई अख्तियारी प्राप्त भएको ।

### ११.२. उद्देश्यः

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको विभिन्न पूर्वाधार निर्माण अन्तर्गतको भवन निर्माण, भवन मर्मत सम्भार बजेट विगत आ.व. २०६१/०६२ देखि चालु आ.व. सम्ममा यस विभागलाई खर्च गर्न अख्तियारी प्राप्त हुने र निर्माण गरिने स्वास्थ्य संस्थाहरुको सूची स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाबाट प्राप्त हुने आधारमा यस विभागबाट कार्यक्रम तयार पारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट कार्यक्रम स्वीकृत गराई विभाग तथा मातहत कार्यालयहरुमा अख्तियारी जारी गरी खर्च गर्ने गरिए अनुसार तपशिल समूहहरुको निर्माण कार्य गरिएको छ ।

- आयुर्वेद स्वास्थ्य केन्द्र/ स्वास्थ्य चौकी / औषाधालय भवन निर्माण
- बर्थिङ सेन्टरमा अ.न.मी.क्वाटर भवन निर्माण
- वी.ई.ओ.सी./ सी.ई.ओ.सी. भवन निर्माण
- कार्यालय/तालिम केन्द्र/स्टोर भवन निर्माण
- सी.ए.सी. (मेजर/माइनर) भवन निर्माण
- स्वास्थ्य चौकी भवन निर्माण
- अस्पताल निर्माण (जिल्ला/अंचल/क्षेत्रीय)/तला थप
- अस्पताल निर्माण (जिल्ला/अंचल/क्षेत्रीय)/तला थप (व्लक)
- अस्पताल पुन निर्माण (मर्मत)
- स्वा.चौकी /प्रा.स्वा.केन्द्र भवनमा प्रशुती कोठा थप
- जिल्ला अस्पतालमा १२०० व.फि.को प्रशुती प्रतिक्षालय निर्माण
- पोष्ट मार्टम घर भवन निर्माण
- प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण / मर्मत
- जनस्वास्थ्य कार्यालय भवन निर्माण/ पुन निर्माण/ मर्मत
- स्टाफ/नर्स/डा.क्वार्टर भवन निर्माण
- रिटेनिङ वाल (भवन) निर्माण
- वी.ई.ओ.सी./सी.ई.ओ.सी. तालिम केन्द्र भवन निर्माण
- स्वास्थ्य चौकी भवन निर्माण (सव.हे.पो.लाई स्तर वृद्धि गरी स्वा.चौकी भवन निर्माण)

साथै विभिन्न आ.व.हरुमा निम्न अनुसार बजेट उपशिर्षकहरुमा खर्च गर्ने अख्तियारी प्राप्न हुने गरेका छ ।

७०-४-६२० =. अस्पताल निर्माण तथा व्यवस्थापन सूचना प्रणाली
७०-४-७५६ = विविध कार्यक्रम आयुर्वेद विभाग
७०-४-३०३ = शुक्रराज अस्पताल
७०-४-८५५ =. एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम
७०-४-६५० = राष्ट्रिय स्वास्थ शिक्षा, सूचना तथा संचार

७०-४-६९० = औषधि व्यवस्था विभाग

७०-४-७६८ = अनुगमन मूल्याङ्कन तथा योजना सुदृढीकरण

### १२. शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका डिभिजन कार्यलयहरु

देशभरका सरकारी भवन निर्माण तथा मर्मत सम्भारका साथै शहरी विकास कार्यक्रम तर्जुमा र कार्यान्वयन समेत गर्ने कार्यका लागि यस विभागअन्तर्गत ४ वटा "क" वर्गका कार्यालय जसको डिभिजन प्रमुखमा रा.प.प्र. श्रेणीका प्राविधिक रहने, १५ वटा 'ख' वर्गका डिभिजन कार्यालयहरु जसको डिभिजन प्रमुखमा रा.प.द्वि श्रेणीका प्राविधिक रहने र ५ वटा 'ग' वर्गका डिभिजन कार्यालय जसको डिभिजन प्रमभुखमा रा.प.द्वि श्रेणीका प्राविधिक रहने गरी जम्मा २४ वटा डिभिजन कार्यालयहरु रहेका छन् ।

यी डिभिजन कार्यालयहरुबाट सरकारी भवन निर्माण तथा मर्मत सम्भार तथा शहरी विकास सम्बन्धी कार्यहरु दुई प्रकारका स्रोतहरुबाट प्राप्त कार्यक्रमअनुसार गर्ने गरिन्छ ।

**पहिलो स्रोतः** शहरी विकास तथा भवन निर्माण विभागको बार्षिक कार्यक्रममा परेका सरकारी भवन निर्माण तथा मर्मत सम्भारसम्बन्धी कार्य तथा शहरी विकास सम्बन्ध् ी कार्यहरु

**दोस्रोत स्रोतः** सम्बद्ध कार्यालयका तालुकवाला मन्त्रालय अथवा विभागको बार्षिक कार्यक्रममा परेका सम्बद्ध सरकारी कार्यालय भवन निमाण तथा मर्मत सम्बन्धी कार्यहरु तथा स्थानीय निकाय वा उपभोक्त समूहहरुमार्फत अनुरोध गरिएका स्थानीय निकायकै स्रोत उपभोग गरी सञ्चालन गरिने भवन निर्माण सम्बन्धी कार्यहरु तथा शहरी विकास सम्बन्धी कार्यहरुः

यसरी सरकारी भवन निर्माण तथा मर्मत सम्भार र शहरी विकास सम्बन्धी कार्यहरु विभागले तोकेको मापदण्ड तथा संहिताअनुरुप कार्यान्वयन गर्ने जिम्मेवारी सम्बद्ध डिभिजन कार्यालयको हुन्छ तर उपभोक्ता समूहको संलग्नतामा भएका कार्यहरुको हकमा उपभोक्ता समूहले गरेका कार्यको जिम्मेवारी उपभोक्ता समूहको नै हुनेछ ।

#### १२.१. डिभिजन कार्यालय धनकुटाः

आ.व. २०६६/६७ मा डिभिजन कार्यालय धनकुटाबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट रु. हजारमा | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १ | ४८–४–७५१ | साना शहरी विकासबाट ग्रामीण विकास | ६०० | १०० | ९६.३ |
| २ | ४८–४–१७२ | सरकारी भवन मर्मत सम्भार | ३२५० | १०० | ९४.९० |
| ३ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | ४७९० | १००.०० | ५८.२० |
| ४ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | १६ | १००.०० | १०० |
| ५ | ४८–३–७६८ | भवन निर्माण संहिता | १६३ | १०० | १०० |
| ६ | ६२–४–२१० | पुनः निर्मण तथा पुनः स्थापना | ४६३८४ | ८०.०० | ७०.२ |
| ७ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | १२२१८४ | ९२.२० | ९०.२९ |
| ८. | ६२–३–२१० | पुनः निर्माण तथा पुनः स्थापना | २३२००० | १००.०० | १०० |
| ९. | ४८–३/४–७७० | नमुना एकीकृत वस्ती विकास कार्यक्रम | १७००० | १०० | ४३.९६ |
| १०. | ४८–४–७५८ | विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना | ६५० | १०० | ९६.०० |

#### १२.२. डिभिजन कार्यालय काठमाडौ

आ.व. २०६६ । ०६७ मा डिभिजन कार्यालय काठमाडौंबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ४८–४–७५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र | ६९५० | ९६ | ९३.३० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अध्ययन | | | |
| २ | ४८–४–७५१ | साना शहर विकासबाट ग्रामीण विकास | ६९०० | १०० | ९९.३३ |
| ३ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | २०४२८ | ९४.६८ | ९०.१० |

१२.३. **डिभिजन कार्यलय, कास्की**

आ.व. २०६६/०६७ मा डिभिजन कार्यालय कास्कीबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट रु. हजारमा | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १ | ४८–४–७५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन | १९०० | ८०.०० | ७८.१४ |
| २ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | ३२४८० | ९९.०० | ९२.०६ |
| ३ | ४८–४–७६८ | सरकारी भवन निर्माण | १००० | १००.०० | १०० |
| ४ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | ९६७६७ | १००.०० | ९७.०२ |
| ५ | ७०–४–७५६ | आयुर्वेदिक (विविध कार्यक्रम) | ११०८१ | १००.०० | ९७.१० |
| ६ | ६२–४–२१० | पुनः निर्माण तथा पुनः स्थापना | २५५६१ | १००.०० | ९७.५१ |
| ७ | ४८–४–१७२ | सरकारी भवन मर्मत तथा सुधार | २८०० | १००.०० | ९७.२३ |
| ८ | ४८–४–७५१ | साना शहर विकासबाट ग्रामीण विकास | ४०० | १००.०० | ९८.२५ |
| ९ | ४८–३–७६८ | भवन निर्माण संहिता तथा सरकारी भवन निर्माण | २८१ | १००.०० | ८९.६८ |
| १० | ४८–३–७६३ | सघन शहरी विकास कार्यक्रम | १५ | १००.०० | १००.०० |

१२.४. **डिभिजन कार्यालय, सुर्खेत**

आ.व. २०६६।०६७ मा डिभिजन कार्यालय सुर्खेतबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट रु. हजारमा | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १ | ४८–४–१७२ | सरकारी भवन मर्मत सम्भार | २८०० | १००.०० | १००.०० |
| २ | ४८–३–७६८ | सरकारी भवन निर्माण | १५३ | १००.०० | १००.०० |
| ३ | ४८–३–७५१ | साना शहर बजार विकासबाट ग्रामिण विकास | ३०० | ९७.७६ | १००.०० |
| ४ | ४८–३/४–७६३ | सघन शहरी विकास कार्यक्रम | ३२००० | ४६.७८ | ३६.७२ |
| ५ | ४८–३–७६३ | सघन शहरी विकास कार्यक्रम | १६ | १०० | १०० |
| ६ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | १२९८३५ | ७०.०० | ६७.०४ |
| ७ | ७०–४–७५६ | विविध कार्यक्रम (आयुर्वेद विभाग) | ६२६६ | १००.०० | १००.०० |
| ८ | ६२–४–२१० | पुनःनिर्माण तथा पुनःस्थापना कार्यक्रम | ४३६९७ | ७५.३० | ६८.८८ |
| ९ | ४८–३/४–७७० | नमूना एकीकृत वस्ती विकास | १०००० | ३०.०० | १८.०० |

१२.५. **डिभिजन कार्यालय, इलाम**

आ.व. २०६६।०६७ मा डिभिजन कार्यालय इलामबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट रु. हजारमा | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १ | ४८–४–१७२ | सार्वजनिक मर्मत सुधार/सरकारी भवन मर्मत | २७३८ | १००.०० | १००.०० |
| २ | ४८–४–१५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन | ४५५० | १००.०० | ८७.६० |
| ३ | ४८–३–७५१ | साना शहर बजार विकासबाट ग्रामीण विकास | ३७५० | १००.०० | ८९.७२ |

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| ४ | ४८–३/–७६३ | सघन शहरी विकास कार्यक्रम | ८ | १००.०० | १००.०० |
| ५ | ४८–३–७६८ | भवन निर्माण संहिता/सरकारी भवन निर्माण | ८४५ | १०० | ६२.०० |
| ६ | ४८–४–७७० | नमूना एकीकृत बस्ती विकास | १००० | ३०.२६ | १.८ |
| ७ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | ११३८९३ | ९५.०० | ९०.२३ |
| ८ | ६२–४–२१० | पुनः निर्माण तथा पुनःस्थापना | ४३६०० | ७०.०० | ७१.०० |
| ९ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | ६७०० | ६७.७४ | ३६.८२ |

१२.६. **डिभिजन कार्यालय, मोरङ**

आ.व. २०६६ । ०६७ मा डिभिजन कार्यालय मोरङ्गबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ४८–४–७५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन | ११२५० | १००.०० | ६६.१ |
| २ | ४८–४–७६८ | भवन निर्माण संहिता/सरकारी भवन निर्माण | ७७७१ | ९८.२० | ९२.१३ |
| ३ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | ७१६६४ | ८०.२० | ७८.५५ |
| ४ | ४८–४–७५१ | साना शहर विकासबाट ग्रामीण विकास | ४६०० | १००.०० | ९८.५४ |
| ५ | ४८–४–१७२ | सरकारी भवन मर्मत | ५५७१ | १००.०० | ९६.०० |
| ६ | ४८–४–७६९ | विराटनगर चक्रपथ विकास आयोजना | १२७१२ | ६२.०० | ३५.०० |
| ७ | ४८–४–७५८ | विषेश भौतिक तथा पूर्वाधार क्षेत्रविकास | ८३४२ | १००.०० | ९५.२७ |
| ८ | ४८–४–७५३ | एकीकृत कायमूलक योजना | २०५६ | ८० | ४२.०० |
| ९ | ६२–४–२१० | पुनःनिर्माण तथा पुनःस्थापना कार्यक्रम | ७८६९ | १००.०० | ९५.१२ |
| १० | ४८–४–७९३ | सघन शहरी विकास कार्यक्रम | ७२५७६ | ८९.०० | ६०.५० |

१२.७. **डिभिजन कार्यालय, सप्तरी**

आ.व. २०६६/०६७ मा डिभिजन कार्यालय सप्तरीबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ६४–४–२१० | पुनःनिर्माण तथा पुनःस्थापना | १४६५० | ९०.०० | ७५ |
| २ | ७०–४–७५६ | आयुर्वेद स्वास्थ्य तर्फ | १४०० | १००.०० | १००.०० |
| ३ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | १३९०३९ | ८५.०५ | ८२.०६ |
| ४ | ४८–४–७५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन | ३५०० | १००.०० | १००.०० |
| ५ | ४८–४–७५१ | साना शहर बजार विकासबाट ग्रामिण विकास | ३५०० | १००.०० | १००.०० |
| ६ | ४८–४–१७२ | सरकारी भवन मर्मत संभार | २६०० | १००.० | १००.०० |
| ७ | ४८–४–७६३ | शहर विकास आयोजना | ७७० | १००.०० | १००.०० |
| ८ | ४८–४–७६८ | भवन निर्माण संहिता तथा सरकारी भवन निर्माण | ७५०० | ६२.०० | ६२.०० |
| ९ | ४८–३–७६८ | भवन निर्माण संहिता तथा सरकारी भवन निर्माण | २९८.५ | १००.०० | १००.०० |
| १० | ४८–४–७७० | नमुना एकीकृत विकास कार्यक्रम | २५२४० | ९२.३३ | ९२.३३ |

१२.८. **डिभिजन कार्यालय, धनुषा**

आ.व. २०६६ । ०६७ मा डिभिजन कार्यालय धनुषाबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ४८–४–१७२ | सरकारी भवन मर्मत संभार | ३००० | १००.०० | १००.०० |
| २ | ४८–४–७५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन | ७७०० | ९१.३३ | ९१.१४ |
| ३ | ४८–४–७५१ | साना शहर बजार विकासबाट ग्रामिण विकास | ३९०० | ८०.३६ | ७८.२२ |
| ४ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | १२९०० | १००.०० | १००.०० |
| ५ | ४८–४–७६८ | भवन निर्माण संहिता तथा सरकारी भवन निर्माण | ३००० | ८९.५७ | ७०.०० |
| ६ | ४८–४–७७० | नमुना एकीकृत बस्ती विकास कार्यक्रम | १३००० | १००.० | १००.०० |
| ७ | ६२–४–२१० | पुनःनिर्माण तथा पुनःस्थापना कार्यक्रम | २४४२४ | ८८.३१ | ६०.०० |
| ८ | ४८–४–७५८ | विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास | ३१०० | ९५.५६ | ९२.०० |
| ९. | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | १४०२१६ | ९०.०० | ८४.२४ |
| १०. | ७०–४–७५६ | विविध कार्यक्रम (आयुर्वेद विभाग) | १७५२ | ७०.५ | ६५.४० |

१२.९. **डिभिजन कार्यालय, काभ्रे**

आ.व. २०६६ । ०६७ मा डिभिजन कार्यालय काभ्रेबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिकप्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ४८–४–१७२ | सरकारी भवन मर्मत संभार | ३०५५ | ९३.६८ | ९५.२९ |
| २ | ४८–४–७५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन | २७९१ | ८९.५८ | ८२.०८ |
| ३ | ४८–४–७६८ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | १९५० | १००.० | ९९.०७ |
| ४ | ४८–४–७५१ | साना शहर बजार विकासबाट ग्रामिण विकास | ३२६४ | ८१.२५ | ७८.५३ |
| ५ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | १८०३३ | ५८.०५ | ४९.२५ |
| ६ | ६२–४–२१० | पुनःनिर्माण तथा पुनःस्थापना कार्यक्रम | ८१९१२ | ७४.४४ | ८२.१३ |
| ७ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्याक्रम | १२३३०२ | ८२.०० | ७९.०७ |
| ८ | ७०–४–७५६ | विविध कार्यक्रम (आयुर्वेद) | ८५.७१ | ७५.५० | ७०.६७ |
| ९ | ४८–४–७७० | नमुना एकीकृत बस्ती विकास कार्यक्रम | ७३०० | १००.०० | ९९.३९ |
| १० | ६२–३–२१० | पुनः निर्माण तथा पुनःस्थापना कार्यक्रम | ३४६० | १००.०० | १००.०० |
| ११ | ४८–३–७६३ | सघन शहरी विकास कार्यक्रम | १६ | १००.०० | १००.०० |
| १२ | ४८–३–७६८ | भवन निर्माण तथा सरकारी भवन डिभिजन कार्यालय | २८१ | १००.०० | ८६.८३ |
| १३ | ४८–४–७५८ | विशेष भौतिक तथा पूर्वाधार विकास क्षेत्र | ३३३७ | ९७.१८ | ९०.२९ |

### १२.१०. डिभिजन कार्यालय, नुवाकोट

आ.व. २०६६ । ०६७ मा डिभिजन कार्यालय नुवाकोटबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ४८–४–१७२ | सरकारी भवन मर्मत संभार | २५०० | १००.०० | १००.०० |
| २ | ४८–४–७५१ | साना शहर बजार विकासबाट ग्रामिण विकास | १२०० | १००.० | १००.०० |
| ३ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | १०,००० | १०० | १०० |
| ४ | ४८–३–४–७७० | नमुना एकीकृत बस्ती विकास कार्यक्रम | ६००० | १००.०० | १००.०० |
| ५ | ६२–४–२१० | पुनःनिर्माण तथा पुनःस्थापना कार्यक्रम | २०५०० | ९० | ८८.४५ |
| ७ | ७०–४–७५६ | विविध कार्यक्रम (आयुर्वेद) | २०२९ | १०० | ९८.१६ |
| ८ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्याक्रम | ४९५६३ | १०० | ९३.७० |
| ९ | ४८–३/४–७६८ | सघन शहरी विकास कार्यक्रम | १२४४ | १००.०० | ९९.१ |
| १० | ४८–४–७५८ | विशेष भौतिक तथा पूर्वाधार विकास क्षेत्र | २२५ | १००.०० | १००.०० |
| ११ | ४८–४–७५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन कार्यक्रम | ३५० | १००.०० | १००.०० |

### १२.११. डिभिजन कार्यालय, पर्सा

आ.व. २०६६ । ०६७ मा डिभिजन कार्यालय पसार्सबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ४८–४–७५१ | साना शहर बजार विकासबाट ग्रामिण विकास | ४९६५ | ८८.०७ | ४६.७८ |
| २ | ४८–४–७५८ | विशेष भौतिक तथा पूर्वाधार विकास क्षेत्र | ६५७५ | ९३.९३ | ८७.१६ |
| ३ | ४८–४–१७२ | सरकारी भवन मर्मत संभार | १९५५ | १००.० | १००.०० |
| ४ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | ४७०० | १०० | ९०.१६ |
| ५ | ४८–४–७५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन | ४२५० | ७६.१४ | १४.९१ |
| ६ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्याक्रम | १५९९०३ | ८७.७६ | ९७.२६ |
| ७ | ६२–४–२१० | पुनःनिर्माण तथा पुनःस्थापना कार्यक्रम | ३०३६० | ७० | ७० |
| ८ | ४८–४–७७० | नमुना एकीकृत बस्ती विकास कार्यक्रम | १००० | १००.०० | ९५.०० |
| ९ | ४८–३–७६८ | भवन निर्माण संहिता तथा सरकारी भवन निर्माण | १६२ | १००.०० | १००.०० |

### १२.१२. डिभिजन कार्यालय, चितवन

आ.व. २०६६ । ०६७ मा डिभिजन कार्यालय चितवनबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | ३००० | ८५.०० | ५०.०० |
| २ | ४८–४–१७२ | सरकारी भवन मर्मत सुधार | १८५० | १००.० | १००.० |
| ३ | ४८–४–७५१ | साना शहर बजार विकासबाट ग्रामिण विकास | १७७० | ९६.६६ | ९०.६८ |

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| ४ | ४८–४–७५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन | २१०० | १००.० | १००.० |
| ५ | ४८–३–४–७७० | नमुना एकीकृत बस्ती विकास | ५००० | १००.० | १००.० |
| ६ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्याक्रम | ५८४०९ | ८७.७१ | ८२.७१ |
| ७ | ७०–४–७५६ | विविध कार्यक्रम (आयुर्वेद विभाग) | ११५० | २५.०० | १००.० |
| ८ | ६२–४–२१० | पुनःनिर्माण तथा पुनःस्थापना कार्यक्रम | ७००० | ५०.०० | ५०.०० |

१२.१३. **डिभिजन कार्यालय, गोरखा**

आ.व. २०६६।०६७ मा डिभिजन कार्यालय गोरखाबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ४८–४–१७२ | सरकारी भवन मर्मत संभार | २६५० | १००.० | ९६.०० |
| २ | ६२–४–२१० | पुनःनिर्माण तथा पुनःस्थापना कार्यक्रम | ५२१९९ | ७५.० | ७०.० |
| ३ | ४८–४–७५१ | साना शहर बजार विकासबाट ग्रामिण विकास | १७०० | १००.०० | ८५.०० |
| ४ | ७०–४–७५६ | विविध कार्यक्रम (आयुर्वेद विभाग) | ७२३२ | १००.०० | ९२.१९ |
| ५ | ४८–४–७६८ | भवन निर्माण संहिता सरकारी भवन निर्माण | ५००० | ७०.०० | ५८.० |
| ६ | ४८–३–४–७७० | नमुना एकीकृत बस्ती विकास | ४००० | १००.०० | ९७.०० |
| ७ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्याक्रम | ९२४९४ | ९५.०० | ८५.४८ |
| ८ | ४८–४–७५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन | १२५० | ८३.०० | ८१.०० |
| ९ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | ५००० | ७५.० | ४५.० |
| १० | ४८–४–७५८ | विशेष भौतिक तथा पूर्वाधार विकास क्षेत्र | ४७५ | ५४ | ५३ |

१२.१४. **डिभिजन कार्यालय, बाग्लुङ्ग**

आ.व. २०६६।०६७ मा डिभिजन कार्यालय बाग्लुङ्गबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ४८–४–७६८ | भवन निर्माण संहिता सरकारी भवन निर्माण | २००० | १००.० | १००.० |
| २ | ४८–४–१७२ | सरकारी भवन मर्मत संभार | २१५० | १०० | ९८.९१ |
| ३ | ४८–३–४–७७० | नमुना एकीकृत बस्ती विकास | १०००० | ६१.९६ | ६१.१५ |
| ४ | ४८–४–७५१ | साना शहर बजार विकासबाट ग्रामिण विकास | ४०० | १००.० | ९५.८५ |
| ५ | ४८–४–७५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन | ११५० | १०० | १००.०० |
| ६ | ४८–४–७५८ | विशेष भौतिक तथा पूर्वाधार विकास क्षेत्र | १७५ | १००.०० | १००.०० |
| ७ | ६२–४–२१० | पुनःनिर्माण तथा पुनःस्थापना कार्यक्रम | १००५५ | ६३.०४ | ९२.५९ |
| ८ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्याक्रम | ७११३८ | ९६.१४ | ९४.७४ |

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| ९ | ७०–४–७५६ | विविध कार्यक्रम (आयुर्वेद विभाग) | ३८२० | ५०.०० | ४५.३६ |

१२.१५. **डिभिजन कार्यालय, पाल्पा**

आ.व. २०६६।०६७ मा डिभिजन कार्यालय पाल्पाबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ४८–४–१७२ | सरकारी भवन मर्मत संभार | १८५० | १००.० | ९८.०० |
| २ | ४८–४–७५१ | साना शहर बजार विकासबाट ग्रामिण विकास | १६०० | १०० | १००.० |
| ३ | ४८–४–७५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन | १०५० | १००.० | ९९.०० |
| ४ | ४८–४–७६८ | भवन निर्माण संहिता सरकारी भवन निर्माण | ५००० | १००.० | ९८.५० |
| ५ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | ४००० | ९०.० | ७५.०० |
| ६ | ६२–४–२१० | पुनःनिर्माण तथा पुनःस्थापना कार्यक्रम | २८५०० | ८९.०० | ७५.०० |
| ७ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्याक्रम | ५४२१७ | १००.०० | ९९.०० |
| ८ | ७०–४–७५६ | विविध कार्यक्रम (आयुर्वेद विभाग) | २७४३ | १००.० | ९९.९७ |

१२.१६. **डिभिजन कार्यालय, रुपन्देही**

आ.व. २०६६।०६७ मा डिभिजन कार्यालय रुपन्देहीबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्याक्रम | ६६२९६ | ९०.०० | ८२.१० |
| २ | ४८–३–४–७७० | नमुना एकीकृत बस्ती विकास कार्यक्रम | ५०६०० | १०० | ९४.०७ |
| ३ | ७०–४–७५६ | विविध कार्यक्रम (आयुर्वेद विभाग) | २०९४ | १००.०० | ९९.७२ |
| ४ | ६२–४–२१० | पुनःनिर्माण तथा पुनःस्थापना कार्यक्रम | ४८६२६ | १००.० | ६५.३७ |
| ५ | ४८–४–१७२ | सरकारी भवन मर्मत संभार | २४७० | १००.०० | ९९.२७१ |
| ६ | ४८–४–७६८ | भवन निर्माण संहिता सरकारी भवन निर्माण | ३००० | १००.०० | ९९.९८ |
| ७ | ४८–३/४–७५१ | साना शहर विकासबाट ग्रामिण विकास | १०५० | १००.०० | ९०.८७ |
| ८ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | २००० | १००.०० | ४८.६२ |

१२.१७. **डिभिजन कार्यालय, दाङ**

आ.व. २०६६।०६७ मा डिभिजन कार्यालय दाङबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | ८१०० | ९७.९७ | ९४.६७ |
| २ | ४८–४–७५१ | साना शहर बजार विकासबाट ग्रामीण विकास | ३०० | १०० | ९३.३२ |
| ३ | ४८–४–७६८ | सरकारी भवन निर्माण | १४०० | १००.० | १०० |
| ४ | ४८–४–७७० | नमूना एकीकृत वस्ती विकास | ३००० | ९०.०० | ८४.५९ |
| ५ | ४८–४–१७२ | सरकारी भवन मर्मत संभार | १९२५ | १००.०० | ९९.९६ |
| ६ | ४८–४–२१० | पुनः निर्माण पुनः स्थापना | ८५५० | ८४.०० | ७२.१३ |
| ७ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्याक्रम | ५३७०५ | १००.०० | ९८.८७ |

१२.१८. **डिभिजन कार्यालय, बाँके**

आ.व. २०६६।०६७ मा डिभिजन कार्यालय बाँकेबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | ६५०० | ९०.०० | ६६.०० |
| २ | ४८–४–१७२ | शहरी भवन मर्मत सम्भार | २१५० | १००.०० | ९६.८३ |
| ३ | ४८–४–७५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन | ६०० | | |
| ४ | ४८–४–७६८ | सरकारी भवन निर्माण | २१०० | १००.०० | ९२.०० |
| ५ | ४८–४–७५१ | साना शहर बजार विकासबाट ग्रामिण विकास | ७०० | १००.० | ९४.०० |
| ६ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | ६१८६९ | ९५.०० | ७७.२८ |
| ७ | ६२–४–२१० | पुनःनिर्माण तथा पुनःस्थापना | २१८८२ | ९९.०० | ७२.८३ |
| ८ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्याक्रम | ६६२९६ | ९०.०० | ८२.१० |
| ९ | ७०–४–७५६ | विविध कार्यक्रम (आयुर्वेद विभाग) | २२९६ | १००.०० | ९६.७३ |

१२.१९. **डिभिजन कार्यालय, कैलाली**

आ.व. २०६६।०६७ मा डिभिजन कार्यालय कैलालीबाट सञ्चालित कार्यक्रमहरुको प्रगति विवरणः

| क्र.स | ब.उ.शि.नं | कार्यक्रम | विनियोजित बजेट | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | रु. हजारमा | भौतिक | वित्तिय |
| १ | ७०–४–८५५ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | ५३५६६ | १००.०० | ९२.६३ |
| २ | ४८–४–७६३ | सघन शहरी विकास कार्यक्रम | ३५५४३ | ९३.२० | ८१.०० |
| ३ | ६२–४–२१० | पुनःनिर्माण तथा पुनःस्थापना | ४६००० | ९०.०० | ८६.०० |
| ४ | ४८–४–१७२ | सरकारी भवन मर्मत सम्भार | २१०० | १००.०० | १००.०० |
| ५ | ४८–४–७५१ | साना शहर बजार विकासबाट ग्रामिण विकास | ४५० | १००.०० | १००.०० |
| ६ | ४८–४–७५८ | विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास | १०७५ | १००.०० | १००.०० |
